बाह्रविसे नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाह्रविसे, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

# 2082

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं. :२०८१/२०८२
च.नं. :

**शुभकामना**

बाह्रविसे नगरपालिका भूकम्प, पहिरो, बाढी, सडक दुर्घटना, आगलागी, जनावर आतङ्क, महामारी, चट्याङ, विद्युतीय दुर्घटना, हावाहुरी जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्को जोखिममा रहेको छ। विभिन्न कारणबाट नगरपालिका क्षेत्रमा विपद् जोखिमका घटना प्रत्येक वर्ष दोहोरिइरहेका छन् र बर्सेनि जनधनको क्षति ब्यहोर्नु परिरहेको छ। नगरपालिकामा एकातर्फ बहु-विपद् जोखिम सम्बन्धी यथेष्ठ सूचनाको कमी रहेको छ भने अर्को तर्फ विपद् व्यवस्थापनको लागि संस्थागत र मानवीय क्षमतालाई पनि अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । त्यसै गरी समुदाय तथा वडा तहलाई पनि विपद् व्यवस्थापनको लागि तयार गर्नु पर्ने तड्कारो आवश्यकता रहेको छ ।

नेपालको संविधान २०७२ तथा विद्यमान ऐन, कानुनले विपद् व्यवस्थापनको दायित्व तिनै तहका सरकारको रहे पनि नागरिकको सबैभन्दा नजिकको सरकारको नाताले नगरपालिकाको दायित्व बढी रहेको छ । यिनै पक्षलाई मध्यनजर गर्दै आगामी दिनहरूमा व्यवस्थित र प्रभावकारी रूपमा विपद्को पूर्व तयारी तथा प्रतिकार्य गरी जनधनको क्षति कम गर्ने उद्देश्य राखी बाह्रविसे नगरपालिकाले अघिल्लो आर्थिक वर्षमा तयार गरी लागू गरेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समीक्षा गरी आवश्यक संशोधन समेत गरेको छ । संशोधित योजनाको महत्त्वपूर्ण विशेषता मौसम पूर्वानुमानका आधारमा गरिने पूर्व तयारी तथा अग्रिम प्रतिकार्य विधि र क्रियाकलाप समेत संलग्न हुनु आवश्यकछ । तसर्थ, यसको प्रभावकारी कार्यान्वयनले मौसमजन्य प्रकोप, जनधनको क्षति साथै विपद् प्रभाव कम हुने अपेक्षा राखिएको छु ।

विकास नीति तथा कार्यक्रम छनौट देखी कार्यान्वयन सम्मका हरेक चरणमा प्रकोपका असर कम गर्ने गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरूलाई मूल प्रवाहीकरण गर्ने र विपद् व्यवस्थापनमा वडा र समुदायको क्रियाशीलता र क्षमता वृद्धि गर्ने नगरपालिकाको रणनीति रहेको छ । विपद्जन्य घटना आकस्मिक रुपमा घट्ने भएकोले पर्याप्त पूर्व तयारी तथा प्रतिकार्य आवश्यक रहेको हुँदा सो कार्यका लागि यस योजनाले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु

यस योजनाको समीक्षा तथा संशोधन कार्यका लागि नेतृत्व र समन्वय गर्नु हुने नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, सुरक्षा निकाय, नेपाल रेडक्रस साथै प्राविधिक सहयोग गर्ने प्रतिबद्ध परियोजनालाई धन्यवाद दिन चाहन्छु । यो योजना कार्यान्वयन गर्न नगरका सबै सरोकारवालाहरूका साथसाथै प्रदेश र सङ्घीय सरकारको सक्रियता र जिम्मेवारी रहने विस्वास लिएको छु ।

.............................................
बालकृष्ण बस्नेत
नगर प्रमुख
बाह्रविसे नगरपालिका

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं. :२०८१/२०८२
च.नं. :

**शुभकामना**

भुकम्प, पहिरो, बाढी, आगलागी, हावाहुरी र असिना, चट्याङ्ग, महामारी, जनावर आतङ्क जस्ता प्राकृतिक तथा गैह प्राकृतिक प्रकोपका कारण बाह्रविसे नगरपालिकाले प्रत्येक वर्ष ठुलो जनधनको क्षति ब्यहोर्नु परिरहेको छ । भिरालो र कमजोर पाखो जमिन, यहाँ पर्ने अत्याधिक वर्षा तथा मानव निर्मित पूर्वाधार निर्माणले पनि पहिरो र भलबाढिजन्य जोखिम बढीरहेको छ ।

विपद्का यस्ता घटनाबाट हुने क्षतिलाई न्यूनीकरण गर्न र जनधनको क्षति कम गर्न विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सबै सरकारी निकाय, नीजि तथा गैरसरकारी संस्था, समुदाय बिचको समन्वयमा प्रभावकारी पूर्व तयारी र अग्रिम प्रतिकार्यका लागि तयारी अवस्थामा रहनु अपरिहार्य छ । सरोकारवाला सरकारी निकाय, निजीक्षेत्र तथा गैरसरकारी संस्था सँगको समन्वयमा बाह्रविसे नगरपालिकाले यस अघि तयार गरेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ लाई समिक्षा र संशोधन गरेको छ । संशोधित योजनाको मुख्य उद्देश्य विषयगत क्षेत्रको समन्वयमा विपद् पूर्व, विपद्को समय र विपद् पश्चातका लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरु सञ्चालन गर्नु र सम्भावित जनधनको क्षति कम गर्नु रहेको छ। संशोधित योजनाले मौसम पूर्वानुमानका आधारमा गरिने विपद्को पूर्वतयारी, अग्रिम प्रतिकार्य विधि र क्रियाकलाप संलग्न गरेको छ र यसको व्यवहारिक कार्यान्वयनलाई महत्व दिएको छु ।
यो योजनालाई कार्यन्वियन गर्न नगरपालिका, सुरक्षा निकाय तथा अन्य सरकारी निकाय, निजी तथा गैरसरकारी संस्था, समुदाय र आम सर्वसाधारण जनताको अहम भुमिका रहेको छ । तसर्थ आर्थिक तथा मानविय स्रोतको क्षेत्रमा साझेदारी गर्न तथा आवश्यक समन्वय गरि सम्भावित जनधनको क्षति कम गर्न म सम्वद्ध सबै सरोकारवाला निकाय तथा संस्थालाई हार्दिक आव्हान गर्दछु ।

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समीक्षा तथा संशोधन गरी मूर्त रुप दिन अहोरात्र खटिनु भएका नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, सुरक्षा निकाय, नेपाल रेडक्रस, उद्योग वाणिज्य सँघ साथै प्राविधिक सहयोग गर्ने प्रतिबद्ध परियोजनालाई धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, योजनाको प्रभावकारी कार्यान्वियन गरि जनधनको क्षति न्यूनीकरण गर्ने कुरा सबैभन्दा महत्वपूर्ण भएकोले राजनीतिक दल, सरकारी निकाय, निजीक्षेत्र तथा संघसंस्था, समुदाय तथा सबै सरोकारवालाहरूको सहयोग हुने अपेक्षा गरेको छु ।

..............................
मन्जु तामाङ
उप-प्रमुख
बाह्रविसे नगरपालिका

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं. :२०८१/२०८२
च.नं. :

**शुभकामना**

भौगोलिक स्वरूप र अवस्थिति, जलवायु तथा अन्य मानवीय क्रियाकलापका कारण विपद्को दृष्टिबाट बाह्रविसे नगरपालिका जोखिममा रहेको छ । पहिरो, भल/बाढी, आगलागी, हावाहुरी, असिना, चट्याङ्ग, महामारी, जनावर आतङ्क, सडक दुर्घटना जस्ता विपद्जन्य घटनाका कारणले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको छ । बि सं २०७२ सालको महाभूकम्प, पराकम्पन र त्यसपछि गइरहेका विनाशकारी पहिरोले गर्दा ठुलो क्षति ब्यहोर्नु परिरहेको छ ।

विपद् पूर्व, विपद्को समय र विपद् पश्चात्का लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्नु र सम्भावित जनधनको क्षति कम गर्ने उद्देश्यका साथ नेपाल सरकारको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को (न) अनुसार बाह्रविसे नगरपालिकाको नेतृत्वमा र सम्बद्ध सरोकारवालाको सहभागितामा अघिल्लो आर्थिक वर्षमा तयार गरिएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समीक्षा अध्यावधिक गरिएको छ।

यो योजनाको प्रभावकारी कार्यान्वयनले विपद् पूर्व तयारी तथा विपद् पश्चातको प्रतिकार्यका लागि ठूलो सहयोग पुग्ने आशा लिएको छु ।यो योजनाको तर्जुमा तथा संशोधन चरणमा जस्तै यसको कार्यान्वयनमा पनि सबै सरोकारवाला पक्षको समन्वय र सहयोग रहने कुरामा म विश्वस्त छु । अन्तमा योजना निर्माण, समीक्षा तथा संशोधनका विभिन्न चरणमा खटिनु भएका नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ साथै प्राविधिक सहयोग गर्ने प्रतिबद्ध परियोजनालाई धन्यवाद दिँदै योजनाले परिलक्षित गरेको प्रतिफल हासिल हुने गरी प्रभावकारी कार्य सम्पादनको शुभकामना ब्यक्त गर्न चाहन्छु ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत
बाह्रविसे नगरपालिका

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना
२०८२

विषयसूची

**परिच्छेद एक** १

**प्रारम्भिक** १

१.१ पृष्ठभूमि १

१.२ योजनाको उद्देश्य १

१.३ योजना तर्जुमा प्रक्रिया २

१.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक २

१.३.२ आधारभूत अध्ययन ३

१.३.३ विषयगतक्षेत्र समूह ४

१.३.४ विषयक्षेत्रगत समूहको बैठक ४

१.३.५ आवश्यक विषयगत क्षेत्रगत छलफल ४

१.३.६ योजनाको मस्यौदा तयारी ४

१.३.७ पृष्ठपोषण सङ्कलन र तयारी ५

**परिच्छेद-दुई** ५

**विपद् जोखिम र व्यवस्थापनको अवस्था** ५

२.१ नगरपालिकाको संक्षिप्त परिचय ५

२.१.१ भौगोलिक अवस्था ६

२.१.२ भौगोलिक विभाजन ६

२.१.३ जनसङ्ख्याको अवस्था ६

२.१.४ जातियताको आधारमा जनसंख्याको विवरण ७

२.१.५ अपाङ्गता भएका व्यक्तिको वडागत विवरण ८

२.१.६ सामाजिक अवस्था ८

२.१.७ आर्थिक अवस्था ९

२.१.८ सडक तथा यातायात सेवाको अवस्था ९

२.१.९ नगरपालिकामा रहेका भौतिक पूर्वाधार, सेवाको विवरण १०

२.१.१० नगरपालिकाको भू-उपयोगको अवस्था १३

२.१.११ भू-आकृति तथा माटोको बनोट १३

२.१.१२ प्रमुख धार्मिक तथा पर्यटकीय स्थल १४

२.२ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपका पहिचान तथा स्तरीकरण १६

२.२.१ विपद्को ऐतिहासिक समय रेखाः १७

२.२.२ प्रकोपको स्तरिकरण २०

२.२.३ प्रकोपका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागी पहिचान भएका उपाय २१

२.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र २५

२.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण २६

२.५ पूर्वसूचना प्रणालीको अवस्था २८

२.६ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था २९

२.७ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ३०

२.७.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार क्षेत्र ३०

२.७.२ जोखिम पूर्वानुमान तथा सूचना क्षेत्र ३१

२.७.३ खाद्य तथा पोषण क्षेत्र ३१

२.७.४ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ३१

२.७.५ आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन, संरक्षण र गैरखाद्य सामग्री क्षेत्र ३१

२.७.६ शीघ्र पुनर्लाभ क्षेत्र ३२

परिच्छेद-३ ३२

पूर्वतयारी तथा प्रतिकार्य योजना ३२

३.१ सामान्य पूर्वतयारी योजना ३२

३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ३५

३.१.२ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ३७

३.१.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ३९

३.१.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर—खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ४१

३.१.५ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ४५

३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य (कार्यविधि) योजना ४६

३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ६१

३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ६१

३.३.२ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ६२

३.३.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ६३

३.३.४ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ६५

३.३.५ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ६७

**परिच्छेद-४** ६९

**बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा** ६९

४.१ स्रोत(साधनको वर्तमान अवस्था ६९

४.१.१ बाह्रविसे नगरपालिकाको प्रकोप पूर्व-तयारीका लागि उपलब्ध स्रोत साधन विवरण । ७२

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ७३

४.३ गैर–खाद्य सामग्रीको भण्डारण स्थल ७४

४.३.२ मानवीय सहायता स्थल ७४

४.४ वर्षा तथा बाढी अनुगमन केन्द्रहरू ७४

४.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ७६

**परिच्छेद-५** ७८

**विविध** ७८

५.१ स्रोत साधनको व्यवस्थापन ७८

५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ७९

५.३ अनुगमन र मूल्याङ्कन ८२

५.३.२ योजनाको परिमार्जन ८४

५.४ क्षमता विकास रणनीति र योजना ८५

**अनुसूची-१** ८६

**प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची** ८६

**अनुसूची-२** ८७

**स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश** ८७

**अनुसूची-३** ८८

**सरोकारवाला निकायको पहिचान तालिका** ८८

अनुसूची-४ ८९
विषयक्षेत्रको बैठकको कार्यसूची ८९
अनुसूची-५ ९०
विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त ९०
अनुसूची-६ ९१
अगुवा सहयोगी संस्थाको कार्यशर्त ९१
अनुसूची-७ ९२
कार्यशाला गोष्ठीको कार्यसूची ९२
अनुसूची-८ ९७
स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ९७
अनुसूची-९ ९९
विषयक्षेत्र समूह (Cluster) र पदाधिकारीहरूको विवरण ९९
अनुसूची-१० १०२
जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूहको कार्यसूची १०२
अनुसूची-११ १०३
सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन १०३
सन्दर्भ सामग्री ११९

# परिच्छेद एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

बाह्रविसे नगरपालिकाले विगतमा भूकम्प, पहिरो, बाढी, सडक दुर्घटना, आगलागी, जनावर आतङ्क, महामारी, चट्याङ, विद्युतीय दुर्घटना, हावाहुरी जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्को कारणले जनधनको क्षति व्यहोर्नु परेको छ । विभिन्न कारणबाट नगरपालिका क्षेत्रभित्र विपद् जोखिमका घटना प्रत्येक वर्ष दोहोरिइरहेका छन् । विगतमा यी प्रकोपहरूबाट धेरै जनधनको क्षति भएको थयो। २०७२ सालमा गएको महाभूकम्प र त्यस पछिका वर्षहरूमा पहिरो र बाढीका कारण नगरपालिकाको ठूलो स्रोत तथा समय प्रभावित घरधुरीको स्थानान्तरण र जीविकोपार्जन पुनःस्थापना गर्नमा लागेको छ । विगत केही वर्षदेखि नगरपालिकाले पहिरोको जोखिम अध्ययन विश्लेषण गरी उच्च जोखिममा रहेका परिवारलाई सुरक्षित ठाउँमा सार्ने र जोखिममा परेका लाई सुरक्षित गराउन नगरपालिकाले प्रयत्न गरिरहेको छ ।

यस नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विपद्को पूर्वतयारी गरी उपलब्ध पूर्वानुमानको आधारमा अग्रीम प्रतिकार्य गर्न साथै विपद्जन्य घटना भइहालेमा प्रभावकारी प्रतिकार्य गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ समेतको आधारमा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा ५ र २७ बमोजिम बाह्रविसे नगरपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## १.२ योजनाको उद्देश्य

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको मुख्य उद्देश्य विपद् जोखिम व्यवस्थापन (विपद् पूर्व, विपद्को समय र विपद् पश्चात्)का लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरू सञ्चालन गर्नु, सम्भावित जनधनको क्षति कम गर्दै विपद् उत्थानशील समुदाय निर्माण गर्नु हो ।साथै प्रकोप पूर्वसूचना प्रणालीको उपयोग गरी उपलब्ध अवसर समयमा उपयुक्त पूर्वतयारी र अग्रीम प्रतिकार्य गरी सम्भावित विपद् बाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो ।

**विशिष्ट उद्देश्यः**

१. विपद् प्रतिकार्यका लागि विषय क्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,
२. विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी सरोकारवाला निकायहरू बिचमा प्रभावकारी समन्वय, सहकार्य अभिवृद्धि गराउने र अद्यावधिक गर्ने,
३. विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु,
४. विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु,

५. विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न सक्ने गरी आवश्यक क्षमताको आङ्कलन, प्रक्षेपण र प्रबन्ध गर्नु,
६. नगरपालिकाको क्षेत्र भित्र बसोबास गर्ने जनसमुदाय विशेष गरी प्रत्यक्ष प्रभावमा पर्ने गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरु, विपन्न र पछाडि परेका समूहहरूको योजना निर्माण प्रक्रिया र कार्यान्वयनमा समान प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु ।
७. विपद् हुन नदिनु प्रमुख कार्य हो भने पनि परि आएको विपद्जन्य घटनामा परेका घरपरिवारलाई पुनर्निर्माण पुनर्स्थापना तथा प्रवलिकरणमा रहने गरि कार्यविधि २०८१ बमोजिम प्रभावकारी निर्णयको सुनिश्चित गरि पुनर्लाभ कार्यमा सहजिकरण गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार बाह्रविसे नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः

*चित्र १ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रक्रियागत ढाँचा*




### १.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक

नगरपालिकाको विपद् व्यवस्थापन समितिले मिति २०८०/०९/२९ मा स्थानीय विपद् व्यवस्थापन ऐन कोष संचालन कार्यविधि लाई अनुमोदन गरिएको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८० लाई समिक्षा गर्दै ६ वटा क्लस्टर लाई निरन्तरता रहेको छ विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि सामुहिक

छलफलहरु भएको थियो। छलफलका बिबरण र बैठकको कार्यसूची **अनुसूची-१** मा संलग्न छ । प्राविधिक कार्य समूहको काम, कर्तव्य र जिम्मेवारी **अनुसूची-२** मा संलग्न गरिएको छ । उक्त छलफलमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरेको थियो । यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण **अनुसूची-३** मा समावेश गरिएको छ ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरूको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्ताबेज, प्रकाशन र अभिलेखहरू समेत अध्ययन तथा विश्लेषण गरिएको थियो:

- नेपालको संविधान २०७२,
- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- वगत पाँच वर्षको (तथा समूह छलफलको माध्यमबाट विगत तीस वर्ष वा सो भन्दा बढी अवधिका विपद्का घटनाको अध्ययन तथा विश्लेषण) विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आङ्कलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्ताबेज, प्रकाशन र अभिलेखहरू,
- मनसुन पूर्वतयारी र प्रतिकार्य योजना २०८०,
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, सिन्धुपाल्चोक
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, चटयाङ्ग आगलागी, महामारी, सडक दुर्घटना, आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- जिल्ला तथा नगरपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा प्रोफाइल २०७५,
- जनसङ्ख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा नगरपालिकाको नक्सा,
- नगरपालिका पार्श्वचित्र २०७५,
- नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम २०८०/०८१,
- बाह्रविसे नगरपालिकाको भौगर्भिक अध्ययन प्रतिवेदन, प्रतिबद्ध परियोजना, २०७८ र २०८० ।
- प्रतिबद्ध परियोजना लै.स.सा.स. ढाँचा (GEDSI) र लैङ्गिक विश्लेषण प्रतिवेदन ।

### १.३.३ विषयगतक्षेत्र समूह

बाह्रविसे नगरपालिकामा सम्भावित विपद्को जोखिमलाई व्यवस्थापन गर्न नगर विपद् व्यवस्थापन समिति गठन भएको छ । नगरपालिका प्रमुखको अध्यक्षतामा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ **(अनुसूची ८)** वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय विपद् व्यवस्थापन समिति सबै वडामा गठन भएको छ । नगरपालिकामा विपद् जोखिम व्यवस्थापनको लागि सरोकारवाला निकायहरूको सहभागितालाई महत्त्व दिँदै विषयगतक्षेत्र उपसमितिको अवधारणालाई नगर विपद् व्यवस्थापन समितिले कार्यान्वयन गरेको छ । नगरपालिकाका सरोकारवाला निकायहरूको संलग्नतामा विषयक्षेत्रगत समूहहरु परिचालन हुनेछन् । विषय क्षेत्रको विस्तृत विवरण र कार्ययोजना परिच्छेद ३ मा संलग्न गरिएको छ ।

### १.३.४ विषयक्षेत्रगत समूहको बैठक

विषयगतक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरू, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आङ्कलन, आवश्यकताको लेखाजोखा आदि विषयमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो। विषयक्षेत्रगत रूपमा योजनाको प्रस्ताव तयार गर्न विषयक्षेत्रगत समितिहरू गठन गरिएको छ । विषयगतक्षेत्रको समितिहरूको बैठकको कार्यसूची **अनुसूची-४** मा संलग्न गरिएको छ । विषयक्षेत्रका सदस्य संस्था (Cluster Member) र ती निकायहरूको कार्यशर्त **अनुसूची-५** मा तथा अगुवा सहयोगी संस्था (Lead Support Agency) को कार्यशर्त अनुसूची-६ मा समावेश गरिएको छ ।

### १.३.५ आवश्यक विषयगत क्षेत्रगत छलफल

विषयगतक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा छलफलको आयोजना गरिएको थियो। छलफलको योजना गर्नु अघि प्राविधिक कार्य समूहको अगुवाईमा विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो। विषयगत क्षेत्रका प्रमुखहरुको छलफल बाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन संगै कार्यसूची **अनुसूची-७** मा संलग्न रहेको छ ।

मिति २०८२ जेष्ठ २५ गते सम्म सञ्चालित कार्यक्रमहरु स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य सङ्घ/संस्थाहरू, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो। विपद् विषयमा छलफल सञ्चालन तथा सहजीकरण नगरपालिकाको विपद् व्यवस्थापन शाखा र सहयोगी संस्थाको सकृयतामा गरेको थियो।

### १.३.६ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून, नगरपालिकाका योजना तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरूको छलफल, द्वितीय स्रोत तथा वडा स्तरिय सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट सङ्कलन गरिएका सूचनाहरू र छलफलबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र तयारी

छलफलबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो। यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिको अगुवाईमा पूनरावलोकन गरि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अध्यावधिक गरिएको छ ।

## परिच्छेद-दुई
## विपद् जोखिम र व्यवस्थापनको अवस्था

यस परिच्छेदलाई दुई खण्डमा विभाजन गरिएको छ । खण्ड क मा यस नगरपालिकाको संक्षिप्त परिचय उल्लेख गरिएको छ र खण्ड ख मा विपद् जोखिम र व्यवस्थापनको अवस्था सम्बन्धी विष्लेषण गरिएको छ ।

## खण्ड-क

### २.१ नगरपालिकाको संक्षिप्त परिचय

बाह्रविसे नगरपालिकाको पूर्वमा दोलखा जिल्ला, पश्चिममा जुगल गाउँपालिका, उत्तरमा भोटेकोशी गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी तथा बलेफी गाउँपालिका पर्दछन्। यो नगरपालिका बागमती प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं १ तथा प्रदेश सभा क्षेत्र नं क मा पर्दछ । साविकका, घोर्थली (साबिकका १-४ वडा) लाई १ नं. कर्थली गाविस लाई -२ नं., बाह्रविसे १-४ सम्मको वडा लाई ३, साविक बाह्रविसे गाविसको वडा नं.५-९ सम्मको वडा लाई ४ नं. साविक गाती गाविसको वडा नं. १-५ सम्मको वडा लाई वडा नं. ५ साविक गाती गाविसको वडा नं.६-९ सम्मको वडा लाई वडा नं. ६ साविक घुम्थाङ गाविस लाई ७ नं., साविक मानेश्वारा गा.वि.स. वडा नं. ८ र साविक राम्चे गाविस लाई ९ नं. वडा कायम गरी बाह्रविसे नगरपालिका बनेको हो।

यस नगरपालिका हिमाली नगरपालिका अन्तर्गत पर्दछ । नेपाल चीन स्थलगत मार्ग जोडिने अरनिको राजमार्ग र यसको दुवै तर्फ फैलिएको वडाहरूको फेदीमा रहेको भोटेकोशी नदी यसको प्राकृतिक पहिचान हो । तिब्बत नेपालका विभिन्न कालखण्डका सम्बन्धहरू सँग नगरपालिकाको ऐतिहासिकता जोडिएको छ । समुन्द्र सतहदेखी करिब ५०० मिटर देखी ४००० मिटर सम्मको उचाईको भू-बनोट रहेको यो नगरपालिकाको जनसङ्ख्या २४१०९ र क्षेत्रफल १३४.८० वर्ग किलोमिटर रहेको छ ।

नगरपालिकाको हालको कार्यालय रहेको स्थान बाह्रविसे बजारको रूपमा परिचित छ । यस बजारमा पुर्ख्यौली नेवार जातीको बाहुल्यता रहेको छ भने समग्र नगरपालिकाको जनसङ्ख्यामा भने तामाङ जातीको जनसङ्ख्या धेरै छ । ब्राह्मण, क्षेत्री, तामाङ, शेर्पा, गुरुङ, थामी लगायतका जातजाति भाषाभाषि तथा संस्कृतिहरु यहाँ पाइन्छ । आदिवासी थामी समुदाय यस नगरपालिकाको लोपोन्मुख जनजाति अन्तर्गत पर्दछ । यो नगरपालिका जिल्ला सदरमुकाम चौताराबाट करिब ५८ कि.मि.को दुरीमा रहेको छ । नगरपालिकाका सबै वडाहरु तथा मुख्य वस्तीहरु कच्ची मोटरबाटो र अरनिको राजमार्ग संग जोडिएको ३, ४, ५, ६, ९ साथै ग्राविण भेगलाई समेटेर वडा नं. ४ ८ र ९ नं. वडाका केही भूभागहरुमा कालोपत्रे सडक निर्माण भएको छ ।

### २.१.१ भौगोलिक अवस्था

बाह्रविसे नगरपालिकाको भूभाग समुद्र सतहदेखि करिब ८६६ मिटर देखी ३७०० मिटर सम्मको उचाइमा पर्दछ । यस नगरपालिकाको भूमिको अवस्थालाई हेर्दा धेरै भिरालो तथा कम समथर भूमि रहेको पाइन्छ । नगरपालिकाको भूमिको भिरालोपना ० डिग्रिदेखि ७५ डिग्रि सम्म रहेको छ ।

भौगोलिक रूपमा नगरपालिकाको कुल क्षेत्रफल ९६.७३ वर्ग कि.मि. रहेको छ जस मध्ये ५६.३६ वर्ग कि.मि. क्षेत्रफल कृषि योग्य छ भने करिव ४०.३४ वर्ग कि.मि. वन जङ्गलले ओगटेको छ । प्राकृतिक सम्पदाको प्रचूरता, उर्वर जमिन तथा सिंचाईको लागी जलस्रोतको उपलब्धता भएकोले यो क्षेत्र कृषि र पशुपालनको लागि उपयुक्त स्थल मानिन्छ। यहाँका प्रमुख कृषि उत्पादनको रुपमा धान, तोरी, मकै, कोदो, आलु आदि पर्दछन् ।

### २.१.२ भौगोलिक विभाजन

बाह्रविसे नगरपालिकाको भौगोलिक विभाजनलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

*तालिका १ नगरपालिकाको भौगोलिक विभाजन*

| वडा नं | साविक गाविस | उचाई (समुन्द्री सतहबाट) | क्षेत्रफल |
|---|---|---|---|
| १ | घोर्थली (वडा नं १-४) | १४०० मिटर देखि ३७०० मिटर | १२ वर्ग कि.मि. |
| २ | कर्थली | ८९५ मिटर देखि ३७०० मिटर | २६.१ वर्ग कि.मि. |
| ३ | बाह्रविसे | ८६६ मिटर देखि २७०० मिटर | ६.७७ वर्ग कि.मि. |
| ४ | बाह्रविसे | ८६६ मिटर देखि २२०० मिटर | ३.७१ वर्ग कि.मि. |
| ५ | गाती | ८८० मिटर देखि २७०० मिटर | ६.४२ वर्ग कि.मि. |
| ६ | गाती | ८८० मिटर देखि २७०० मिटर | १२.८२ वर्ग कि.मि. |
| ७ | घुम्थाङ | ८८० मिटर देखि २७०० मिटर | ३६.३८ वर्ग कि.मि. |
| ८ | मानेश्वारा | ८६६ मिटर देखि २७०० मिटर | १९.२६ वर्ग कि.मि. |
| ९ | राम्चे | ८६६ मिटर देखि २७०० मिटर | ११.३४ वर्ग कि.मि. |
| | | | १३४.८० वर्ग कि.मि. |

*स्रोतः पार्श्वचित्र, २०७५, बाह्रविसे नगरपालिका र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

### २.१.३ जनसङ्ख्याको अवस्था

२०७८ को जनगणना अनुसार यस नगरपालिकाको ९ वडाहरुमा रहेका ६६५५ घरपरिवारमा बसोबास गर्ने कुल २४०१ जनसंख्या रहेको थियो । (तल तालिका हेर्नुहोस्)। जनघनत्वको हिसाबले वडा नं ४ सबै भन्दा ठूलो वडा हो भने वडा नं. १ मा सबै भन्दा कम घर परिवार र जनसंसख्या रहेको वडा हो। क्षेत्रफलको हिसाबले वडा नं. ७ सबै भन्दा बढी क्षेत्रफल भएको वडा हो। वडागत जनसंख्या, क्षेत्रफल र जनघनत्वको बिस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २ वडागत जनसंख्या, क्षेत्रफल र जनघनत्वको विवरण*


| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|
| १ | २०३ | ४१९ | ४११ | ८३० | ६९।१७ | खामाथाङ, दोलाँसा, ठेनासा, ज्याङगुर्सा, मानेडाँडा, नगर्पा र आमादिङ |
| २ | ९६५ | १६६१ | १६५० | ३३११ | १२६।८६ | कर्थली, दुरूम्थली, काभ्रे, बुधेपा र सिम्ले |
| ३ | ८३८ | १५६५ | १५८९ | ३१५४ | ४६५।८८ | बाह्रविसे, खुर्सानी बारी, ठुलोपलाेँती, थापानगर, धार्पा र थला |
| ४ | ८०८ | १४२८ | १४६३ | २८९१ | ७७९।२५ | बाह्रविसे बजार, सुनकोशी बजार, पलाँती, बाहुन नगर, क्षमादेवी, ओखेनी |
| ५ | ५१४ | ९५३ | ९४५ | १८९८ | २९५।६४ | संगार्चे, कुखुरे, खोराङ, कसेरी, बुकाम, भन्ज्याङ |
| ६ | ५२० | ९६४ | ९७० | १९३४ | १५०।८६ | गाती, मान्द्रा, सोताङ र डाँडाकटेरी |
| ७ | ९४२ | १६८० | १६४२ | ३३२२ | ९१।३१ | नागपुजे, घुम्थाङ, थगाम, डाँडानगर, कोलबारी, देउराली, घलंसा, जम्खोर, बिम्बु |
| ८ | ८७५ | १६५६ | १५४२ | ३१९८ | १६६।०४ | जम्बु, एक्लेवेसी, खरिबोटे, सुङ्गुरे, नेपालनगर, डाँडाखेत, घिमिरेछाप, राउतनगर, घुमाङकोट, मानेश्वारा, खिपिङ, घुडे, साङ्बारी, |
| ९ | ९९० | १७६३ | १८०८ | ३५७१ | ३१४।९० | बाह्रविसे बजार, नयाँबजार, पुरानो नगर, रातो माटा, राम्चे, चुल्ठी, साहुँवेसी, भट्टे, कल्लेरी, गैरी नगर |
| जम्मा | ६६५५ | १२०८९ | १२०२० | २४१०९ | १७८.८५ | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग*

### २.१.४ जातियताको आधारमा जनसंख्याको विवरण

यस नगरपालिका भित्र बाहुन, क्षेत्री, गुरुङ्ग, मगर, तामाङ, नेवार, दमाई, डोली, थामी, कामी, शेर्पा तथा अन्य जातीहरुको बसोबास रहेको छ । नगरपालिकाको मुख्य कार्यालय रहेको बाह्रविसे बजारमा पुख्यौंली नेवार जातीको बाहुल्यता रहे पनि समग्रमा नगरपालिकामा तामाङ जाति (करिब ३७.२ प्रतिशत)को बाहुल्यता रहेको छ । थामी समुदाय यहाँको आदिवासि लोपोन्मुख जाति अन्तर्गत पर्दछ। धार्मिक हिसाबले यहाँ बौद्ध, हिन्दु, इसाई र किंरात धर्ममा विश्वास राख्ने मानिसहको बसोबास रहेको छ । नेपाली भाषाका अतिरिक्त यहाँ तामाङ, नेवारी, मगर, गुरुङ भाषाको पनि प्रयोग भएको पाईन्छ। यहाँ मनाइने चाड पर्वमा साउने सङ्क्रान्ती, जनैपूर्णिमा, कृष्ण अष्टमी, तिज, दशै, तिहार, न्वागी, माघे सक्रान्ती, ल्होसार, फागु पूर्णिमा आदि पर्दछन्। विवाह, न्वारान, मृत्यु र व्रतबन्धमा आ-आफ्नै संस्कार तथा विविधता पाईन्छ।

*चित्र २ जातियताको आधारमा जनसंख्याको विवरण*




*स्रोतः 2078 को जनगणना*

## २.१.५ अपाङ्गता भएका व्यक्तिको वडागत विवरण

नगरपालिकाको कुल जनसङ्ख्या २४१०९ मध्ये २३४८७ अर्थात ९९.०२ प्रतिशतमा कुनै पनि अपाङ्गता छैन्। कुल जनसङ्ख्या मध्ये ६२२ जना अर्थात २.४ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। जुन तलको टेबुलमा उल्लेख गरिएको छ ।

*तालिका ३ अपाङ्गता भएको व्यक्तिको वडागत विवरण*

| अपाङगता किसिम | वडा | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| अपाङगता नभएको | ७८८ | ३२२६ | ३०८३ | २७५५ | १८५१ | १९१२ | ३२३३ | ३११२ | ३५३७ | २३४८७ | ९९.०२ |
| शारीरिक | ११ | ३६ | ४२ | ७२ | २६ | ५ | ३० | ५२ | १२ | २८६ | ४५.८९ |
| दृष्टिसम्बन्धि | १ | ८ | ५ | ८ | १५ | १ | १० | ४ | ४ | ५६ | ९.०० |
| सुनाइसम्बन्धी | २४ | २४ | ४ | ३५ | ३ | ७ | २४ | १३ | ७ | १४१ | २२.६६ |
| श्रवण दृष्टिविहिन | ० | ० | ३ | १ | ० | ० | ९ | ० | १ | १४ | २.२५ |
| स्वरवोलाई सम्बन्धी | ३ | १२ | १२ | ८ | २ | ४ | ६ | ११ | ७ | ६५ | १०.४५ |
| मानसिक | ० | ४ | ४ | ११ | १ | ४ | ६ | ३ | ३ | ३६ | ५.७८ |
| बौद्धिक | १ | १ | ० | १ | ० | १ | ४ | १ | २ | ११ | १.७७ |
| बहु | २ | ० | १ | ० | ० | ० | ० | २ | ८ | १३ | २.०९ |
| अपाङगता भएको जम्मा | ४२ | ८५ | ७१ | १३६ | ४७ | २२ | ८९ | ८६ | ४४ | ६२२ | २.४ |
| जम्मा | ८३० | ३३११ | ३१५४ | २८९१ | १८९८ | १९३४ | ३३२२ | ३१९८ | ३५७१ | २४१०९ | |

*स्रोतः घरधुरी तथ्याङ संकलन, २०७५ र नगरपालिकाको अपांगता परिचयपत्रको अभिलेख*

## २.१.६ सामाजिक अवस्था

यस नगरपालिकामा मुख्यतया जनजातिको बाहुल्यता रहेको छ । यहाँ बसोबास गर्ने अधिकांश मानिसहरु तामाङ जाति भएकाले बौद्ध धर्मावलम्बीको सङ्ख्या बढी रहेको छ । शिक्षा, स्वास्थ्य, सामाजिक चेतनाको

अभिवृद्धि कार्यमा यहाँका विभिन्न क्लब, समुदायमा आधारित संस्था तथा गैर सरकारी संस्था, उपभोक्ता समिति टोल विकास संस्था क्रियाशिल छन्।

### २.१.७ आर्थिक अवस्था

नगरपालिकाको आर्थिक स्रोतको मूल आधार कृषि, जलविद्युत, पर्यटन र व्यापार हो। यसका अतिरिक्त नोकरी, कृषि/पशुपालन, ज्याला, मजदुरी पनि आम्दानीका स्रोत हुन् ।चिनको खासासँगको व्यापारिक नाका नजिक हुनाले व्यापारलाई पनि मुख्य आय आर्जनको रुपमा लिईन्छ। हाल आय आर्जनको क्षेत्रमा विविधता आएको पाईन्छ।कतिपय मानिसले सार्वजनीक बस सेवा, ट्र्याक्टर ढुवानी सेवा, होटल तथा रेष्टुरेन्ट, चियापसल आदिबाट पनि आर्थिक लाभ लिएको देखिन्छ ।व्यापार, वैदेशिक रोजगार, ठेक्का पट्टावाट पनि यहाँका मानिसहरुले आय आर्जन गर्ने गरेको पाईन्छ।जस अनुसार तालिका नं. ४ टेवलमा उल्लेख छ ।

*तालिका ४ आम्दानीको श्रोतको आधारमा परिवारको विवरण*

| आम्खानीका श्रोतहरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| कृषि/पशुपालन/माछापालन/मौरीपालन | १७२ | ६४१ | ५१० | ३०० | ४३१ | २७८ | ७४१ | ८१२ | ५८५ | ४४७० |
| उद्योगधन्दा सञ्चालन | १ | १५० | २० | १२ | २ | ५ | ४० | २ | १२ | २४४ |
| व्यापार व्यवसाय | २५ | १४१ | १५८ | २४६ | ३४ | ३३ | १०४ | ७१ | १८८ | १००० |
| नोकरी | ८ | ८४ | ९५ | २३८ | ४७ | ९० | ७७ | १५० | २६० | १०४९ |
| पेन्सन | ० | १७ | ११ | ३२ | १४ | ३ | ४ | ७ | ७४ | १६२ |
| घर तथा जग्गाको भाडा | ० | ६ | ६ | ८७ | ५ | २ | ३ | ६ | ६९ | १८४ |
| सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा | ० | १५ | २६ | ५९ | ८ | १० | ३९ | १२ | ६७ | २३६ |
| ब्याज तथा लाभांश | ४ | १ | ० | ३ | ० | २ | २ | ४ | २ | १८ |
| विप्रेषण (वैदेशिक) | ३१ | ५९ | ४३ | ४४ | ६४ | ६४ | १२८ | ५१ | ७३ | ५५७ |
| विप्रेषण (आन्तरिक) | ६ | १२ | ६१ | ५ | १० | ६४ | ११४ | १७१ | ४७ | ४९० |
| दैनिक ज्यालादारी | १२६ | ३२४ | ३५८ | १३३ | ३२५ | २५१ | ३६८ | २४६ | २७५ | २४०६ |
| अन्य | ३ | १७ | ३३ | २९ | ५ | ७ | ४५ | ३८ | १४ | १९१ |

*स्रोतः घरधुरी तथ्याङ संकलन, २०७८*

### २.१.८ सडक तथा यातायात सेवाको अवस्था

नगरपालिकाका अधिकांश वडा वा बस्तीहरु कम्तिमा कच्ची मोटरबाटोको पहुँचमा छन्। यस नगरपालिकाको वडा नं. ४, ८ र ९ लाई केही भूभागहरु जोड्ने सडक कालोपत्रे गरिएको छ । यहाँका बाँकी वडामा कच्ची मोटरबाटो रहेकोले प्राय वर्षायाममा नचल्ने गरेको पाईन्छ। जसले गर्दा मानिसहरुलाई दैनिक आवतजावत र सामानहरु ढुवानी गर्न कष्टकर हुने गरेको छ । नगरपालिका केन्द्रबाट वडाको दुरी, सडकको प्रकार र अवस्था तालिका ५ मा प्रस्तुत गरिएको छ

*तालिका ५ नगरपालिका केन्द्रबाट वडाको दुरी, सडकको प्रकार र अवस्था*

| वडा नं | दुरी (क. म.) | | | |
|---|---|---|---|---|
| | जम्मा निर्माण भएको सडक | हिउदमा मात्र चल्ने सडक | वर्षातमा नचल्ने सडक | कालोपत्रे ढलान सडक |
| १ | २८ | २८ | 1 | 0 |
| २ | २१ | २१ | 6 | 0 |
| ३ | ३२ | ३२ | 3 | 1 |
| ४ | ६ | ६ | 0 | 4 |
| ५ | १६ | १४ | 2 | 3 |
| ६ | २२ | २१ | 1 | |
| ७ | ४५ | ४५ | 25 | 0 |
| ८ | ३२ | ३२ | १६ | ९ |
| ९ | २७ | २५ | १० | ७ |
| जम्मा | २०९ | २०४ | ५४ | २० |

*स्रोत: बाह्रविसे नगरपालिकाको ई-प्रोफाइल र वडा साथै प्राविधिक शाखाको तथ्यांक अनुसार*

नगरपालिकामा यातायात साधनको उपयोग हेर्दा मोटरसाईकल, बस, बलेरोजिप, ट्र्याक्टर, ट्याक्सी, माइक्रोबस लगायतका यातायातका साधन दैनिक रूपमा सञ्चालन हुने गरेको पाइन्छ । सार्वजनिक सवारीको प्रयोग सीमित मात्रामा हुने गरेको पाइन्छ । जसमा काठमाडौं उपत्यकाबाट बाह्रविसे सम्म पुग्ने बस र अन्य सवारी साधन नै मुख्य रहेका छन् ।

## २.१.९ नगरपालिकामा रहेका भौतिक पूर्वाधार, सेवाको विवरण

**विद्यालयः-** यस नगरपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा ५४ विद्यालय रहेका छन् । आपत्कालीन अवस्थामा बाढीपहिरो जोखिममा सम्बन्धित गाउँ, टोलका परिवारले आश्रय लिन सामुदायिक विद्यालयका कक्षाकोठा र परिसर प्रयोग गर्नुपर्ने वाध्यता छ । कतिपय विद्यालयमा वा विद्यालय जाने सडकमा पहिरो वा ढुङ्गा खस्नेहुदा जोखिमता भएकोमा रहन बाध्य पनि हो भने विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीको विवरण तलको तालिका नं. ६ मा दिइएको छ ।

*तालिका ६ नगरपालिकामा छात्रछात्राको विवरण*

| कक्षागत विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बाल कक्षा | १७३ | १८१ | ३५४ |
| कक्षा १ — ५ | ५०५ | ४६४ | ९६९ |
| कक्षा ६ — ८ | २९७ | २७८ | ५७५ |
| कक्षा ९ — १० | २०५ | २०७ | ४१२ |
| कक्षा ११ — १२ | १३४ | १०४ | २३८ |
| बाल कक्षा बाहेक | ११४१ | १०५३ | २१९४ |
| बाल कक्षा सहित | १३१४ | १२३४ | २५४८ |

स्रोतः बाह्रबिसे नगरपालिका, शिक्षा शाखाको रेकर्ड, २०८२ को तथ्यांक अनुसार।

**स्वास्थ्य सेवा**:- यस बाह्रविसे नगरपालिकामा नागर अस्पताल-१, स्वास्थ्य चौकी ८ र ४ वटा स्वास्थ्य सेवा इकाई छन् । त्यस्तै ८ निजी क्लिनिक र १ स्वास्थ्य संस्था छन् ।

**सञ्चार सेवा र पूर्वसूचना**:- नगरपालिकामा मोवाइल टेलिफोन, एफ एम रेडियो, टेलिभिजन, सामाजिक सञ्जालका साथै माइक, साइरन लगायतका स्थानीय उपकरण मार्फत् सूचना आदानप्रदान गर्न सकिन्छ। बाह्रबिसे बजारमा ल्याण्डलाइन टेलिफोन सुविधा समेत रहेको छ । सुरक्षा निकायसँग वाकिटकी सेट र आपतकालिन कार्यसंचालन केन्द्रमा १ सेट वाकिटकी रेहका छन् ।

**उद्धार सामग्री, प्रविधि, औजार**:-

| क.सं. | मति २०८२/०४/०१ बाट | ईकाई | बाँकी |
|---|---|---|---|
| १ | सुत्केरी सुसार व्याग वोरामा | ब्याग | २० |
| २ | त्रिपाल सानो ठुलो र हरियो जम्मा | गोटा | १०५ |
| ३ | स्टेचर | गोटा | ४ |
| ४ | गल | गोटा | ४ |
| ५ | वाल्टी फलामे | गोटा | ४३ |
| ६ | म्याट कालो | मि | ३ |
| ७ | सावेल | गोटा | १४ |
| ८ | पिक | गोटा | १४ |
| ९ | ट्रेन्ट ठुलो पहिलाको सेट नमिलेको | सेट | ३८ |
| १० | ४ मेन ट्रन्ट | सेट | ३९ |
| ११ | स्लिपिङ ब्याग | गोटा | २५ |
| १२ | बल्याङकेट | गोटा | १५ |
| १३ | ग्यास सिलिन्डर | सेट | १ |
| १४ | प्लास्टिक वाल्टी सेट | गोटा | २५ |
| १५ | मख | गोटा | ४१ |
| १६ | सानो प्लास्टिक वाल्टी | गोटा | १३३ |
| १७ | अस्थायी आवास निर्माण ओजार | सेट | ६८ |
| १८ | सर्च लाईट | गोटा | २ |
| १९ | ह्यकसो फ्रेम सहितको | सेट | १० |
| २० | पञ्जा 10+10 | सेट | १३ |
| २१ | रेनकोट | सेट | ११ |
| २२ | फिल्टर | गोटा | २ |
| २३ | ह्यूलचियर | गोटा | १ |
| २४ | प्लास्टिक सिट | मि | २१३ |
| २५ | आगो निभाउने मेशिन सेट १९ आईटमको सामान | सेट | १ |
| २६ | म्याट (सुकुल) | गोटा | २५ |
| २७ | सानो स्वलार टर्च लाईट | गोटा | २० |
| २८ | पोलार राम्रो 3*3 | गोटा | ६ |

| | | | |
|---|---|---|---|
| २९ | तारजाली | गोटा | ५० |
| ३० | हेलमेट | गोटा | १० |
| ३१ | ह्याण्डमाईक | गोटा | ३ |
| ३२ | बुठ | गोटा | १० |
| ३३ | करौती | गोटा | १ |
| ३४ | डोरी २ थान ई प्र.का. बाह्रविसे संग | गोटा | ५ |
| ३५ | ज्याकेट | गोटा | १५ |
| ३६ | हाते साईरन | गोटा | २ |
| ३७ | टयांका | गोटा | १ |
| ३८ | ब्यट्रि र स्वलार प्यानल सेट ब्याट्रि ५1 स्वलार प्यानल ३1 | गोटा | ३ |
| ३९ | रुख काट्ने सकटर मेसिन सेट १ ई प्र.का. बाह्रविसे संग | सेट | १ |

**<u>नजिकको बजार, पसलको विवरण</u>:-** नगरपालिकाको मुख्य बजार बाह्रबिसे हो । गाउँगाउँमा पनि दैनिक उपभोगका सामानहरू पाइने बजार, पसलहरू छन् । मुख्य किनमेलको लागि भने बाह्रबिसे बजार नै मुख्य गन्तव्य हो । गाउँका पसलहरूमा बाह्रबिसेबाट सामग्री लगिन्छ । समुदायलाई कतिपय सुविधा गाउँमा उपलब्ध भए तापनि धेरै समुदायका लागि उपचार, शिक्षा तथा अन्य कामको लागि पनि बाह्रबिसे नै पुग्नुपर्ने हुन्छ । नगरपालिकाबाट नजिकमा रहेका अन्य बजारहरूमा खाडिचौर, लामोसाँघु, तातोपानी हुन् । गम्भिर खालको बिरामी वा घाइतेको उपचार, उच्च शिक्षा, रोजगारी तथा अन्य सुविधाका लागि काठमाण्डौ जाने गरिन्छ ।

नगरपालिका क्षेत्रमा बाह्रबिसे उद्योग वाणिज्य संघ सङ्गठित र क्रियाशील छ । संघबाट बाह्रबिसे नगर विपद् व्यवस्थापन समितिमा संघको प्रतिनिधित्व रहेको छ । नगरपालिका क्षेत्रमा उद्योग व्यवसाय क्षेत्र पनि समग्रमा विपदजन्य बाढी, पहिरो, आगलागी, हुरीबतास लगायतका प्रकोपको जोखिममा रहेको छ ।विपद् व्यवस्थापनमा संघसँग साझेदारी र समन्वय गर्न सकिने अवसरहरू पनि रहेकाछन् ।

**<u>नजिकको सुरक्षा चौकी, उद्धार सेवा पाउन सकिने ठाउँ</u>:-** बाह्रबिसे बजारमा इलाका प्रहरी कार्यालय छ । कोदारी राजमार्गको ठाउँठाउँमा सुरक्षा जाँच चौकीहरू छन् । विपद् चेतना, सूचना र उद्धारमा आवश्यक्ता अनुसार नेपाली सेना जलेटार ब्यारेक सशस्त्र प्रहरी वल बेश क्याम्प लामोसाघु र ईलाका प्रहरी कार्यालय बाह्रविसे बाट विपद् सम्बन्धी खोज, उद्धार तथा राहतका काम गर्न वडी खटिरहनु भएको र तिनै तहका सुरक्षा निकाय बाट आवश्यकता अनुसार विपद् खोज, उद्धार तथा राहतमा परिचालन हुन्छ ।

लामोसाँघुमा सशस्त्र प्रहरी वल नेपालको क्याम्प रहेको छ । बाढी, पहिरो डुवान सवारी दर्धटना आत्महत्या लगायतका विपद्मा खोज तथा उद्धार कार्यमा परिचालित हुन्छ ।

यस नगरपालिकामा राज्यको संयन्त्र अनुसार विपद् स्वयं सेवक समूह निर्माण तथा परिचालन गराउन अधिल्लो आव बाट सुरुवात गरिएको र प्रदेश सरकारको आर्थिक सहायताले तालिम समेत समसन्न

गरिसकेको छ । नगरपालिकाले सुरक्षा निकायसँग समन्वय गरी आवश्यकता अनुसार विपद् खोज, उद्धार र राहतमा सहयोग लिने गरिएको छ र आगामी दिनमा पनि लिन सकिन्छ । साथै विपद् व्यवस्थापन सम्बन्धी तालिम र अन्य क्षमता विकासमा पनि सहकार्य गर्न सकिन्छ । सुरक्षा निकायहरू रहेका कतिपय स्थानहरू समेत बाढी, पहिरो, ढुङ्गा खस्ने लगायतका प्रकोपको जोखिममा रहेका छन् ।

**नेपाल रेडक्रस सोसाइटी र अन्य संघसंस्था:-** नगरपालिकामा नेपाल रेडक्रस सोसाइटीको बाह्रबिसे उपशाखा र विभिन्न वडामा सम्पर्क व्यक्ति, स्वयंसेवक रहेका छन् । सचेतना, पूर्वसूचना र राहतमा नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरिनेछ । नगर विपद् व्यवस्थापन समितिमा रेडक्रसका प्रतिनिधि रहने व्यवस्था छ ।

नगरपालिकामा प्रतिवद्ध-३ परियोजना, साथै विपद् र सामाजिक सुरक्षा संग अपांगताहरुको लागि महिला आत्म निर्भरता केन्द्र लगायतका परियोजना कार्यरत छन् जसबाट विपद् जोखिम अध्ययन, योजना तर्जुमा तथा कार्यान्वयनमा सहयोग पुग्नेछ ।

### २.१.१० नगरपालिकाको भू-उपयोगको अवस्था

बाह्रविसे नगरपालिकाको भूउपयोगको अवस्था तालिका ७ मा प्रस्तुत गरिएको छ:

*तालिका ७ नगरपालिकाको भूउपयोगको अवस्था*

| क्र. सं. | भू-उपयोगको प्रकार | क्षेत्रफल (वर्ग कि.मि..) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि भूमि | ५६.३६ | ४१.८० |
| २ | वनजङ्गल | ४०.३४ | २९.९२ |
| ३ | झाडी | १८.४९ | १३.७१ |
| ४ | घाँसे क्षेत्र | १८.६९ | १३.८७ |
| ५ | चट्टान भिर | ०.०२ | ०.०२ |
| ६ | बालुवा/बगर | ०.८९ | ०.६६ |
| ७ | बाँझो जमिन | ०.०२ | ०.०१ |

*स्रोत: बाह्र वसे नगरपा लकाको ई-प्रोफाइल*

### २.१.११ भू-आकृति तथा माटोको बनोट

बाह्रविसे नगरपालिकाको ई-प्रोफाइल अनुसार, यहाँको भूभाग समुद्री सतहबाट ७९० मिटर उचाइदेखि ३, ७०० मिटर सम्मको उचाइमा फैलिएको छ । यो नगरपालिकाको भू-आकृति तथा माटोको बनोटलाई मुख्यतया तीन भागमा निम्नानुसार विभाजन गरिएको छ । भू-आकृति तथा माटोको बनोट सम्बन्धी विस्तृतबिवरण तालिका ८ मा प्रस्तुत गरिएको छ ।

*तालिका ८ नगरपालिकाको भू-आकृति तथा माटोको बनावट*

| भौगोलिक विभाजन | समुद्री सतह देखिको उचाई (मिटरमा) | माटोको बनावट | प्राकृतिक सम्पदा |
|---|---|---|---|

| भौगोलिक विभाजन | समुद्री सतह देखिको उचाई (मिटरमा) | माटोको बनावट | प्राकृतिक सम्पदा |
|---|---|---|---|
| लेकाली भाग | २१३४ भन्दा माथि | सामन्यता २१३४ मिटर भन्दा अग्लो भएकोले हिउँझा निकै जाडो हुने, हिउँ पर्ने र पानी समेत पर्ने गरेको पाईन्छ। यहाँ ग्रेनाइट, दर्शुने ढुङ्गा प्रशस्त रुपमा पाईन्छ। | यस क्षेत्रमा सल्लो, गुराँस, धुपी, खर्सु, वाँझ आदि वनस्पति पाईन्छ। |
| पहाडी भाग | ९१६-२१३४ सम्म | यस भेगको पाखो भिरमा समेत राम्रो खेती योग्य जमिन छ । यस भागमा घना बस्तीहरु रहेको छ । | यस भेगको जङ्गल मा कटुस, चाप, ओखर, चिउरी, पिपल, टिमुर, चिलाउने, साल आदिका रुख बिरुवाहरु पाईन्छ। |
| बेशी | ७९०-९१५ सम्म | तराई तथा भत्री मधेशको समेत हावापानी पाउन स कन्छ। यस क्षेत्रमा गर्मीमा बढी गर्मी र जाडोमा बढी हुस्सु र चसो हावापानी हुन्छ। यो भेगमा घनाबस्तीहरु रहेको र व्यापारिक कृयाकलाप फस्टाउनुको साथै बजार केन्द्रहरुमा घरेलु उद्योग समेत रहेको छ। | साल, साझ, शिरिस, वैद्धार, बाँस, निगालो, चिउरी आदिका रुखहरु पाईन्छ। |

### २.१.१२ प्रमुख धार्मिक तथा पर्यटकीय स्थल

यस नगरपालिकाका मुख्य धार्मिक मगर गुम्बा, ग्याल्वोसाङ्गे गुम्बा, सेल्पु गुम्बा, भुमेस्थान मन्दिर, सेतिदेवी मन्दिर, देवी स्थान मन्दिर, कफेश्वर महादेव मन्दिर, क्षेमादेवी मन्दिर, ह्वाइट स्तुपा, साङलामु गुम्बा, इमानुयल चर्ज, उर्गेलिङ गुम्बा, यूनेछोईलिङ गुम्बा, सिद्धि महादेव मन्दिर, सेतिदेवी मन्दिर, कुम्भेश्वरी महादेव मन्दिर, दुतिखडा देवी मन्दिर, उर्गेन साङ्गाछ्यार्लिङ गुम्बा, निम्लिङ गुम्बा, च्याङ्ग्रेसे गुम्बा, गोरखनाथ उग्रेलिङ गुम्बा, सेतिदेवी मन्दिर, भिमसेनथान मन्दिर, टुङटुङ महादेव मन्दिर, भयौली कुन्ड मन्दिर, भुमे मन्दिर, सेतिदेवी मन्दिर, थगाम घ्याङ गुम्बा, कङग्यु र दर्शेलिङ गुम्बा, कङग्यु र दर्शेलिङ गुम्बा, उर्गेलिङ गुम्बा, गोरखनाथ गुम्बा, गुमुलुङ मन्दिर, सातकन्या सेतिदेवी मन्दिर, बाशुकीदेवी मन्दिर, कुन्साङधेछेन्लिङ गुम्बा, भद्रकाली मन्दिर, गोल्मा मन्दिर, सातकन्या माई मन्दिर, दोर्जेलिङसामा ङिङ्मा गुम्बा, कालिका मन्दिर, गोल्मा राजा मन्दिर, बगरे गणेश मन्दिर, छोर्तेन, कुन्दक छ्यौर्लिङ ङिङ्मा गुम्बा, कालिका मन्दिर, गोल्मा मन्दिर छन् भने पर्यटकीय हिसाबले छिमेकी जिल्लाको सिमाना विगु, थलथला झरना, घ्यू ढुङगा, गौरीशंकर संरक्षण क्षेत्रमा लोपोन्मुखरेडपाण्डा रहेको, मुकरुन्चे, थला डाँडा, बन्देल पोखरी, ओमपार्क घुडे आदि रहेका छन् ।

यी पर्यटकीय स्थल र सो स्थान जाने बाटोहरू हालको लागि सुरक्षित अवस्थामा रहे पनि बाढि पहिरो तथा विपदको अवस्थामा बिशेष ख्याल गर्नुपर्ने हुँदा सम्बन्धित व्यवस्थापन समितिहरु मानिसको भिडभाड हुने समय तथा मेला लाग्ने समयमा सचेत हुनु पर्दछ । सम्बन्धित व्यवस्थापन समितिहरुले वडा तथा नगर आपतकालिन सञ्चालन केन्द्रलाई त्यस्ता मेला वा भीडभाड हुने सूचना एक हप्ता पहिला नै गराउनु पर्दछ ।

### २.१.१३ नगरपालिकको वडा र सामुदायिक विपद् व्यवस्थापन समिति सम्बन्धी विवरण

बाह्रविसे नगरपालिकामा वडाहरुमा वडा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा विपद् व्यवस्थापन समिति रहेको छ । यस समितिको विवरण तालिका ९ मा दिइएको छ ।

*तालिका ९ वडा विपद् व्यवस्थापन समिति*

| वडा नं. | सदस्य संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| १ | ३ | ६ | ९ |
| २ | २ | ७ | ९ |
| ३ | ३ | १० | १३ |
| ४ | ६ | ५ | ११ |
| ५ | ३ | १४ | १७ |
| ६ | ३ | ८ | ११ |
| ७ | ५ | ८ | १३ |
| ८ | ३ | ६ | ९ |
| ९ | ४ | ७ | ११ |
| जम्मा | ३२ | ७१ | १०३ |

नगरपालिकामा पहिरो जोखिम क्षेत्रमा बसोबास गर्ने समुदाय र टोलहरूलाई समेटेर सामुदायिक विपद् व्यवस्थापन समितिहरू पनि गठन पुनर्गठन गरिएको छ । यसको विवरण तालिका १० मा दिइएको छ ।

*तालिका १० सामुदायिक विपद् व्यवस्थापन समिति*

| वडा | स्थान | सदस्य संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | सिमखर्क | २ | ५ | ७ |
| २ | वडा कार्यालय | १ | ४ | ५ |
| २ | कर्थली | २ | ७ | ९ |
| २ | बुधेपा | ३ | ८ | ११ |
| ३ | ठुलोपालती | ७ | ० | ७ |
| ३ | गोम्बेडाँडा | १ | ८ | ९ |
| ५ | टार | २ | ५ | ७ |
| ५ | जम्बु | ३ | ८ | ११ |
| ६ | यार्सा | २ | ५ | ७ |
| ६ | गाती | ४ | ५ | ९ |
| ७ | नाग्पुजे | २ | ९ | ११ |
| ७ | डाँडा गाउँ | २ | ७ | ९ |
| ७ | थगाम | २ | ७ | ९ |
| ८ | घिमिरे छाप | ५ | ४ | ९ |

खण्ड-ख

## २.२ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपका पहिचान तथा स्तरीकरण

विद्यमान प्रकोपहरुको पहिचानको लागि नगरपालिकामा उपलब्ध तथ्याङ्कको अध्ययन पहिला पनि भएको र हाल पनि भैरहेको छ । नगरपालिकाको पार्श्वचित्र अनुसार यहाँ हुन सक्ने सम्भावित प्रकोप तालिका ११ मा प्रस्तुत गरिएको छ ।

*तालिका ११ नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोप*

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागू नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरपालिकामा विशेषत: साना खोला र खोल्साहरू बग्ने गरेको र बर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरू तथा भुकम्प प्रभावित भीर पाखाहरूमा पहिरो जाने गरेको। | असार - असोज |
| ४ | आगलागि | नगरपालिकाको घनावस्ती रहेका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागिका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ५ | महामारी | प्राकृतिक प्रकोप पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूलन क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | जंगली जनावर आतंक | नगरपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा सिँचाइ नपुगेका भागहरू | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत:बाहविसे नगरपालिकाको ई-प्रोफाइल*

वडा तथा समुदाय स्तरमा भएका विपद्का घटना तथा असर पहिचान गर्न संकटासन्नता तथा क्षमता लेखाजोखा गरिएको थियो। यो लेखाजोखा गर्दा विपद् प्रभावित समुदायका ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, बुद्धिजिवी, समाजसेवी एवम जनप्रतिनिधि आदिको प्रत्यक्ष सहभागीतालाई सुनिश्चित गरीए संगै वडा तथा समुदायमा घटेका विपद् बारेको व्यक्तिगत तथा सामुहिक अनुभव तथा सूचनाको आदानप्रदान र ऐतिहासिक विपद्जन्य घटनाको अध्ययन र विश्लेषण गरेर समुदायमा विगत देखि वर्तमानसम्म

विपद् निम्त्याउने प्रकोपहरुको पहिचान गरी विपद्को ऐतिहासिक समय रेखा, सरोकारवालाको नक्साङ्कन, विपद्को प्राथमिकता, जोखिम नक्सा जस्ता विधि प्रयोग गरि प्राप्त गरिएको सूचना तल प्रस्तुत गरिएको छ ।

### २.२.१ विपद्को ऐतिहासिक समय रेखाः

विपद्को इतिहासलाई हेर्दा सिन्धुपाल्चोक जिल्लाका स्थानीय तह मध्ये यो नगरपालिका तुलनात्मक रूपमा बढि जोखिमपूर्ण रहेको देखिन्छ। अकस्मात् र दोहोरिएर हुने प्रकोपका घटनाहरूले यस नगरपालिकाका जोखिमयुक्त समुदायहरूलाई निकै कष्टपूर्ण र अनिश्चित जीवन बिताउन बाध्य पारेको पाइन्छ। विगत ३० वर्षमा नगरपालिका अन्तर्गत घटेका विभिन्न विपद्जन्य घटनामा परि मानवीय र भौतिक क्षति भएको देखिन्छ। वर्षैनि घट्ने प्राकृतिक विपद् जस्तैः बाढी, पहिरो, हुरीबतास, आगलागी, हिमपात, वन्यजन्तुको आतङ्क, खडेरी आदिबाट धेरै ठुलो मात्रामा भौतिक, मानवीय तथा प्राकृतिक स्रोतहरूको क्षति हुने गरेको छ । वडा स्तरीय संकटासन्नता तथा क्षमता विश्लेषण अन्तर्गत ऐतिहासिक समय रेखाको माध्यमबाट प्राप्त भएको विवरणको सारांश तालिका १२ मा प्रस्तुत गरिएको छ ।

*तालिका १२ विपद्को ऐतिहासिक क्षति विवरण*

| क्र.सं. | विपद्को प्रकार | साल (वि.सं.) | स्थान | वडा | असर | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प | २०७२ बैशाख | सबै स्थान | सबै (वडा १ देखि ९) | वि.सं. २०७२ सालको महाविनाशकारी भूकम्पले यस नगरपालिकाको अधिकांश भौतिक संरचनामा क्षति भएको र करिब २८१२ भन्दा बढी घरहरू पूर्ण रुपमा क्षति, १६५ (९० महिला) जना भन्दा बढी मानिसको मृत्यु र २८० भन्दा बढी मानिसहरू घाइते। साथै अन्य भौतिक संरचना जस्तै मठमन्दिर (३३), गुम्बा (११), सामुदायिक विद्यालय (४४), चर्च (११) पानी घट्ट (४२), स्वास्थ्य चौकी (७) हरू पुर्ण रुपमा क्षति भएको। ५० भन्दा बढी पानीका मुहानहरू भूकम्प पश्चात् क्षति भएको र सुक्ने क्रम बढेको। भूकम्प पश्चात् निर्मित पहिरोले ६०० रोपनी भन्दा बढी जमिन बगाएको र वडा नं ५ मा ६५ घर विस्थापित भएको। ठुलो सङ्ख्यामा पशु चौपायाको क्षति भएको ।मिति २०८१/११/१६ गते विहान ३.५० बजेको समयमा आएको भुकम्पले वडा नं. २ को गोम्बेडाडा करे तामाङको घर सामान्य क्षती भै निजको श्रीमती घाईते अवस्थामा घुलिखेल उपचारको लागि पठाई | वडा स्तरिय संकटासन्नता तथा क्षमता विश्लेषण (VCA) र नगरपालिकाको तथ्याङ्क |

| क्र. सं. | विपद्को प्रकार | साल (वि.सं.) | स्थान | वडा | असर | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| २ | पहिरो | २०५१ देखी २०८२सम्म | कर्थली, तारेपाकखर, नेपाली टोल, कालापानी, धार्पा, कल्लेरी, जम्मु, कसेरी, जुरे | वडा नं २, ५, ७, ९ | हाल सम्म यस नगरपालिकामा वि.सं. २०७१ मा गएको जुरेको पहिरोलाई निकै ठुलो विपद्को रूपमा लिइएको छ । जसमा १४५ जना भन्दा बढी मानिसको ज्यान गएको। त्यसै गरि वि.सं. २०७७ असार २४ गते जम्बु, खागदल, वुकाम र केसरीमा गएको पहिरोले २१ (११ जना महिला) जनाको मृत्यु भएको । त्यसै गरी वडा नं ७ को नागपुजेमा ३१ जनाको पहिरोको कारण ज्यान गएको तथा २६ वटा घर पूर्ण रुपले क्षति भएको र अन्य भौतिक संरचनामा पनि क्षति भएको। यस नगरपालिकामा विभिन्न समय र स्थानमा गएको पहिरोले निकै ठुलो मात्रामा जनधन, खेतीपाती, पशु चौपाया र खेतीयोग्य जमिनको नोक्सानी भएको । २०७९ श्रावण महिनामा बा.न.पा.-९ मा ३ घरधुरी पुर्ण क्षती र ३ घरधुरी आंशिक क्षेती भएको छ । भने वडा नं. ७ को घुम्थाङको भोटाङगैराको ३० घरधुरी जोखिममा रहेको छ । | |
| ३ | बाढी | वि.सं. २०३८ देखी २०८२ आश्विन सम्ममा | याल्मु खोला, खाग्डोल, सुनकोशी र भोटेकोशी नदी | सबै वडा | वि.सं. २०३८ सालमा आएको बाढीले ८० भन्दा बढी घरधुरीको पुर्ण रुपमा क्षति भएको, १३ वटा झोलुङ्गे पुल, १६ वटा पानी घट्ट, आर्यघाट बगाएको र ९ मानिसको मृत्यु र त्यसै गरी वडा नं ९ मा २ बुढाबुढीको मृत्यु भएको र छोरा चाहिँ हाल सुकुम्वासी अवस्थामा रहेको। करिब ८०० रोपनी भन्दा बढी खेतीयोग्य जमिन क्षति भएको जसमा ४०० रोपनी जमिन उच्च जोखिममा रहेको छ ।छिमेकी राष्ट्र चिन संग सिमाना नजिक भएको कारण चिनको क्षेत्रमा वर्षाहुदा पनि बाढीको असर पुर्याउने गर्दछ भने मिति २०८१ आषाढ ३१ गते खाकदल खोलाको सिर सानोबालुवाको माथि बाट आएको पहिरोले तल बाढी बनेर अरनिको राजमार्गको खाकदलमा वनेको बेलिब्रिज बगाएको संगै रहेको बंगुरखोर लाई क्षेती परेको साथै आश्विन ११ र १२ गते परेको भारिवर्षाको कारण भोटेकोशी खोलाको बाढीले करिव ०.५ कि.मी. खाकदल | |

| क्र. सं. | विपद्को प्रकार | साल (वि.सं.) | स्थान | वडा | असर | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | क्षेमादेवी सडक र बाह्रविसे सुनकोशी सडक खण्डमा ०.५ कि.मी. पुर्ण क्षेति भएको र । | |
| ४ | आगलागी | २०५८-२०८२देखी बार्षिक | सबै वडा हरुमा हिउदको समयमा आग्लागीको प्रकोप भैरहेको साथै जनधनको क्षेती पनि रहेकोछ | १ नं. वडा देखी ९ सम्मको वडा हरुमा | प्रत्येक वर्ष सुख्खा याममा स्थानीय तथा सामुदायिक जङ्गलमा आगलागी हुने गरेको तर तथ्याङ्कको अभिलेख नरहेको र हाल सम्म करिब ८० हेक्टर वन डढेको र ३ घर र किचेन समेत ४ वटा पूर्ण रुपमा क्षति, ५ जनाको मृत्यु जस मध्ये १ बच्चा र ११ वटा चौपायाको क्षति।<br>वडा नं ७ को थगाममा गोठ आग्लागीभै क्षेती पुगेको छ ०८१ /०८२ वडा नं. १, ४, ७ र ९ वडामा गाईगोठ किचेन र घर गरी जम्मा २० लाख बरावरको क्षतिभएको छ । | |
| ५ | चटयाङ | २०४५-२०८२ | धार्पा कोशीङडा, थला डाँडा, धार्पाको शिरमा, ओखेनी, बुढाथोकी टोल घुडे चुल्ठी | २, ३, ४, ५, ६, ९ | हाल सम्म चटयाङ्गबाट मृत्यु हुनेको सङ्ख्या ५ जना र ७ जना घाइते भएको। साथै यसबाट पशु चौपाया पनि ठुलो सङ्ख्यामा क्षति भएको तर यकिन तथ्याङ्क नरहेको। यो सङ्ख्या अझै ठुलो हुन सक्ने ।वढी चटयाङ डाँडाडाँडामा क्षेती पारेको छ | |
| ६ | विद्युतीय करेण्ट | २०६७-२०८२ | चिलाउने घारी र अन्य स्थान | ४, ७, ९ | हाल सम्म विद्युतीय करेन्टबाट पनि ५ जनाको मृत्यु र ५ जना घाइते।यसको जोखिमता वढ्दै गैरहेको छ ।भने विद्युत लाईन सुधार गर्ने क्रममा मेन लाईनको काम गर्दागर्दै विद्युत सर्टभै एक जनाको घटनास्थलमै मृत्यू भएको छ | |
| ७ | सडक दुर्घटना | ०८२ सम्मको तथ्यांकमा | नौ वटै वडाको १३ स्थानमा सवारी साधन दुर्धटना परेके छ | १ | हाल सम्म ११ जनाको सडकमा सवारी साधन दुर्घटना बाट मृत्यू भएको छ भने २०६७ साल वडा नं १ मा ट्रक पल्टिएर ४ जना जना घाईते भएको छ मिति २०८०/०८१ मा वडा नं. ७ को नाकपुजेमा बलेरो दुर्घटनाभै २ जनाको मृत्यू भएको थियो भने अरु अपृय घटना नभएको । | |
| ८ | असिना | | | सबै वडा | वार्षिक रूपमा अन्न र तरकारी बालीको क्षति। क्षतिको यकिन तथ्याङ्क नपाइएको । | |
| ९ | हावाहुरी | हाल सम्म | | सबै | वडा नं २ मा विद्यालय भवन पुर्ण रुपमा | |

| क्र. सं. | विपद्को प्रकार | साल (वि.सं.) | स्थान | वडा | असर | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | वडा | क्षति भएको। वडा नं ४ र ९ मा लगभग सबै घरको छाना उडाएको ।३५० घरको छाना उडाएको साथै स्वास्थ्य चौकी र गुम्बाको पनि छानाहरू उडाएको जानकारी छ । | |
| १० | हिमपात | हाल सम्म | | वडा नं. १ | हिमाली भेगमा पशुचौपाया, अन्नबाली, फलफुलमा व्यापक क्षति। क्षतिको यकिन तथ्याङ्क नपाइएको । | |
| ११ | जंगली जनावरबाट वालीनाली नष्ठ | हाल सम्म | बार्षिक | सबै वडा | करिब ५०% सम्म अन्न बाली तथा फलफूल नष्ट हुने गरेको, पछिल्लो समय बाह्रै महिना वडाका सबै ठाउँमा जनावर आतङ्कले समुदायलाई आक्रान्त पारेको। अन्नबाली, फलफूलमा व्यापक क्षति। खेती कर्म प्रति वितृष्णा र यसैको कारण बाँझोपना बढ्न लागेको। | |
| १२ | महामारी | हाल सम्म | | सबै वडा | कोभिड महामारीको प्रभाव केहि हद सम्म अझै परिरहेको । | |

*स्रोत: वडा स्तरिय संकटासन्नता तथा क्षमता विश्लेषण तथा **नगरपालिकाको थप तथ्याङ्क***

### २.२.२ प्रकोपको स्तरिकरण

मिति २०८२/०२/२५ गते भएको छलफलको माध्यमबाट वडागत रूपमा विभिन्न प्रकोपको स्तरीकरण गरिएको थियो। वडागत प्रकोप स्तरीकरणबाट आएको सूचनालाई आधार मानी नगरपालिकाको प्रकोप स्तर निर्धारण गरिएको छ । यस प्रकार गरिएको नगरपालिकाको प्रकोप स्तरीकरण निम्न रहेको छ ।

*तालिका १३ नगरपालिकाको प्रकोप स्तरीकरण*

| मुख्य विपद् | अंकभार | स्तर | कैफियत |
|---|---|---|---|
| भूकम्प | ८ | पहिलो | |
| पहिरो | ७ | दोस्रो | |
| बाढी | ६ | तेस्रो | |
| सडक दुर्घटना | ५ | चौंथो | |
| आगलागी | ४ | पाचौं | |
| जनावर आतङ्क | ४ | छैठौं | |
| महामारी | ३ | सातौं | |
| चट्याङ | २ | आठौं | |
| विद्युतीय करेन्ट | २ | नवौं | |
| हावाहुरी | २ | दशौं | |
| हिमपात | १ | एघारौं | |

*स्रोत: वडा स्तरिय संकटासन्नता तथा क्षमता विश्लेषण*

### २.२.३ प्रकोपका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागी पहिचान भएका उपाय

बाह्रविसे नगरपालिकाका सम्भावित प्रकोप, कारण, प्रभाव जोखिम न्युनिकरणका उपाय सहितको विश्लेषण तल तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १४ सम्भावित प्रकोप, कारण, प्रभाव जोखिम न्युनिकरणका उपाय*

| क्र.सं. | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनिकरणका लागी पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | • भौगोलिक बनावट<br>• अव्यवस्थित बसोबास<br>• भूकम्प प्रतिरोधी भवनहरू निर्माण नगर्नु<br>• दक्ष प्राविधिकको अभाव<br>• कच्ची भवनहरू निर्माण हुनु | • मानवीय क्षति<br>• भौतिक संरचनामा क्षति<br>• विभिन्न निकायले दिने नियमित सेवा अवरुद्ध<br>• वृद्ध, –वृद्धा बालबालिका, अशक्त, अपाङ्गता भएका व्यक्तिहरू, सुत्केरी, गर्भवती महिलालाई बढी असर<br>• मनोसामाजिक समस्या<br>• लैङ्गिक हिंसा<br>• यौन शोषण र दुर्व्यवहार | • भूकम्प प्रतिरोधी घर बनाउने, पूर्व तयारीमा रहने, प्राविधिक रूपले जोखिमयुक्त ठाउँमा नबस्ने<br>• जनचेतनाका लागि कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने<br>• सुरक्षित आवास निर्माण अनिवार्य गर्ने<br>• बसोबासलाई व्यवस्थित गर्दै लैजाने ।<br>• भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्ने । |
| २ | बाढी/पहिरो | कमजोर र भिरालो भू बनोट<br>अव्यवस्थित खेतीपाती, अति चरिचरण<br>अव्यवस्थित बसोबास तथा विकास निर्माण<br>वन विनाश, कमजोर भूवनौट, खुकुलो जमिन<br>जथाभाबी सडक निर्माण<br>ढुङ्गा, गिट्टी, बालुवाको अत्यधिक दोहन<br>दीगो विकासको अवधारणा अनुरूपको ज्ञान समुदायलाई नहुनु<br>अविरल वर्षा<br>नदीको अतिक्रमण तथा धार परिवर्तन | भूक्षय<br>खेतीयोग्य जमिनको क्षति<br>सडक अवरोध<br>जनधनको क्षति<br>पानीको श्रोत सुक्ने<br>वाली नाली विनाश<br>आर्थिक व्यय बढ्ने<br>विपन्न किसानहरूलाई असर<br>बसाईँसराइ<br>भुकम्प पश्चातको पहिरोको कारण जङ्गल क्षेत्र समेत विनाश | • वृक्षारोपण<br>• सडक निर्माण गर्दा आवश्यक मापदण्ड पालना गर्नु पर्ने<br>• भारी उपकरणको दुरुपयोग गरी भिरालो जमिनको अत्यधिक कटान नगर्ने<br>• तटबन्ध निर्माण (आवश्यकता अनुसार)<br>• व्यवस्थित बसाइसराइ<br>• पहिरो जान सक्ने पाखाहरूमा बायो-इन्जिनियरिङ्ग प्रविधिको अपनाउने<br>• विपन्न र पीडित परिवारलाई आर्थिक सहयोग गर्ने<br>• जनचेतनाका लागि कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने । |
| ३ | चट्याङ | • प्राकृतिक कारण<br>• चट्याङ सुरक्षा | • मानवीय क्षति (मृत्यु, घाइते) | • घरमा चट्याङ सुरक्षा प्रणाली जडान गर्ने |

| क्र.सं. | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनिकरणका लागी पहिचान भएका उपाय |
|---|---|---|---|---|
| | | प्रणाली जडान नगरी घर निर्माण गर्नु<br>• चट्याङ पर्ने बेला के गर्ने के नगर्ने भन्ने चेतनाको अभाव<br>• विद्युतीय उपकरणको सही प्रयोग नगर्नु<br>• घर छेउ अग्ला रुखहरू हुनु | • भौतिक क्षति, आगलागी<br>• विद्युतीय उपकरण जस्तै रेडियो, टिभी, फ्रिज आदिमा क्षति<br>• भौतिक संरचनामा क्षति<br>• मनोसामाजिक असर<br>• पशुपंक्षीको क्षति | • घर वरिपरि अग्ला रुख भए काट्ने<br>• विद्युतीय सामग्री प्लगबाट छुटायर राख्ने<br>• जनचेतना जगाउने<br>• सुरक्षित स्थानमा चप्पल, जुत्ता लगाएर खाटमा बस्ने<br>• पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने<br>• चैत्र, वैशाख र जेठ महिनाको अपराह्नको समयमा घर बाहिर ननिस्कने |
| ४ | हावाहुरी | • जलवायु परिवर्तन<br>• लामो समय सम्म खडेरी | • घर तथा गोठको छाना उडाउने, मानिसहरु घाइते हुने, बिजुलीको पोल ढली जनधनको क्षति, अन्नबाली नष्ट हुने,<br>• भौतिक संरचना नष्ट<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरु प्रत्यक्ष मारमा | • घर तथा गोठलाई व्यवस्थित गर्ने<br>• भौतिक संरचना हुरिबतास बाट असर नहुने किसिमको निर्माण गर्ने र निर्माण भएकालाई सुरक्षित बनाउने |
| ६ | आगलागी | • खडेरी<br>• हुरी बतास<br>• वन जङ्गल फडानी<br>• खाना पकाउँदा वा आगो ताप्दा वा विद्युतीय उपकरण प्रयोग गर्दा होस नपुऱ्याउनु<br>• वन व्यवस्थापन नीति नहुनु | • जनधनको क्षति, मृत्यु, घाइते<br>• बसाई सराई<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरू प्रत्यक्ष मारमा<br>• घर तथा जङ्गल नष्ट हुनु | • अग्नि रेखा निर्माण<br>• सुधारिएको चुलोको प्रयोग<br>• वैकल्पिक ऊर्जा प्रयोगमा जोड<br>• सुख्खा याममा विशेष सावधानी अपनाउने<br>• वन जङ्गलमा आगो नलगाउने<br>• जनचेतनाका लागि कृत्रिम अभ्यास कार्यक्रम गर्ने<br>• वन जङ्गल सुरक्षाको लागि स्थानीय कानुन निर्माण |

| क्र.सं. | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनिकरणका लागी पहिचान भएका उपाय |
|---|---|---|---|---|
| ७ | महामारी | • प्रदूषित खानेपानी<br>• सरसफाइ र चेतनाको कमी<br>• सूक्ष्म जीवाणु जस्तैः ब्याक्टेरिया, भाइरसको आक्रमण | • मृत्यु र मृत्युको भय<br>• भोकमरी तथा गरिबी बढ्ने<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरू प्रत्यक्ष मारमा पर्ने<br>• लैङ्गिक हिंसा बढ्ने<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरू प्रत्यक्ष मारमा | • सचेत हुने<br>• रोग पहिचान गर्ने र समयमै उपचार गर्ने,<br>• खानेपानी मुहान संरक्षण<br>• प्रशस्त पानी, पोसिलो खानेकुरा खाने<br>• बालबालिका, बृद्धबृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरूको विशेष हेरविचार गर्ने<br>• पानीको शुद्धता तथा व्यक्तिगत सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्ने<br>• सार्वजनिक तथा निजी शौचालय निर्माण<br>• स्थानीय प्रशासन तथा स्वास्थ्य निकायले जारी गरेको मापदण्डलाई पालना गर्ने<br>• मनोवैज्ञानिक परामर्श सेवा |
| ८ | जनावर आतङ्क | • वनजङ्गल अतिक्रमण<br>• जङ्गलमा खानेकुरा तथा पानीको अभाव<br>• खेती योग्य जमिन बाँझो हुनु | • धन जनको क्षति<br>• बसाई सराई<br>• रेविज रोगको सङ्क्रमण बढ्ने<br>• बालबालिका, बृद्धबृद्धा, महिला एवं अपाङ्गता भएका व्यक्तिहरू आक्रमणको सिकार हुनु | • स्थानीय जङ्गलमा फलफूल लगाउने<br>• पानीका स्रोत संरक्षण गर्ने तथा<br>• हेरालुको व्यवस्था गर्ने |

### २.२.४ विपद्बाट भएको क्षतिको विवरणः

विगत तीस वर्षमा नगरपालिकामा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छः

*तालिका १५ विगत तीस वर्षको विपद्बाट भएको क्षति*

| विपद्को किसिम | घटनाको समय | भौतिक क्षति घरधुरी | मानवीय क्षति | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | घाइते | जम्मा | | |
| भूकम्प | ०८२ आषाढ सम्ममा | ७४९५ | ११८ | ९७ | ४८३ | ६९८ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना | २१५ को मृत्यू |
| पहिरो | ०८२ आषाढ सम्ममा | ६६ घर प्रभावित | १० | ११ | १६ | ३७ | नेपाल प्रहरी | ३५ जना बेपत्ता |
| जुरेको पहिरो | ०८२ आषाढ सम्ममा | पाँच गाउँ/बस्ती बगाएको | ३ | ५ | - | ८ जना को मृत्यू | वडा नं. ९ को तथ्यांक अनुसार | |
| बाढी | ०८२ आषाढ सम्ममा | ११ घर प्रभावित | | | | | नेपाल प्रहरी | अनुमानित ५करोड सम्मको क्षति |
| आगलागी | ०८२ आषाढ सम्ममा | ५ घर प्रभावित | | | ३ | | नेपाल प्रहरी | |
| चट्याङ | ०८२ आषाढ सम्ममा | | | | १४ | ५ जना मृत्यू | | |
| महामारी | ०८२ आषाढ सम्ममा | | ९८ | १३४ | | २३२ | कोभिट लगाएत अन्य प्रकोपमा परि अपांग तथा घाईतेको तथ्यंक | २ पुरुष र २ महिलाको मृत्यु |

## २.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस नगरपालिकाका नौ वटै वडाका बस्ती, कृषि र वन क्षेत्र भूकम्प, बाढी, पहिरोको उच्च जोखिममा रहेका छन्। नदीजन्य पदार्थको अत्यधिक दोहन तथा निकासी हुँदा नदी सतह गहिरिँदै जाँदा नदी आसपासका क्षेत्रमा सुख्खापन बढ्दै जाने र कटान तथा भूक्षयको सम्भावना पनि बढ्दो क्रममा रहेको छ । हावाहुरी, असिना पानी, आगलागी, वन्यजन्तु आतङ्क, चट्याङ, खडेरी जस्ता प्रकोपहरूले पनि सबै वडामा प्रत्यक्ष असर पार्न सक्छ। विगत केही वर्ष देखि जङ्गली जनावर आतङ्कबाट पशु चौपाया र अन्नबालीमा क्षति हुने गरेको र यसको त्रास पनि ९ वटा वडाहरूमै रहेको छ ।मानवीय गतिविधिका कारण वनमा हुने आगलागीको सङ्ख्या हरेक वडामा बढ्ने देखिन्छ। भूकम्पबाट हुन सक्ने क्षतिबाट सबै वडाका समुदाय/बस्ती प्रभावित हुने अवस्था छ । सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्रको विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १६ सम्भाव्य प्रकोप तथा प्रभाव क्षेत्र*

| क्र.सं | संभावित प्रकोप | विद्यमान अवस्था | स्थान | समय |
|---|---|---|---|---|
| १ | भूकम्प | नगरपालिकामा भूकम्पीय जोखिमको अवस्था उच्च रहेको र भूकम्पीय दृष्टिले वि सं २०७२ सालको भूकम्प पछि बनेका संरचना सबैमा भूकम्प प्रतिरोधात्मक मापदण्ड पुरा नभएको। | सबै वडा | जुनसुकै समयमा हुन सक्ने |
| २ | पहिरो | भौगोलिक रूपमा कमजोर भिराला पाखा तथा पहाडहरू। सुख्खा, खुकुलो माटोको बनावट, नाङ्गा डाँडाहरू भएको र भूकम्प पश्चात् अधिकांश भिरहरूमा चिरा परि जोखिममा रहेको हुनाले जति बेला पनि पहिरो जाने डर। विशेष गरि वर्षा यममा पहिरो जाने डरबाट त्रसित हुनु पर्ने अवस्था। अधिकांश ग्रामीण सडक इन्जिनियरिङ मापदण्ड पालना नगरी (ग्रेड नमिलाई, टेवा पर्खाल र पानी निकासको संरचना नराखी) निर्माण गरिनु। भारी यन्त्र जस्तै डोजर, एक्स्काभेटर विधिको ख्यालै नगरी जथाभावी प्रयोग गरिनु । | | असार देखि असोज |
| ३ | बाढी तथा भलबाढी | स-साना खहरे खोला र यस नगरको मध्य भागबाट भोटेकोशी नदी बग्ने हुनाले नदी तटीय क्षेत्रमा बर्सेनि डुबान र कटान गरी क्षति पुऱ्याइरहेको छ । बर्सेनि धेरै सङ्ख्यामा यहाँका परिवारहरू विस्थापित हुने गरेका छन्। | नदी तथा खोला/खोल्सी आसपासका बस्ती बढी जोखिममा | असार देखि असोज |
| ४ | आगलागी | नगरपालिका भित्रका बस्तीहरूमा सचेतनाको कमी, अग्नि नियन्त्रण यन्त्र तथा औजारहरूको कमी, वन जङ्गलको फडानी, जथाभावी आगो बाल्ने, लामो खडेरी, सुख्खापना, लापरबाही एवं धूम्रपान जस्ता क्रियाकलापले गर्दा आगलागीको घटनाहरू हुने गरेको । नगरपालिकामा वारुणयन्त्रको नभएको। | सबै वडा तथा सबै वनजङ्गल क्षेत्र | चैत देखि जेष्ठ |

| क.सं | संभावित प्रकोप | विद्यमान अवस्था | स्थान | समय |
|---|---|---|---|---|
| ५ | जङ्गली जनावरको आतङ्क | वन जङ्गल नजिक बसोबास भएको वस्तीमा बढी क्षति भएको, जङ्गल मा खानेकुरा र पानीको अभाव हुनु | सबै वडा | जुनसुकै समय |
| ६ | चट्याङ, | चट्याङ शुरक्षा प्रणाली र विद्युतिय शुरक्षा प्रणालीको नराखि घर निर्माण । चैत्र, वैशाख, जेष्ठ महिना तथा वर्षायाममा चट्याङका घटना बढीहुने | सबै वडा खासगरि उच्च स्थानका ठाउँहरु | चैत्र, वैशाख, जेष्ठ महिना तथा वर्षायाम |
| ७ | खडेरी | जलवायु परिवर्तन, अनियमित वर्षा ।पानी नपरेको समयमा र सिँचाइ नपुगेको जमिनमा बढी असर। | सबै वडा | सुख्खा याममा |
| ८ | सडक दुर्घटना | खास गरी ग्रामीण सडक मापदण्ड अनुसार निर्माण नहुनु, साँघुरा घुम्ती, अधिक ग्रेड, पानी निकासको प्रबन्ध नगर्नु तथा प्राकृतिक पानी निकास अवरुद्ध गर्नु, भारी उपकरणको जथाभाबी प्रयोग गरी अत्यधिक कटान कार्य गर्ने कारण सडक आसपास पहिरोजन्य जोखिम तथा सडक दुर्घटना बढेको । | सबै वडा | सबै याममा जोखिम तर बर्षा याममा अझ बढी जोखिम |

बाह्रविसे नगरपालिकाको भौगर्भिक अध्ययन प्रतिवेदन अनुसार वडा ७ को तङसार, वडा ५ को रुम्टा, वडा २ को खहरे, वडा ५ र ३ को खाग्दल बस्ती पहिरोको निकै जोखिममा रहेको र बस्ती स्थानान्तरण गर्नु पर्ने अवस्था छ ।स्थानान्तरणको कार्य केहि बस्तीमा सुरु भईसकेको छ ।

## २.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

वि.सं. २०७२ वैशाख १२ र २९ गते गएको महाविनाशकारी भूकम्प र त्यसपछिको पराकम्पले जन धनको ठुलो क्षति पुऱ्याएको थियो। त्यस भूकम्पमा परि यस नगरपालिकामा मात्र करिब २१५ जनाले ज्यान गुमाएका थिए भने करिब ४८३ जना घाइते भएका थिए। उक्त भूकम्पको कारण ७४९५ घरको क्षति भएको थियो। नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कम भएको र भवन मापदण्ड पालना नगरी आफूखुसी भवन निर्माण भएको हुँदा भूकम्पबाट हुने क्षतिको बृद्दि बढेको र न्यूनिकरण गर्न आवश्यक छ ।

करिब तिस वर्षको विपद्लाई केलाउँदा बाह्रविसे नगरपालिकामा ठुला साना गरेर २२ पटक भन्दा बढी पहिरोका घटना भएको पाइन्छ। वि.सं. २०७२ सालको भूकम्प पश्चात् जमिनमा परेका चिरा, खुकुलो माटो र त्यसमा पानी छिरेको कारण पहिरोको क्रम बढिरहेको छ ।वि.सं. २०७१ सालमा गएको जुरेको पहिरोमा परि करिब १४५ जनाको ज्यान गएको र धेरै ठुलो मात्रामा जमिन र अन्य भौतिक सम्पत्ति क्षति भएको थियो। यो पहिरोले पुरा पाँच गाउनै बगाएको थियो । वि.सं. २०७३ साल असार २१ गते तिब्बतको हिमताल फुटेर र भोटेकोशी नदीमा बाढी आउँदा तल्लो तटीय क्षेत्र बाह्रविसे सम्म ठुलो क्षति भएको थियो र १०० भन्दा बढी घर तथा अन्य संरचना बग्नुका साथै अरनिको राजमार्ग पूर्ण रूपले ध्वस्त भएको थियो। नगरपालिकाको क्षेत्रमा गरिएको भौगर्भिक अध्ययनबाट पनि यस नगरपालिकाका करीब ८३ बस्तीहरू पहिरोको जोखिममा रहेको पाइएको छ ।

खडेरी, आगलागीबाट सुरक्षा सम्बन्धी ज्ञानको अभाव, लापरबाही, धूम्रपान, वन जङ्गलको फडानी, जथाभाबी आगो बाल्ने आदि कारणले प्रत्येक वर्ष नगरपालिकाका बस्ती तथा वन जङ्गलमा आगलागीका घटनाहरू हुने गरेको छ । आगलागीका विषयमा ज्ञान कम हुनु, जङ्गल फडानी गर्नु, हुरी बतास आएको बेलामा चुलोमा खाना पकाउनु, जङ्गलमा आगो लगाउनु, आगलागीबाट बच्न पूर्व तयारी नगर्ने जस्ता मानवीय त्रुटिका कारण प्रत्येक वर्ष आगलागीका घटनाहरू दोहोरिने गरेको छ । यस बाट मानवीय, भौतिक र आर्थिक क्षति समेत हुने गरेको छ ।अग्नि नियन्त्रण यन्त्र तथा औजारहरूको कमी जस्ता कारणले आगलागी नियन्त्रण गर्न तथा जनधनको क्षति कम गर्न समस्या रहेको छ ।

बर्सेनि सुख्खा याममा (चैत, वैशाख, ज्येष्ठ महिनामा) आउने गरेको हावाहुरीको कारणले भौतिक तथा आर्थिक क्षति हुने गरेको छ । वि. सं. २०७२ साल भन्दा अगाडि आएको हावाहुरीका कारण घरका छानाहरू उडाएको, विद्यालयका भवनहरू चर्किने र भत्किने र अन्नबालीमा क्षति भएको थियो। साथै चटयाङ, विद्युतीय करेन्ट, सडक दुर्घटना जस्ता विपद् बाट समय समयमा नगरवासी मारमा परेको पाइन्छ।

उपलब्ध तथ्याङ्क अनुसार, विगत ५-६ वर्ष देखि वन्यजन्तु आतङ्क (बाँदर, दुम्सी, भालु, चितुवा) का घटना बढ्दै गएको छ । जङ्गल क्षेत्र बाक्लो भएको तर जङ्गली जनावरको लागि पर्याप्त खानेकुराको अभाव बढ्दै गएको कारण मानव र वन्यजन्तु बिचको द्वन्द्व पनि बढ्दो क्रममा रहेको छ । पछिल्लो समयमा बाँदर, दुम्सी, बँदेल, चितुवा जस्ता जङ्गली जनवारले दुःख दिने गरेको, लगाएको अन्नबालीमा पूर्ण रूपमा क्षति पुग्ने गरेको छ । हाल सम्म कुनै पनि मानवीय क्षति नभएता पनि जङ्गली जनवारको हमलाले केही मानिस घाइते भएका छन् र पछिल्लो समयमा जङ्गली जनवारको त्रास सबै वडामा बढ्दो क्रममा रहेको छ ।

२०७६ साल माघदेखि विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ भाईरस (यसका विभिन्न भेरियन्ट) को असर नेपालभरी व्यापकरुपमा फैलिएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्क अनुसार हाल सम्म नेपालमा १, ००१, ६६८ मानिसहरु कोभिड-१९ बाट संक्रमित भएका छन् भने १२०२० मानिसले ज्यान ज्यान गुमाएका छन्। सिन्धुपाल्चोक जिल्लालाई हेर्दा यहाँ हालसम्म ७१९३ कोभिड-१९ बाट संक्रमित भएको तथ्याङ्क रहेको छ । जसमा ४३४४ पुरुष र २८४८ महिलाहरु छन्। बाह्रबिसे न.पा. पनि यस महामारीबाट अछुतो रहेन, यस न.पा.का सबै वडाहरुमा कोभिड-१९ को असर रहेको छ । वि. सं. २०७६ सालको माघ देखि सुरु भएको कोभिड-१९ महामारीले यस नगरपालिकामा हाल सम्म २३२ (१४३ पुरुष र ९८ महिला) जना सङ्क्रमित भएको र सोबाट ७ जनाको मृत्यु (४ पुरुष र ३ महिला) भएको छ ।

सामान्यतया विपद्ले सबै व्यक्तिलाई एकैसाथ प्रभाव पारेपनि सबै भन्दा जोखिम समूह जस्तैः विपन्न परिवारहरू, सीमान्तकृत समुदाय, महिला, बालबालिका र वृद्ध र अपाङ्गता भएका व्यक्तिहरू बढी जोखिममा पर्दछन्। त्यसैले विपद् पूर्वतयारि, जोखिम न्यूनीकरण, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्ने क्रियाकलाप तय गर्दा जोखिम समूहलाई केन्द्र बिन्दुमा राख्न सके मात्र आगामी दिनमा हुन सक्ने सम्भावित जनधनको क्षति कम गर्न सक्ने देखिन्छ ।


## २.५ पूर्वसूचना प्रणालीको अवस्था

नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी भारि वर्षा, हावाहुरी, चट्याङ जस्ता विषम मौसम र बाढी, पहिरो, डढेलो, आगलागी लगायतका प्रकोपको पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गरिदैछ । जल तथा मौसम विज्ञान विभाग र जिल्ला आपत्कालीनज कार्यसञ्चालन केन्द्रमा सम्पर्क गरी विषम मौसम तथा बाढी, पहिरो जस्तो विपद्को सूचना आदान प्रदान गर्ने गरिएको छ । प्रभावमा आधारित पूर्वानुमान र पूर्व सूचना प्रणालीको सहायतामा नगर, वडा तथा पहरो जोखिम रहेका समुदायस्तरमा आवश्यक पूर्वतयारी एवं अग्रीम प्रतिकार्य गर्न कार्ययोजना तयार गरिएको छ ।


<u>**संस्थागत संरचना तथा पूर्वसूचना सञ्चार संयन्त्रः-**</u>

विपद् व्यवस्थापनका लागि नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा बाह्रबिसे नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ । साथै वडा र समुदायमा विपद् व्यवस्थापन समिति, विषयक्षेत्रगत समूह र कार्यदलहरू गठन भई क्रियाशील रहेका छन् । सूचना सम्प्रेषण संयन्त्र तलको चित्र ३ क मा देखाए बमोजिम छ ।

*चित्र ३ क. नगरपालिका र समुदायस्तरसम्म पूर्वसूचना संयन्त्र*



*चित्र ३ ख. नगरपालिकामा विपद् पूर्वसूचना सञ्चार संयन्त्र*




## २.६ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बाह्रविसे नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-८** मा संलग्न छ । स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ६ वटा विषय क्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषय क्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ । विषय क्षेत्रका अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ । स्थानीय विपद् व्यवस्थापन गर्ने प्रयोजनका लागि वाहबिशे नगरपालिकाले स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९ को तयार गरि नगर सभाबाट अनुमोदन समेत गराएको छ ।र चित्र नं. ४ मा उल्लेख गरिएको छ ।

*चित्र ४ स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ६ वटा विषयक्षेत्र*




नगरपालिकामा विपद् व्यवस्थापनका कार्यलाई हेर्ने गरी विपद् सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिइएको छ । यसै गरी ९ वटा वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने प्रक्रिया सुरु गरिएको छ । नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । कोषमा विपद् न्यूनिकरण साथै पुनर्निर्माण पुनर्स्थापनाको लागि १ करोड ५० लाख ब्यवस्था गरिएको छ यसमा विपद् न्यूनिकरण गर्न २०८१/०८२ मा प्रदेश सरकार बाट १५ लाख र संघिय सरकार बाट ५० लाख  उपलब्ध भएको थियो भने विपद् कोषमा कम्तिमा ५० लाख राख्नुपर्ने पनि अनुरोध गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४, स्थानीय सरकार सञ्चालन ऐन-२०७४ तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९ ले व्यवस्था गरे अनुरूप बाह्रविसे नगरपालिकामा स्थानीय आपत्कालीन सञ्चालन केन्द्र (Local Emergency Operation Center) को स्थापना भइसकेको छ । स्थानीय विपद् व्यवस्थापन समितिको अगुवाइमा विपद्को अवस्थामा प्रतिकार्यका लागि अविच्छिन्न स्थानीय समन्वय गर्ने निकायको रूपमा कार्य गर्न स्थानीय आपत्कालीन सञ्चालन केन्द्रको स्थापना गरी नियमित कार्यभैरहेको छ ।

## २.७ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

बाह्रविसे नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ६ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरिएको छः

### २.७.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद् प्रतिकार्यको समग्र नेतृत्व गर्नेछ । विपद् पूर्वतयारी तथा प्रतिकार्यको समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को जोखिममा रहेका, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । यस विषय

क्षेत्रले विपद्का कारण बसोबास गुमाएका परिवारलाई अस्थायी बसोबास, पुनर्निर्माण तथा पुनस्थापना गर्न स्रोतसाधनको प्रवन्ध गर्ने गराउने छ ।

### २.७.२ जोखिम पूर्वानुमान तथा सूचना क्षेत्र

यस विषयक्षेत्रले नगरपालिका क्षेत्रमा रहेका प्रकोपको निगरानी गर्ने गराउने, जल तथा मौसम विभागबाट प्राप्त हुने मौसम पूर्वानुमान तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न प्रकोपको पूर्वनुमान सूचना प्राप्त गर्ने, विभिन्न स्रोतबाट प्राप्त सूचनाको विश्लेषण गर्ने, प्रकोप जोखिम न्यूनीकरण, पूर्वसावधानी तथा प्रतिकार्य गर्न आवश्यक सुझाव सहितको सूचना तयार गर्ने र सम्बन्धित निकाय, समुदाय र सरोकारवालालाई सम्प्रेषण गर्ने गराउने छ । प्रभावकारी सूचना सम्प्रेषण गर्न सूचना सम्प्रेषण गर्न सम्बन्धित शाखा, निकाय र सरोकारवाला सम्मिलित समूह गठन गरिएको छ । नगरपालिकाको जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूहको विवरण अनुसूची ९ मा संलग्न गरिएको छ । यस समूहको कार्यसूची **अनुसूची १०** मा दिइएको छ । यस क्षेत्रको प्रभावकारी कामका लागि नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी सञ्चालन गरिएको छ । साथै, सबै वडा तथा समुदायमा सूचना कार्यदल गठन गरी सूचना सम्प्रेषण संयन्त्र (माथिको चित्र ३) तयार गरी सूचना आदानप्रदान गर्ने कार्यको शुरुवात गरिएको छ ।

### २.७.३ खाद्य तथा पोषण क्षेत्र

यो विषय क्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खाने कुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खाने कुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । जब प्रकोप आउँछ, आपत्काल भन्दा पहिले नै कुपोषित व्यक्तिहरू बिरामी र मृत्युको लागि बढी जोखिममा हुन्छन्। तसर्थ, खाद्य सामग्री उपलब्ध गर्दा नै पोषणलाई ध्यानमा राखी खाद्यको प्रबन्ध मिलाउनु पर्छ।

### २.७.४ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महामारीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ । साथै यस विषयक्षेत्रले विपदमा परेका व्यक्तिलाई मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्वन्धि परामर्श समेत दिनेछ ।

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, किशोरी किट, डिग्निटि किट, स्नान गृह, शौचालय सामग्री आदि) उपलब्ध गराउने जिम्मेवारी पनि निर्वाह गर्नेछ ।

### २.७.५ आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन, संरक्षण र गैरखाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर–खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू

जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । राष्ट्रिय महिला आयोग, बाल कल्याण परिषद, नेपाल प्रहरी संग समन्वय गर्ने, आवश्यक सूचना आदानप्रदान गर्ने र सम्वन्धित विपद् सृजित हिंसा प्रभावितलाई सचेतिकरण गर्ने।

### २.७.६ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ ।

माथि उल्लिखित विषय क्षेत्र अन्तर्गत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ ।

## परिच्छेद-३

## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्व तयारी सम्बन्धी कार्यहरूमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्व तयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरू समावेश गरिएका छन्। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पनि विपद् पूर्व तयारी कार्य नै हो।

नगरपालिकामा बाढी पहिरोको विपद् न्यूनीकरण गर्न देहाय बमोजिम पूर्वतयारी योजना तर्जुमा गरिएको छ ।

(क) <u>विभिन्न प्रकारको जनशक्तिः</u>- वर्षाको पूर्वसूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने टोली, समुदायमा पहिरो, भल, ढुङ्गा खस्ने जोखिम निगरानी गर्ने टोली तयार गरी तालिम अभ्यास गरिएको छ ।

(ख) सामान्य खालको उद्धार र कुनै घाउचोट भएमा प्राथमिक उपचार गर्ने टोली (मापदण्ड अनुसार ६ जना) तयार गरी तालिम तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गरिने छ । आपत्कालीन आश्रयमा गएकाहरूलाई आवश्यक सहयोग गर्न समितिले कार्यजिम्मेवारी बाँडफाँड गरेको छ ।

(ग) उपलब्ध सुरक्षित आश्रयस्थलले जोखिममा रहेका सबै जनसंख्यालाई पुग्ने अवस्था छ (तालिका ३९) । सुरक्षित स्थलमा जाने पहुँच मार्ग पहिचान र मर्मत गरिएको छ । त्यहाँ चाहिने आधारभुत सेवा खानेपानी, शौचालय, खाना पकाउने, सुत्ने आदिको व्यवस्था गर्नुपर्ने अवस्था छ ।

(घ) नगरपालिकामा ६ विभिन्न विषयक्षेत्रमा ६ वटा क्लष्टर गठन गरी परिचालन गरिएको छ ।

(ङ) नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ ।

(च) पहिरोको जोखिममा रहेका समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी, क्षमता विकास र परिचालन गर्न शुरु गरिएको छ ।

समग्र पूर्वतयारी क्रियाकलापहरू देहाय अनुसार तर्जुमा गरिएको छ ।

*तालिका १७ समग्र पूर्वतयारी क्रियाकलाप*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | पहिरो तथा ढुङ्गा खस्ने जोखिम सूचकका बारेमा समुदायमा प्रशिक्षण गर्ने | बैशाख मसान्त भित्र | सम्बन्धित सा. वि. व्य. स. | विपद् व्यवस्थापन शाखा |
| २ | सामुदायिक विपद् व्यवस्थापन समिति मार्फत बाढी पहिरोको स्थानीय निगरानी गर्न हरेक समुदायमा निगरानी/ अनुगमनकर्ता चयन गरी परिचालन गर्ने व्यवस्था मिलाउने । | बैशाख मसान्त भित्र | सम्बन्धित सा. वि. व्य. स. | वडा अध्यक्ष |
| ३ | नगरपालिकामा समुदायिक विपद् व्यवस्थापन समितिसम्मको पूर्वसूचना संयन्त्र, सञ्चार-वृक्ष तयार गर्ने । | जेठको पहिलो हप्ता भित्र | नगरपालिका | विपद् व्यवस्थापन शाखा |
| ४ | नगरपालिकामा विपद् व्यवस्थापन साथै सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको पूर्वसूचना कार्यदल/क्लष्टर गठन गर्ने | जेठको पहिलो हप्ता भित्र | नगरपालिका, वडा र समुदायस्तर | विपद् व्यवस्थापन शाखा |
| ५ | नगर विपद् व्यवस्थापन समिति अन्तर्गत आवश्यक विषक्षेत्रगत समुह, कार्यदल (Task Force) गठन गरी परिचालन गर्ने | जेठको पहिलो हप्ता भित्र | नगरपालिका | विपद् व्यवस्थापन शाखा |
| ६ | नगरपालिका, वडा तथा समुदायिक विपद् व्यवस्थापन समितिमा पूर्वसूचना प्रणाली सम्बन्धी तालिम प्रदान गर्ने | जेठको दोस्रो हप्ता | नगरपालिका | विपद् व्यवस्थापन शाखा, |
| ७ | पूर्वसूचना तथा उद्धारका लागि आवश्यक सामग्री, प्रविधिको व्यवस्था गर्ने | जेठको दोस्रो हप्ता भित्र | नगरपालिका, वडा र समुदायमा | विपद् व्यवस्थापन शाखा |

| क.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ८ | हरेक सामुदायिक विपद् व्यवस्थापन समितिमा उपयुक्त व्यक्ति छनोट गरी प्राथमिक उपचार तालिम प्रदान गर्ने र आवश्यक सामग्री उपलब्ध गराउने । | बैशाख मसान्त भित्र | नगरपालिका | स्वास्थ्य सेवा शाखा |
| ९ | नगरपालिका अन्तर्गत प्रत्येक टोल बस्तीमा रहेका अपाङ्ग, वृद्धवृद्धा र सुत्केरी महिलाहरूको सुची अद्यावधिक गरि उनीहरूलाई सूचना पुग्ने माध्यम तय गर्ने । (साङ्केतिक भाषाको प्रयोग) | जेठको दोस्रो हप्ता भित्र | नगरपालिका | महिला बालबालिका तथा सामाजिक सुरक्षा शाखा |
| १० | नगरपालिकामा विभिन्न जोखिम वर्ग (CAT-III, CAT-II र CAT-I) मा रहेका प्रत्येक टोल, बस्तीमा बाढी, पहिरोको जोखिममा रहेका घरधुरीको जोखिम अवस्था अद्यावधिक गर्ने । | जेठको दोस्रो हप्ता भित्र | नगरपालिका | विपद् व्यवस्थापन शाखा |
| ११ | जोखिममा रहेका परिवारलाई स्थानन्तरणका लागि आवश्यक सुरक्षित स्थान, आश्रय भवन, खाद्य सामग्री, त्रिपाल जस्ता सामग्रीको व्यवस्था गर्ने । | जेठको तेस्रो हप्ता भित्र | नगरपालिका | विपद् व्यवस्थापन शाखा |
| १२ | जोखिममा रहेका समुदायमा पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न सुरक्षित स्थानको पहिचान र आवश्यक व्यवस्था गर्न सामुदायिक विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । | जेठको तेस्रो हप्ता भित्र | सम्बन्धित समुदाय | वडा अध्यक्ष |

विपद् पूर्वतयारीका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रूपमा सामान्य पूर्व तयारीको कार्य योजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छः

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका १८ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | प्रत्येक वर्ष असोज सम्म | नगरपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, नगरपालिका |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने । | प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व | नगरपालिका र हरेक वडामा | नगरपालिका |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | प्रत्येक वर्ष कार्तिक सम्म | नगरपालिका | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष मंसिर सम्म | नगरपालिका | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने । | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र उपसमिति |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र उपसमिति |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने । | निरन्तर | निरन्तर | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने र जिल्ला, छिमेकी नगर तथा नगरपालिकामा रहेका सेवाप्रदायक संस्थाको (बाल हेल्पलाईन, राष्ट्रिय महिला आयोग) नक्साङ्कन गर्ने । | निरन्तर | नगरपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ शाखा, महिला शाखा |
| ९ | बाढी/पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने । | निरन्तर | वडा अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, प्रशासन शाखा |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रूपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र उपसमिति |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने । | आवश्यक्ता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदायको सरक्षति स्थानमा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा, |
| १३ | बाढी/पहिरो, हिमपात, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने | निरन्तर | नगरपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, एसएमएस, फोन, | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, स्थानीय विपद् |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|
| | उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सूचना दिनको लागि कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्यांक र संयन्त्र प्रयोग गर्ने | | माईकिङ्, सामाजिक सञ्जाल आदि | व्यवस्थापन समिति |
| १४ | मानिसको ज्यान लिन सक्ने जङ्गली जनावरहरू (जस्तैः भालु, चितुवा) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडास्तर वा सम्भव भएसम्म वस्तीस्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय,<br>समुदाय, विषयक्षेत्र |
| १५ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने । | प्रकोपको सम्भावित समय अगावै | नगरपालिका तथा वडामा | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सस्त्र प्रहरी बल |
| १६ | सरोकारवाला निकायहरुको सम्पर्क सूची तयार गर्ने। सूची तयार गर्ने।सम्पर्क सूची तयार गर्दा अति जोखिममा रहेका समूहहरू जस्तै अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक, एकल महिला, विधवा भएका घरलाई संलग्न गर्ने सन्दर्भमा विद्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | नगरपालिका तथा वडामा | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |

### ३.१.२ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्व तयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका १९ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र, विषयक्षेत्र उपसमिति |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने, भण्डारण गर्ने सन्दर्भमा व्यक्तिको जोखिमता जस्तै बालबालिका, ज्येष्ठ नागरिक आदिलाई फरक फरक प्रकारको खाद्य सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने । | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र उपसमिति |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुबन्धन वा करार गर्ने । | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय र नगरपालिका |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका-प्रक्रिया बारे विषय क्षेत्रका सदस्यहरू बिच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र उपसमिति |
| ५ | प्रभावित समुदायको कृषि क्षेत्रमा सहयोग पुऱ्याउन बीउ बिजन भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षमा एक पटक | कृषि शाखा, विषयक्षेत्र |
| ६ | खाद्य बैंक स्थापना गर्ने। | प्रकोपको सम्भावित | नगरस्तर | मुख्य प्रकोपको सम्भावित समय | कृषि शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
| --- | --- | --- | --- | --- | --- |
| | | समय अगावै | | भन्दा पहिले कम्तिमा १ पटक | |
| ७ | विपद् पश्चात् महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य तथा सरसफाइ सामग्री तथा पोषण युक्त खानेकुराहरू सुनिश्चित गर्ने र र यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिलाई विशिष्टीकृत प्रकारको सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने । | विपद् पश्चात् पहिलो प्राथमिकता | | | स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषय क्षेत्रको सामान्य पूर्व तयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २० स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
| --- | --- | --- | --- | --- | --- |
| १ | विपद् पश्चात् तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिको विशेष प्रकारको आवश्यकता हुने हुनाले तत् तत् प्रकारका व्यक्तिहरूको विवरणको लागि | हरेक महिना, औषधिको गुण अनुसार | नगर स्तर | २००० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने । | | | | |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | नगर रस्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संसाधनको सूची तयार/अद्यावधिक गर्ने । | वडा संख्या र जनसंख्या अनुसार | नगर स्तर | नगरस्तरः३० जना वडास्तरः ७ जना | स्वास्थ्य शाखा, |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड-१९ महामारी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, अति जोखिममा रहेका व्यक्तिहरूलाई सूचना सुनिश्चित गर्ने तथा कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने । | नियमित | जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ७ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ८ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने। | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ९ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| १० | लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री अस्थायी शौचालय निर्माण तथा स्नान गृह निर्माणका लागि तालिम सञ्चालन गर्ने । | प्रकोपको सम्भावित समय अगावै | वडा तथा समुदायस्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ११ | खानेपानी तथा सरसफाई बिशेष कोष स्थापना र सञ्चालन गर्ने। | निरन्तर | नगर स्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.१.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २१ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। व्यक्तिको जोखिमता (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिलाई विशिष्टीकृत प्रकारको सुविधा आवश्यक हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिई सो बमोजिमको आश्रय स्थल निर्माणको सुनिश्चित गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाईटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने। | आवश्यकताअनुसार | थोक विक्रेता/<br>खुद्रा विक्रेता/ सहकारी/<br>ठूला कृषक | १०परिवारका लागि | नगरपालिका,<br>कृषि शाखा,<br>नेपाल रेडक्रस सोसाईटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने। | निरन्तर | सबै वडामा | वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा<br>र वडा कार्यालय |

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। | निरन्तर | नगरस्तर, गोदाम घरहरु (Warehouse) | कम्तिमा १० परिवारका लागि | नगरपालिका, वडा कार्यायल<br>नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | नगरस्तर | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | लैङ्गिक-मैत्री अस्थायी आश्रय निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | मनसुन सुरुहुनु भन्दा अगाडी | वडास्तर | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ७ | महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने। | निरन्तर | नगरस्तर | कम्तिमा ५०० प्रति | नगरपालिका, महिला तथा बालबालिका शाखा |
| ८ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने। यसरी सामग्री खरिद गर्दा, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक जस्ता संकटासन्न व्यक्तिहरूको फरक फरक आवश्यकता हुने हुनाले सो अनुसारका सामग्री समेत | निरन्तर | नगरका गोदाम घरहरू | यस्तो जनसंख्याको कम्तिमा २० प्रतिशतलाई पुग्ने | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | भण्डारण गर्नको लागि आवश्यक तथ्याङ्क विद्यमान सामाजिक सुरक्षा प्रणालीबाट लिने | | | | |
| ९ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने। व्यक्तिको उमेर र अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने सहयोगको लागि चाहिने सङ्ख्या निर्धारण गर्न सामाजिक सुरक्षा प्रणालीको समेत तथ्याङ्क प्रयोग गर्ने | तत्काल | नगरस्तर | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| १० | लैङ्गिक तथा बाल हिंसा न्यूनीकरणका लागि सचेतनामूलक सन्देश प्रशारण गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | ५ वटै वडाका प्रमुख बस्तीमा | बालबालिका शाखा, विषयक्षेत्र |
| ११ | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य लक्षित समुहका लागि आपतकालिन राहत कोष स्थापना गर्ने। | तत्काल | पालिका स्तरमा | एक पटक | नगरपालिका |
| १२ | हेल्प डेक्सको स्थापना तथा सञ्चालन गर्ने। | तत्काल | पालिका स्तरमा | एक पटक | नगरपालिका |
| १३ | समुदायस्तरीय संरक्षण प्रणालीको विस्तार तथा क्षमता बिकास गर्ने। | निरन्तर | नगरस्तर | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | | विषयक्षेत्र |
| १४ | अग्रपङ्तिमा कार्य गर्ने विद्यालयका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श तथा आफ्नो काबु भन्दा बाहिरको समस्या समाधान गर्न सम्बन्धित माथिल्लो निकायमा सिफारिस गर्ने सम्बन्धी तालीम दिने। | प्रत्येक वर्ष १ पटक | नगरस्तर | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| १५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | निरन्तर | वडास्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.५ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २२ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, अपाङ्गता मैत्री, ज्येष्ठ नागरिक मैत्री, बालमैत्री, लैङ्गिक मैत्री शौचालय तथा बालमैत्री धाराको व्यवस्था गर्ने। | निरन्तर | वडास्तर | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | नगरस्तर /वडास्तर | नगरस्तर मा एक र वडास्तर मा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | नगरस्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | नगरस्तर | प्रभावित समूदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य (कार्यविधि) योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ । यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ ।

पूर्वानुमानमा आधारित पूर्व कार्य गर्दा अति जोखिममा रहेका व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्ने, राहत (नगद तथा सामग्री वितरण) व्यवस्थापन गर्ने, सुरक्षित आश्रय स्थलमा स्थानान्तरण गर्ने, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधि गर्ने, संरचना निर्माण गर्ने जस्ता विभिन्न विपद् पूर्वकार्यहरु कार्यान्वयन गर्दा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध लाभग्राहीहरूको संकटासंन्नतालाइ मध्यनजर गरी उक्त कार्यहरू कम खर्चिलो, छिटो र प्रभावकारी बनाउनका लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गरिने छ ।

नगरपालिकामा बाढी, पहिरोको जोखिम सम्बन्धी पूर्वसूचनाको आधारमा गरिने अग्रीम प्रतिकार्य देहाय बमोजिम हुनेछ ।

(क) वर्षाको पूर्वानुमान र यसको सम्भावित प्रभावको आधारमा, साथै

(ख) समुदायले पहिरो, ढुङ्गा खस्ने र भल बाढीको जोखिमको स्थानीय निगरानी गरेर ।

माथि (क) बमोजिमको वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गरिनेछ साथै विभागसँग समन्वय गरी नगरपालिका क्षेत्रमा वर्षामापन केन्द्रबाट वर्षाको तत्कालिक अनुगमनको व्यवस्था मिलाइने छ । त्यसैगरी (ख) बमोजिमको जोखिम अनुगमनका लागि सम्बन्धित समुदायिक विपद् व्यवस्थापन समिति मार्फत स्थानीय समुदायलाई आ-आफ्नो क्षेत्रमा पहिरो तथा भलबाढीको जोखिम अनुगमन गर्न परिचालन गरिने छ । साथै आर्थिक, प्राविधिक हिसाबले सम्भव भएसम्म पहिरो जोखिम अनुगमन प्रविधि जडान गरिनेछ ।

विभिन्न अवधिको मौसम पूर्वानुमानको सूचना र स्थानीय निगरानीको आधारमा विपद् जोखिम अवस्थाको जानकारी आदानप्रदान गर्न नगरपालिकाको विपद् सम्पर्क अधिकारीको संयोजकत्वमा नगरस्तरमा जोखिम पूर्वानुमान तथा सूचना कार्यदल र सूचना संप्रेषण संयन्त्र (**चित्र ३**) गठन गरिएको छ । जोखिम पूर्वानुमान तथा सूचना समूह/कार्यदलको विवरण **अनुसूची -९** मा राखिएको छ । सूचना संप्रेषण संयन्त्र मार्फत सम्बन्धित समुदायमा पूर्वसूचना र सम्बन्धित जानकारी पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

उपरोक्त अनुसार दुबै स्रोतबाट प्राप्त हुने सूचनाका आधारमा नगरपालिका अन्तर्गतका विपद् व्यवस्थापन समितिले आवश्यक कदम चाल्नेछन् ।

नगरपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकारी साथै स्वास्थ्य, शिक्षा, योजना, कृषि, पशुसेवा, प्रशासन, सामाजिक विकास, महिला तथा बालबालिका लगायतका सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेका विषयक्षेत्रगत समूह परिचालन गरिनेछ ।

मौसम पूर्वानुमान तथा पहिरो जोखिमको स्थानीय निगरानीबाट प्राप्त पूर्वाभासका आधारमा देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

## १। मनसुन परिदृष्यको सूचना

जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी बर्खामा समग्र वर्षाको अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी नगरपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी नगरपालिका क्षेत्रमा मनसुन अवधिमा हुनसक्ने प्रभावको अनुमान गरिनेछ ।

मनसुनी वर्षा शुरु भएपछि समुदायमा स्थानीय तवरमा पहिरो जोखिमको निगरानी गर्न र निगरानीकर्ताले पहिरोको जोखिम बढेको, वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने खबर ल्याउने व्यवस्था गर्न सम्बन्धित वडा तथा सामुदायिक विपद् व्यवस्थापन समिति परिचालन गरिनेछ ।

मनसुन परिदृष्य प्राप्त भएपछि नगरपालिकास्तरमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।

*तालिका २३ मनसुन परिदृष्य प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | मनसुन परिदृष्य अनुसार नगरपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृष्य तयार गर्ने । | मनसुन परिदृष्य प्राप्त भएको तीन दिन भित्र | नगरपालिकाको कार्यालय | जोखिम पूर्वानुमान तथा सूचना समूह संयोजक |
| २ | स्थानीय परिदृष्य सहितको मनसुन परिदृष्य समुदायसम्म जानकारी गराउने | मनसुन परिदृष्य प्राप्त भएको चार दिन भित्र | नगरपालिकाका सबै समुदाय, सरोकारवालासम्म | जोखिम पूर्वानुमान तथा सूचना समूह संयोजक |
| ३ | पहिरो तथा ढुङ्गा खस्ने जोखिम सूचकका निगरानीकर्तालाई प्रशिक्षण प्रदान गर्ने | जेठ १० अगावै | सबै वडाका सा. वि. व्य. स. | जोखिम पूर्वानुमान तथा सूचना समूह संयोजक |
| ४ | वर्षाको तत्काल अनुगमन गर्न वर्षामापन केन्द्रको स्तरोन्नति र थप केन्द्र साथै नगरपालिकामा डिस्प्ले बोर्ड स्थापना गर्न जल तथा मौसम विज्ञान विभागसँग समन्वय गर्ने । | चैत्र मसान्त अगावै | नगरपालिकाको उपयुक्त स्थानमा | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| ५ | नगरपालिकाको समुदायिक विपद् व्यवस्थापन समितिका कार्यदलसम्मको पूर्वसूचना संयन्त्र र सञ्चार वृक्ष अद्यावधिक गर्ने । | जेठ १० अगावै | नगरपालिकाका सबै समुदायसम्म | आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ६ | नगर विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वतयारीको समिक्षा र अपुग तयारी पुरा गर्ने विषयमा छलफल गर्ने । | खबर पाएको सात दिन भित्र | नगरपालिका कार्यालय वा तोकिएको ठाउँमा | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| ७ | विभिन्न स्तरको जोखिममा रहेका समुदाय तथा घरधुरीको तथ्याङ्क अध्यावधिक गर्ने | बैशाख मसान्त भित्र | नगरपालिकाको डाटावेसमा | जोखिम पूर्वानुमान तथा सूचना समूह संयोजक |
| ८ | बाढीपहिरोको जोखिममा रहेका समुदायमा रहेका विभिन्न प्रकारको अपाङ्गता भएका, बालबालिका, वृद्धवृद्धाको तथ्याङ्क विवरण अद्यावधिक गर्ने | जेठ ५ भित्र | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा |
| ९ | क्षेत्रगत सरोकारवालासँग समन्वय र | जेठ ५ भित्र | नगरपालिका क्षेत्र | सम्बन्धित |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | बैठक : शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय बजार, सञ्चार, विद्युत, यातायात, सुरक्षा निकायहरू, दुरसञ्चार, पत्रकार आदि । | | | विषयक्षेत्रगत समूह नेतृत्व |
| १० | सुरक्षित स्थानहरूको विवरण अद्यावधिक गर्ने साथै अपुग स्थान पूर्ति गर्न थप स्थानको पहिचान र निर्धारण गर्ने, गराउने | जेठ ५ भित्र | नगरपालिकाको सबै क्षेत्र | सम्बन्धित वडाअध्यक्ष |
| ११ | विपद् प्रतिकार्यको लागि आवश्यक बजेट तथा सामग्रीको व्यवस्था गर्ने | जेठ मसान्त भित्र | विपद् व्यवस्थापन शाखा | नगर प्रमुख |
| १२ | बैशाख — असारको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने । | जेठको दोस्रो हप्ता | नगरपालिका सबै समुदायमा | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| १३ | बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती, घरधुरी सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने । | नगर वि.व्य. समितिको बैठकको निर्णय बमोजिम | नगरपालिकाका सबै समुदायमा | विपद् सम्पर्क अधिकारी |
| १४ | परिदृष्यका आधारमा कार्यदल/विषयक्षेत्रगत समुह/क्लष्टरहरूको योजना अद्यावधिक गर्ने । | जेठ पहिलो हप्ता | नगरपालिकाको कार्यालय | विषयक्षेत्रगत समूह नेतृत्व । |
| १५ | सामुदायिक वि.व्य.स.लाई सम्भव हुने जोखिम अल्पीकरण गर्न अनुरोध गर्ने । | चैत्र मसान्त भित्र | सबै वडा | वडा अध्यक्ष |
| १६ | नगरपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाउने । | बैशाख मसान्त भित्र | नगरपालिका कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |
| १७ | समुदायमा तथा नगरपालिका स्तरमा परिदृष्यमा आधारित नमुना घटना अभ्यास गर्ने | बैशाख मसान्त भित्र | सम्बन्धित समुदाय तथा नगरपालिकास्तरमा | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषयक्षेत्र नेतृत्व |
| १८ | घटना अभ्यासका आधारमा देखिएका कमिकमजोरी सुधार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने | जेठ १० भित्र | नगरपालिका, वडा र सम्बन्धित समुदाय | विपद् सम्पर्क अधिकारी |
| १९ | आवश्यक सेवाका सामग्री पायक पर्ने सुरक्षित स्थानमा भण्डारण गर्ने गराउने | जेठ १० अगावै | नगरपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | आपत्कालीन आश्रय, शिविर समन्वय तथा |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | | | | व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २० | पहिरोको जोखिमयुक्त ठाउँमा जमिन चर्केको, धाँजा फाटेको भए समुदायबाट पुर्न, भल कटाउन परिचालन गर्ने र समुदायले एक्लै नसक्ने ठाउँमा नगरपालिकाले समन्वय गर्ने | जेठ १० अगावै र तत्पश्चात निरन्तर | नगरपालिकाका सबै समुदायमा | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २१ | जोखिममा रहेका समुदायमा पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न सुरक्षित स्थानको विवरण अद्यावधिक गर्ने । | बैशाख मसान्तसम्म | नगरपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २२ | वर्षायाममा खाद्यान्य, औषधि तथा अन्य आवश्यक सामाग्री, सेवा अभाव हुन नदिन आवश्यक व्यवस्थाका लागि नगरपालिका क्षेत्रका सुरक्षा निकाय, यातायात व्यवसायी संघ, उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी र अन्य आवश्यक निकायसँग समन्वय गर्ने र चाहिने सामग्रीहरूको भण्डारण र तयारी गर्न लगाउने । | जेठ पहिलो हप्ता | नगरपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | नगरपालिकाको सम्बन्धित शाखा, सम्बन्धित विषयक्षेत्रगत समूह नेतृत्व । |
| २३ | विद्यालय व्यवस्थापन समिति, शिक्षकसँग वर्षायाममा हुनसक्ने विपद् जोखिम र अपनाउनुपर्ने सावधानीका बारेमा छलफल गर्ने विद्यालय सुरक्षा योजना कार्यान्वयन गर्न अनुरोध गर्ने । | जेठ १५ अगावै | नगरपालिकामा रहेका सबै विद्यालयका सबै कक्षामा | शिक्षा शाखा, आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २४ | विद्यालय परिसर साथै विद्यालय जान, आउन बाटोमा बाढी, पहिरोको जोखिमयुक्त ठाउँमा विशेष सतर्कता | जेठ १५ अगावै र तत्पश्चात | नगरपालिकामा रहेका सबै विद्यालय र त्यहाँ जाने, आउने मार्ग | शिक्षा शाखा |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | अपनाउन लगाउने । | निरन्तर | | |
| २५ | पहिरोग्रस्त सडकखण्डमा सूचना बोर्ड राख्ने व्यवस्था गर्ने, गराउने । | जेठ १५ अगावै | बैठकको निर्णयमा तोकिएको स्थान, क्षेत्र । | प्रमुख प्रशासकीय अधिकृत |
| २६ | पूर्वतयारी, उद्धार र राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन सम्बन्धित अन्य निकायसँग समन्वय गर्ने | मनसुन शुरु हुनु अगावै | अन्य स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश र संघीय निकाय, संघसंस्था | नगर प्रमुख, विपद् सम्पर्क अधिकारी |
| २७ | मनसुन परिदृष्य बमोजिम आवश्यकता अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने । | मनसुन शुरु हुनु अगावै | नगरपालिका कार्यालय | विपद् सम्पर्क अधिकारी |

### २। दुई हप्ता अगावै प्राप्त हुने (पन्ध्र दिनको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी १५ दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी नगरपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी नगरपालिका क्षेत्रमा हुनसक्ने प्रभावको विश्लेषण गरिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । विगतको अनुभवमा यस्तो अवधिको पूर्वानुमान कमै भएको पाइन्छ तापनि उपलब्ध भएमा यो पूर्वानुमान महत्वपूर्ण हुने भएकोले यस योजनामा समावेश गरिएको छ । यो खबर पाएपछि १५ दिन भित्र भारि वर्षा हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो हुन सम्बन्धित वडा, समुदाय तथा सरोकारवालालाई सजग गराई आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाइने छ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट नगरस्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुर्‍याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुर्‍याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा गरिने पहिरो जोखिमको निगरानीबाट वा अन्य सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ । सामान्यतया निगरानीबाट यति दिन भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू गरिनेछ ।

**नगरपालिकामा दुई हप्ता अगावै (पन्ध्र दिनको) मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २४ दुई हप्ता अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचनाको विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | दुई दिन भित्र | नगरपालिका कार्यालय, आपत्कालीन कार्यसञ्चालन केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २ | सामुदायिक वि.व्य.स., समुदाय र सरोकारवालालाई सुझाव सहितको परिमार्जित सूचना सम्प्रेषण गर्ने । | तीन दिन भित्र | नगरपालिकाका सबै वडा, समुदाय र क्षेत्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३ | समुदायमा त्रास फैलिन नदिन सचेतना कार्यक्रम सञ्चालन गर्ने । | पूर्वसूचना सम्प्रेषणसँगै | सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ४ | पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता (False alarm) को बारेमा आम समुदायलाई सचेत गर्ने र सञ्चार माध्यमलाई पनि यस विषयमा अवगत गराउने । | पूर्वसूचना सम्प्रेषणसँगै र निरन्तर | सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५ | विभागबाट सूचना प्राप्त भएको तीन दिन भित्र बाहबिसे नगरपालिका विपद् व्यवस्थापन समितिको बैठक गर्ने । उक्त बैठकमाः- | तीन दिन भित्र | नगरपालिकाको कार्यालय वा तोकिएको स्थान | नगर प्रमुख |
| ६ | मनसुन परिदृष्य प्राप्त भएपछि बसेको बैठकले गरेका निर्णयहरू बमोजिमका काम पुरा भए नभएको पुनरावलोकन गरी अपुरा काम तत्काल पुरा गर्ने, गराउने । | बैठकमा निर्णय भए बमोजिम | नगरपालिका, तोकिएको वडा, समुदाय वा निकाय | नगर प्रमुख |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ७ | पहिरोको उच्च जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा सर्न अनुरोध गर्ने । | नगरकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | विपद् सम्पर्क अधिकारी |
| ८ | बालबालिका, अपाङ्गता भएका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी लगायतका जोखिम समूहका व्यक्तिहरूलाई सुरक्षित ठाउँमा राख्न लगाउने । | नगरकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | महिला तथा बालबालिका शाखा प्रमुख |
| ८ | जोखिम क्षेत्रमा रहेका समुदायका पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न अपिल गर्ने वा अनिवार्यरूपमा सार्न लगाउने । | नगरकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | पशुसेवा शाखा प्रमुख |
| ८ | सुरक्षित स्थानमा आवश्यक सामग्री र आधारभुत सेवा सुविधाको निरीक्षण गरी अपुग क्षमताको परिपूर्ति गर्ने गराउने । | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| १० | विपद् व्यवस्थापन र क्षति न्युनिकरणका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने । | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | वडा अध्यक्ष, सम्बन्धित विषय क्षेत्रगत नेतृत्व |
| ११ | राजमार्ग तथा अन्य सडक आसपासमा पहिरो, खहरे तथा ढुङ्गा खस्ने जोखिम निगरानीलाई थप क्रियाशिल बनाउने । | वर्खायमा भरि निरन्तर | अरनिको, खाडिचौर — मुडे राजमार्ग तथा समुदायमा पुग्ने पहुँचमार्गहरू | प्रमुख प्रशासिकय अधिकृत |
| १२ | अवस्था हेरी जोखिममा रहेका समुह तथा समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | नगरकार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | वडा अध्यक्ष आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह |
| १३ | मौसमको आगामी सूचनाको | पूर्वानुमानको सूचना | नगरपालिका क्षेत्रका | जोखिम पूर्वानुमान |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | ख्याल गर्न साथै आतङ्कित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, आपत्कालीन अवस्थामा गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई उचित सञ्चार माध्यमबाट जानकारी गराउने | सम्प्रेषणसँगै र उपयुक्त समयमा निरन्तर | सम्बन्धित समुदाय र सरोकारवाला सबै | तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |

## ३। एक हप्ता अगावै प्राप्त हुने (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी सात दिन (सामान्यतया आगामी तीन दिनदेखि सात दिनसम्म) मा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । यो खबर पाएपछि आगामी सात दिन भित्र भारि वर्षा शुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र नगरस्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट, वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ । निगरानीबाट यति दिन भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**नगरपालिकामा एक हप्ता अगावै (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २५ एक हप्ता अगावै (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्कालै | आपत्कालीन कार्यसञ्चानल केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| २ | सुझाव सहितको परिमार्जिक सूचना जारि गर्ने, पूर्वसूचना संयन्त्र मार्फत संप्रेषण गर्ने । | परिमार्जन भएपछि | पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय, सरोकारवालासम्म | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३ | विभागबाट सूचना प्राप्त भएको दुई भित्र विपद् व्यवस्थापन समिति/नगरकार्यपालिकाको बैठक गर्ने । | दुइदिन भित्र | नगरपालिकाको कार्यालय वा तोकिए बमोजिम | नगर प्रमुख |
| ४ | भलबाढी, पहिरो तथा ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी थप सक्रिय बनाउने । | तत्कालै र निरन्तर | नगरपालिकाको सबै क्षेत्र र समुदायमा | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५ | समुदायको निगरानीबाट प्राप्त सूचना अनुसार आवश्यक जोखिम कम गर्ने र जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा सर्न लगाउने | बैठकको निर्णय बमोजिम तत्कालै | सम्बन्धित स्थान र समुदाय | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत |
| ६ | वडा र साविव्यसलाई सुरक्षित स्थानहरू र सामग्री अद्यावधिक गर्न अनुरोध गर्ने । | बैठकको निर्णय बमोजिम | सबै वडा र समुदायमा | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत |
| ७ | सुरक्षित आश्रयस्थलमा जाने बाटो तथा आधारभुत सेवा, सामग्री सुचारु गर्ने, गराउने । | बैठकको निर्णय बमोजिम तत्कालै | बैठकको निर्णयमा तोकिए बमोजिमका स्थानमा | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत |
| ८ | विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुँदा सोलार बत्ती, चार्जर, रिचार्नज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने । | निरन्तर | नगरपालिका क्षेत्रका सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| ९ | उच्च जोखिममा रहेका समुदाय सुरक्षित स्थानमा सर्न बाँकी भए सर्न अनुरोध गर्ने, सार्ने । | बैठकको निर्णय बमोजिम | सम्बन्धित वडा, समुदायमा | प्रमुख प्रशासिकय अधिकृत |
| १० | पहिरोको जोखिममा रहेका | बैठकको निर्णय | सम्बन्धित वडा, | पशुसेवा शाखा प्रमुख |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | समुदायका पशुपक्षीलाई सुरक्षित स्थानमा सार्न अनुरोध गर्ने । | बमोजिम | समुदाय | |
| ११ | मौसमको आगामी सूचनाको ख्याल गर्न साथै आतङ्कित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, आपत्कालीन अवस्थामा गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई उचित सञ्चार माध्यमबाट सचेतना कार्यक्रम सञ्चालन गर्ने । | सूचना सम्प्रेषणसँगै र निरन्तर | सम्बन्धित समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| १२ | भारि वर्षा, भलबाढी तथा पहिरोबाट क्षति हुन सक्ने बालिनालि स्याहार्न सकिने अवस्थामा भए स्याहार्न अनुरोध गर्ने । | सूचना सम्प्रेषणसँगै र निरन्तर | सम्बन्धित समुदाय | कृषि शाखा |
| १३ | जिल्ला प्रशासन कार्यालय/आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने | आवश्यकता अनुसार | नगरपालिकाको कार्यालय | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |

## ४. तीन दिन अगावै प्राप्त हुने (आगामी तीन दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । यो खबर पाएपछि आगामी तीन दिन भित्र भारि वर्षा शुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गरिनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र नगरस्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट वा बिभिन्न सूचकका आधारमा पहिरो जाने सम्भावनाको जानकारी प्राप्त हुन सक्नेछ । यसमा यति दिन भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ

भन्ने ठोकुवा गर्न सकिने चाहिँ हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**आगामी तीन दिनसम्मको मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २६ तीन दिन अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्काले | आपत्कालीन कार्यसञ्चालन केन्द्र, नगरकार्यपालिकाको कार्यालय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| २ | परिमार्जित सूचना जारि गर्ने, पूर्वसूचना तथा आपत्कालीन सञ्चार संयन्त्र मार्फत सम्प्रेषण गर्ने | परिमार्जन भएपछि तत्काले | नगरपालिकाको सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| ३ | विभागबाट सूचना प्राप्त भएको छ घण्टा भित्र /नगरकार्यपालिका/विपद व्यवस्थापन समिति को बैठक बसी छलफल गर्ने । | छ घण्टा भित्र | नगरपालिकाको कार्यालय वा तोकिएको स्थान | नगर प्रमुख |
| ४ | अवस्था हेरी माइकिङ गर्ने, साइरन बजाउने ।<br>समुदायमा पनि माइकिङ गरी सूचना गर्न, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्टी बजाउन सुझाव दिने । | बैठकको निर्णय बमोजिम | तोकिएका स्थान, समुदाय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| ५ | जोखिममा रहेका समुदायलाई सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने | बैठकको निर्णय बमोजिम | तोकिएका समुदाय | विपद सम्पर्क अधिकारि |
| ६ | स्थानीय जोखिम निगरानीलाई थप सक्रिय बनाउने | तत्काले र वर्खायाम भरि निरन्तर | सबै क्षेत्र र समुदाय | वडा अध्यक्ष, जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| ७ | समुदायमा सचेतना सञ्चालन गर्ने | वर्खायाम भरि निरन्तर | | , जोखिम पूर्वानुमान तथा सूचना |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | | | | विषयक्षेत्रगत समूह, सम्बन्धित विषयक्षेत्र गत समुह |
| ८ | विभागसँग सम्पर्कमा रही मौसम सम्बन्धी अद्यावधिक जानकारी लिने | आवश्यकता अनुसार निरन्तर | नगरपालिकाको कार्यालय, आपत्कालीन कार्यसञ्चालन केन्द्र | आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख |
| ९ | विषयक्षेत्र सक्रिय बनाउने । | बैठकको निर्णय बमोजिम | नगरपालिका | सम्बन्धित विषयक्षेत्र गत समुह नेतृत्व |
| १० | अस्थाइ आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने | आश्रयस्थलमा सम्बन्धित परिवार बसोबास गर्नसुरू गरे पछी | सम्मबन्धीत आश्रय स्थल | सबै विषयक्षेत्र समुह नेतृत्व |
| ११ | सुरक्षा निकायसँग समन्वय गरी सम्भावित सहायता आवश्यकताबारे जानकारी गराउने । | तत्कालै | नगरपालिका र नजिक अवस्थित सुरक्षा निकाय | नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत |
| १२ | जिल्ला प्रशासन कार्यालय/आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने । | आवश्यकता अनुसार | नगरपालिकाको कार्यालय | स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र प्रमुख |

## ५. चौबीस घण्टा अगावै प्राप्त हुने (एक दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गरिनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र बाट नगरस्तरीय सूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट बिभिन्न सूचकका आधारमा अब पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त हुन सक्छ । जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम

कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**नगरपालिकामा चौबीस घण्टाको मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २७ चौबीस घण्टा अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्कालै | नगरपालिकाको कार्यालय, आपत्कालीन कार्यसञ्चालन केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| २ | परिमार्जित सूचना जारि गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय र सरोकारवालालाई सम्प्रेषण गर्ने । | परिमार्जन भएपछि तत्कालै | नगरपालिकाको सबै समुदाय र सरोकारवाला | विपद् सम्पर्क अधिकारी, आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख |
| ३ | विभागबाट सूचना प्राप्त भएको एक घण्टा भित्र नगरकार्यपालिका/ वा तोकिएका अधिकारीहरूको को बैठक गरी छलफल गर्ने । | एक घण्टा भित्र | नगरपालिकाको कार्यालय वा तोकिएको स्थान | नगर प्रमुख |
| ४ | आवश्यकता अनुसार माइकिङ गर्ने, समुदायमा साइरन बजाउने, पूर्वसङ्केत अनुसार साइरन बजाउन लगाउने । | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५ | स्थानीय निगरानीलाई थप सकृय बनाउने | तत्कालै | सबै क्षेत्र, समुदाय | वडा अध्यक्ष, जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह |
| ६ | जोखिममा रहेका समुदायलाई अनिवार्यरूपमा सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | वडा अध्यक्ष, विपद सम्पर्क अधिकारी |
| ७ | आवश्यकता अनुसार बल प्रयोग गरी समुदायलाई बाढी पहिरोको जोखिम क्षेत्रबाट सुरक्षित स्थानमा सार्ने | बैठकको निर्णय एवं प्रचलित कानुन बमोजिम | तोकिएको स्थान र समुदाय | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| ८ | विषयक्षेत्र (क्लष्टर) सक्रिय | बैठकको निर्णय | नगरपालिका | सम्बन्धित विषयक्षेत्र |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | गराउने | अनुसार | | गत समुह नेतृत्व |
| ९ | अस्थाइ आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने | आश्रयस्थलमा सम्बन्धित परिवार बसोबास गर्नसुरू गरे पछी | सम्बन्धीत आश्रय स्थल | सबै विषयक्षेत्र समुह नेतृत्व |
| १० | सुरक्षा निकायसँग समन्वय गरी सम्भावित सहायता आवश्यकताबारे जानकारी गराउने । | तत्कालै | नगरपालिका र नजिक अवस्थित सुरक्षा निकाय | नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत |
| ११ | आवश्यकता अनुसार अग्रीम प्रतिकार्यका लागि जनशक्ति परिचालन गर्ने | बैठकको निर्णय अनुसार | नगरपालिका | सबै विषयक्षेत्र समुह नेतृत्व |
| १२ | यातायात संघहरूसँग समन्वय गरी जोखिममा रहेका बाटोमा आवतजावत बन्द गर्ने । | सरोकारवाला-सँगको बैठकको निश्कर्ष अनुसार | नगरपालिका र सुरक्षा निकायको कार्यक्षेत्र | नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत |
| १३ | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा अन्य निकायसँग समन्वयमा रहने | आवश्यकता अनुसार निरन्तर | नगरपालिका कार्यालय | स्थानिय आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख |

**नोटः-**

(१) वर्षाको पूर्वानुमानको आधारमा पहिरोको जोखिममा रहेका समुदायलाई सामान्यतया ३ दिनको भारि वर्षाको सूचना पाएपछि वा कुनै पनि बखतमा ३ दिनभन्दा कम अवधिको सूचना पाएपछि त्यस अवधिलाई अन्तिम बिन्दु (trigger) मानेर पहिरोको जोखिममा रहेका समुदायलाई तत्कालै सुरक्षित ठाउँमा सर्न, सार्न आवश्यक पहल गरिनेछ । कतिपय अवस्थामा २४ वा अझ कम अवधिको मात्र जानकारी आउन पनि सक्छ । रातिको समयमा पहिरोको उद्धार गर्न कठिन हुन्छ । तसर्थ २४ घण्टाको पूर्वसूचनामा वास्तविक उपलब्ध अवसर समय २ — ४ घण्टा मात्र हुन पनि सक्छ ।

(२) पहिरो र ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी गर्दा अनुगमनकर्ताले पहिरो जाने प्रवल सम्भावना छ भनी खबर ल्याएमा सामुदायिक विपद् व्यवस्थापन समिति र नगरपालिको स्रोतसाधन परिचालन गरी सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ । अवस्थाको विचार गरी निगरानीकर्ताको खबरका आधारमा नगरपालिकाबाट तत्कालै जाँचबुझ टोली खटाएर उक्त स्थानको निरीक्षण गरी आवश्यक निर्णय गर्न पनि सकिनेछ ।

(३) जोखिममा रहेका समुदायलाई अस्थायीरूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय सरोकारवाला तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल र समन्वय गरिनेछ ।

(४) अवसर समय तीन दिन वा सो भन्दा कम रहेको अवस्थामा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा विपद् सम्पर्क अधिकारीले जिल्ला प्रशासन कार्यालय र स्थानीय सरोकारवालासँग परामर्श गरी तत्कालै आवश्यक निर्णय गरिनेछ ।

## ३.३ आपत्कालीन प्रतिकार्य योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन्। यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन्। विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरू परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छः

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २८ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति |
| ३ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी गर्ने। | तत्काल | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, स्वयम् |

| | | | |
|---|---|---|---|
| | हस्तान्तरण/व्यवस्थापन गर्ने। | | सेवक |
| ६ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुर्‍याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने। | विपद्को समयमा | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत लेखाजोखा) स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | विपद् शुरु भए पश्चात - ७२ घण्टा देखि ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, वडास्तरीय समिति, विषयक्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने/गराउने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने। | विपद् पश्चात तत्काल | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति |
| ११ | प्रभावितहरुलाई राहत वितरणको अवस्थाको बारे जानकारी लिने र प्रभावितहरुको समस्याबारे पनि निरन्तर जानकारी लिने। | विपद् पश्चात | नगरपालिका/स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय /वडास्तरीय समिति |
| १२ | सरोकारवालाहरुसँग नियमित समन्वय, छलफल, र बैठक गर्ने। | नियमित | नगरपालिका/स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.२ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा पोषण क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २९ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | कृषि शाखा र विषयक्षेत्रका सदस्यहरु |
| २ | विपद्बाट प्रभावित भएकाहरूलाई खाद्यान्न वितरण गर्ने। | विपद्को पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिन देखि निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | प्रतिकार्यका लागि नगरपालिकाको क्षमताले नभ्याउने भएमा थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने। | आवश्यकता अनुसार | नगरपालिका अध्यक्ष/ नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदनस्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने। | प्रतिकार्यको आधारमा कम्तिमा एक पटक | उद्योग वाणिज्य संध कृषि शाखा,<br>विषयक्षेत्र |
| ८ | प्रभावित परिवारका महिला, बालबालिका, सुत्केरी, जेष्ठ नागरिक, तथा अन्य लक्षित समुदायका नागरिकलाई आवश्यकताका आधारमा पोषिलो आहार उपलब्ध गराउने । | आवश्यकता अनुसार | कृषि शाखा, श्वास्स्थ्य शाखा सहित<br>विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका ३० स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | विपद्को घटनामा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाईते तथा विरामीलाई नजिककोस्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ४ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ५ | प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा दिने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | प्रभावित क्षेत्रमा नियमित खोप र गर्भवती जाँच सञ्चालन गर्ने र प्रभावितहरुको स्वास्थय परीक्षण पनि निमितरुमा गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ८ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ९ | औषधी, सूरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन, भेन्टिलेटर, फ्रिज, टेष्टिङ्किट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने। | आवश्यकता अनुसार | नगरपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १० | प्रभावित क्षेत्रमा रोग फैलिननदिनका लागि स्वास्थ्यकर्मि र स्वयमंसेवक परिचालन गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ११ | दक्ष स्वास्थ्यकर्मीको सहयोगमा शवको पोष्टमार्टम | आवश्यकता | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | तथा शव व्यवस्थापन गर्ने। | अनुसार | |
| १२ | न्यूनतम प्रारम्भिक सेवा प्याकेज सम्बन्धी तालिम गर्ने | आवश्यकता अनुसार | नगरपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने। | विपद् पश्चात तत्काले | खानेपानी एकाई, विषयक्षेत्र |
| १४ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने। | विपद् पश्चात तत्काले | सरसफाई एकाई, विषयक्षेत्र |
| १५ | पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि डिग्निटि किट वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने | विपद् पश्चात तत्काले | खानेपानी र सरसफाई एकाई, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाईटी |
| १६ | भत्केका खानेपानी संरचनाहरुको मर्मत सम्भारका लागी आवश्यक स्रोतको खोजी गरी शुद्ध खानेपानीको व्यवस्था गर्ने। | विपद् पश्चात तत्काले | सरसफाई एकाई, विषयक्षेत्र |
| १७ | प्रभावित परिवारहरुलाई अस्थायी खानेपानी र शौचालयको व्यवस्था गर्ने। | विपद् पश्चात तत्काले | सरसफाई एकाई, विषयक्षेत्र |
| १८ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | विपद् पश्चात तत्काले | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.४ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका ३१ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर—खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | | | |
| २ | प्रभावितहरुलाई नजिकको स्थानमा स्तानान्तरण गर्ने। | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासको लागि अस्थायीसंरचना निर्माण गर्ने। | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | प्रभावित परिवारलाई आवश्यक गैरखाद्य सामग्री जस्तै त्रिपाल, कम्बल, भाडाकुडा आदि उपलाब्ध गराउने। | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ५ | प्रभावित परिवार बसेको आस्रय स्थल र बसोबास गरिरहेको स्थानमा नियमित अनुगमन गर्ने। | नियमित | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ६ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने। | विपद् पश्चात् तत्कालै र अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ७ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ८ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ९ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका | विपद् पश्चात् सकेसम्म छिटो र | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | व्यक्तिहरूलाई परिस्थितीको आंकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने। | आवश्यकता अनुसार | विषयक्षेत्र |
| १० | बालबाकिका, किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक हरुलाई मनोसामाजिक परामर्श दिने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ११ | प्रभावित क्षेत्रमा हुनसक्ने हिंसा नियन्त्रणका लागि स्वयंसेवक परिचालन गर्ने र यौन हिंसा तथा दुर्व्यवहार तथा बेचबिखनबाट बच्ने उपायका बारेमा प्रभावितहरुलाई जानकारी दिने | निरन्तर र विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १२ | प्रभावित परिवारका बालबालिका, महिला, सुत्केरी, जेष्ठ नागरिक, अपाङगता भएका व्यक्तिहरुलाई नगद/राहत हस्तान्तरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | नगरपालिका |
| १३ | पीडित तथा प्रभावितहरुलाई व्यवसायमूलक तालिम सञ्चालन गरि व्यवसायमा संलग्न गराउने। | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १४ | संरक्षण तथा सूरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १५ | आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | निरन्तर | विषयक्षेत्रका समूह सदस्यहरू |
| १६ | प्रभावित परिवारका महिला, बालबालिका, सुत्केरी, जेष्ठ नागरिक, तथा अन्य लक्षित समुदायका नागरिकलाई आवश्यकताका आधारमा लत्ता कपडा, हाईजिन किट, डिग्निटी किट, आदि उपलब्ध गराउने । | आवश्यकता अनुसार | विषयक्षेत्रका समूह सदस्यहरू |

### ३.३.५ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन शीघ्र पुनर्लाभ क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

*तालिका ३२ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरू नोक्सान भई सेवा अवरूद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने र तत्काल सुचारू गर्नुपर्ने सेवाहरूको प्राथमिकिकरण गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सूचारु गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शिघ्र पुनर्लाभिका कार्यक्रम सञ्चालन गर्ने। | विपद् पश्चात तीन महिना भित्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शिघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |

# परिच्छेद-४

# बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

## ४.१ स्रोत-साधनको वर्तमान अवस्था

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ । यस नगरपालिकामा विपद्जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीको ब्यवस्थापन गरिनेछः

*तालिका ३३ स्रोत-साधनको वर्तमान अवस्था*

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजार सेट सहित) | यस नगरपालिकामा छैन | १ वटा जिल्लाको चौ.सा गढी न.पामा रहेकोछ । |
| | एस्काईभेटर (जेसिवि) | १ वटा | नगरपालिका |
| | टिप्पर | २ वटा | नगरपालिका |
| | डोजर | १ वटा | नगरपालिका |
| | गैर खाद्य सामाग्री | १० सेट | नेपाल रेडक्रस सोसाईटी |
| | कम्बल | ३० वटा | नगरपालिका |
| | लाईफ ज्याकेट | २ वटा | नेपाल रेडक्रस सोसाईटी |
| | क्लाइम्विङ डोरी | ५ | नगरपालिका र ईलाका प्रहरी कार्यालय बाह्रविसे |
| | सेफ्टि हेल्मेट | ३० वटा | बाह्रविसे नगरपालिका |
| | रवर बोट | छैन | नगरपालिका |
| | स्ट्रेचर | २ वटा | नगरपालिका, (साथै सबै स्वास्थ्य चौकीमा समेत स्ट्रेचर रहेको छ ।) |
| | मेगा ह्याण्ड माइक | ३ वटा | नगरपालिका |
| | ईमर्जेन्सी टर्च लाईट | ५ | नगरपालिका |
| | आगो निभाउने यन्त्र (फायर एस्टिङगुईसर सेट) | १ सेट | वार्ड नं ९-नगरपालिका (फयर ग्याँस नभएको तर ओजार भएको) |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | साईरन | १ वटा | नगरपालिका, जिल्ला प्रशासन कार्यालय |
| | रवरको पञ्जा | १० | नगरपालिका |
| | थ्रो व्याग | नभएको | नगरपालिका |
| | प्राथमिक उपचार किट | ५ वटा | नगरपालिका स्वास्थ्य शाखा |
| | कालो म्याट | छैन | चाहिएको बेलामा किन्ने |
| | डोम टेन्ट | ३० वटा | नगरपालिका |
| | एम्बुलेन्स | २ वटा | नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ, क्रिस्टोन अस्पताल, बाह्रविसे नगरपालिका |
| | गल | १० वटा | नगरपालिका भण्डार |
| | ज्यावल, | २० वटा | नगरपालिका भण्डार |
| | गैंटि (पिक) | १० वटा | नगरपालिका भण्डार |
| | त्रिपाल | १०५ | नगरपालिका भण्डार |
| | टेन्ट | ५ थान | नगरपालिका भण्डार |
| खाद्यान्न तथा पोषण | किटनाशक विषादी | आवश्यकता अनुसार उपलब्ध हुने | कृषि शाखा |
| | चामल | आवश्यकता अनुसार उपलब्ध हुने | स्टकमा राख्ने गेरेको छैन तर आवश्यकता अनुसार उपलब्ध हुने गरेको छ । स्थानिय वजार र पसललाई सम्पर्कमा राखिएको छ । |
| | नुन, तेल प्याकेट | आवश्यकता अनुसार उपलब्ध हुने | |
| | कोधो | आवश्यकता अनुसार उपलब्ध हुने | |
| स्वास्थ्य, खानेपानी, सरसरफाई तथा स्वच्छता | स्यानीटरी प्याड | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका शिक्षा र स्वास्थ्यमा |
| | इमेरजेन्सी किट | आवश्यकता अनुसार उपलब्ध हुने. | नगरपालिका |
| | ह्याण्डवास तथा साबुन | छैन | नगरपालिका |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | पिपिई सेट/गाउन | १० सेट | नगरपालिका |
| | सर्जिकल ग्लोब | १५ बक्स | नगरपालिका |
| | स्यानीटाईजर | १०० बोटल | नगरपालिका (स्वास्थ्य शाखामा रहेको) |
| | क्लोरिन पाउडर | २५-३० बक्स | नगरपालिका |
| | मेडिसिन | आवश्यकता अनुसार | नगरपालिका |
| | आर.एल. वोटल | २० वटा | नगरपालिका |
| | प्राथमिक उपचार बाकस/किट | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |
| | पियुष | २५ बोटल | नेपाल रेडक्रस सोसाईटी |
| | एक्वा टयाब | ५ प्याकेट | नेपाल रेडक्रस सोसाईटी |
| | पि.ए.भाइल | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |
| | पानी जाँच्ने किट | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |
| | पाईप तथा फिटिङ्स | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |
| | अस्थाई शौचालय किट | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |
| आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर—खाद्य सामग्री क्वारेण्टाइन व्यवस्थापन | ईन्धनबाट चल्ने आरा/ह्याक्स (Hacksaw) | १ सेट (ह्यामर, करौति, निलो डोरी) | नगरपालिका |
| | खन्ती (सव्वल) | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | गैंति र वेल्चा सेट | १० थान | नगरपालिका |
| | एयर लिफ्ट ब्याग | आवश्यकता अनुसार उपलब्ध गराउने | जिल्ला प्रशासन कार्यालय |
| | त्रिपाल/टेन्ट | आवश्यकता अनुसार उपलब्ध हुने | नगरपालिका |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | भाँडाकुँडा सेट | ५ सेट तयारीमा राखिएको | नगरपालिका |
| | जस्तापाता | आवश्यकता अनुसार उपलब्ध हुने व्यवस्थापन गर्न सकिने | नगरपालिका |

*नोटः यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ ।*

### ४.१.१ बाह्रविसे नगरपालिकाको प्रकोप पूर्व-तयारीका लागि उपलब्ध स्रोत साधन विवरण ।

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैरखाद्य सामाग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

*तालिका ३४ बन्दोबस्ती सामग्रीको आंकलन (नेपाली सेना)*

**बाह्रविसे नगरपालिका विपद स्टोर रहेको सामाग्रिहरु**

| क्र.सं. | सामानको नाम | ईकाई | बाँकी |
|---|---|---|---|
| १ | हाईजनिक किट र डिग्निटी किड | ब्याग | २० |
| २ | भाडाको सामान | सेट | २ |
| ३ | त्रिपाल सानो ठुलो र हरियो जम्मा | गोटा | १०५ |
| ४ | स्टेचर | गोटा | ३ |
| ५ | गल | गोटा | १० |
| ६ | वाल्टी फलामे 35+10 | गोटा | २५ |
| ७ | म्याट कालो | मि | ३ |
| ८ | सावेल | गोटा | १० |
| ९ | पिक | गोटा | १४ |
| १० | ट्रेन्ट ठुलो पहिलाको सेट नमिलेको | सेट | ३८ |
| ११ | सानो ट्रेन्ट | सेट | ५ |
| १२ | ४ मेन ट्रन्ट | सेट | २५ |
| १३ | स्लिपिङ ब्याग | गोटा | १९ |
| १४ | बल्याङकेट | गोटा | १६ |
| १५ | ग्यास सिलिन्डर | सेट | १ |
| १६ | प्लास्टिक वाल्टी सेट | गोटा | २५ |
| १७ | मख | गोटा | ४१ |
| १८ | सानो प्लास्टिक वाल्टी | गोटा | १३३ |

**बाहुविसे नगरपालिका विपद स्टोर रहेको सामाग्रिहरु**

| क्र.सं. | सामानको नाम | ईकाई | बाँकी |
|---|---|---|---|
| १९ | अस्थायी आवास निर्माण ओजार | सेट | ६८ |
| २० | पञ्जा 10+10 | सेट | ५ |
| २१ | रेनकोट | सेट | २ |
| २२ | प्लास्टिक सिट 500+1000 | मि | १३० |
| २३ | आगो निभाउने मेशिन सेट १९ आईटमको सामान सेट | सेट | १ |
| २४ | म्याट (सुकुल) | गोटा | १० |
| २५ | पोलार राम्रो 3*3 | गोटा | ६ |
| २६ | तारजाली | गोटा | ५० |
| २७ | हेलमेट | गोटा | २५ |
| २८ | ह्याण्डमाईक | गोटा | ४ |
| २९ | बुठ | गोटा | २ |
| ३० | करौती | गोटा | १ |
| ३१ | डोरी | गुथा | ३ |
| ३२ | ज्याकेट | गोटा | १५ |
| ३३ | हाते साईरन | गोटा | २ |
| ३४ | टयांका | गोटा | १ |
| ३५ | ब्यट्रि र स्वलार प्यानल सेट ब्याट्रि ५१ स्वलार प्यानल ३१ | गोटा | ३ |

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

नगरपालिकामा विपद्जन्य घटनामा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य, विषय क्षेत्रका सदस्य परिचालित हुनेछन् र वडा समिति सँगको समन्वयमा स्थानीय समुदायहरू पनि प्रतिकार्यका लागि परिचालित हुनेछन्। यस बाहेक ५० जना नेपाली सेना, ४० जना नेपाल प्रहरी, ३५ जना सशस्त्र प्रहरी बल खोज तथा उद्धारका लागि परिचालित हुनेछन् । सबै वडामा महिला स्वास्थ्य स्वयंमसेवक प्राथमिक उपचारका लागी रहेका छन् । जिल्ला विपद् व्यवस्थापन समिति, न.पा. विपद् व्यवस्थापन समिति र वडा समिति मार्फत विभिन्न माध्यम बाट पूर्व सूचनाको जानकारी प्राप्त गर्ने र आम समुदायमा सम्प्रेषण गरिने छ । यसका साथै शव व्यवस्थापन सम्बन्धी काम नेपाली सेना मार्फत गरिनेछ । जनशक्ति सम्बन्धी विवरण हेरफेर भई रहन सक्ने हुँदा सबै विषय क्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।साथै खोज उद्दार तथा प्राथमिक उपचार तालिम लिएका ६३ जना समुदाय स्तरवाट पनि तयारि अवस्थामा रहेका छन् ।

### ४.३ गैर–खाद्य सामग्रीको भण्डारण स्थल

विपद्का घटनाहरूमा प्रतिकार्यको लागि गैह्र खाद्य सामग्रीहरूको गोदाम घर (भण्डारण स्थल) नगरपालिकामा रहेको छ । थप पहिचान भएका भण्डारण स्थल सम्बन्धी विवरण देहायअनुसार रहेको छः

*तालिका ३५ गैर–खाद्य सामग्रीको भण्डारण स्थल विवरण*

| क्र.सं. | विवरण | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | खुर्सानी बारी (फुटबल मैदान) | श्री दुर्गा प्रसाद भण्डारी | ९८४९९४७३२० |
| ३ | नेपाल रेडक्रस सोसाईटी बाह्रविसे | श्री हेमन्त श्रेष्ठ | ९८४१९०१९२३ |
| ४ | नेपाली सेना जलेटार ब्यारेक | श्री राजाराम पण्डित | ९८६७०६८६०४ |
| ५ | सशस्त्र प्रहरी बल सुरक्षा बेस लामोसाँधु | श्री जगत दुवाल | ९८५१२७१३१८ |
| ६ | नेपाल प्रहरी बाह्रविसे | सेमेश पाण्डे, प्रहरी निरिक्षक | ९८४१२९१७४४ |

*स्रोतः बाह्रविसे नगरपालिका र जिल्ला विपद् प्रतिकार्य योजना*

### ४.३.२ मानवीय सहायता स्थल

बाह्रविसे नगरपालिकाको वडा नं ३ स्थित सैनिक ब्यारेकमा हेलिप्याड रहेको छ । त्यसै गरी वडा नं ७ टुडिखेलमा पनि हेलिकप्टर अवतरण गर्न सकिने हेलिप्याड रहेको छ । यी हेलिप्याड मानवीय सहायता तथा विपद् प्रतिकार्यको निमित्त उपयोग गर्न सकिन्छ । विपद्को समयमा थप सहायताको लागी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेनाको सुन्दरीजल स्थित कार्यालयबाट थप उद्धार सामग्री, तालिम प्राप्त जनशक्ती हेलिकप्टरको सहयोग आवश्यकता अनुसार प्राप्त गर्न सकिनेछ । त्यसैगरि सशस्त्र प्रहरीको माथिल्लो निकायबाट पनि विपद्को अवस्था अनुसार उद्धार सामग्री, तालिम प्राप्त जनशक्ती प्राप्त गर्न सकिनेछ ।

### ४.४ वर्षा तथा बाढी अनुगमन केन्द्रहरू

<u>यस क्षेत्रमा रहेका वर्षा तथा बाढी अनुगमन केन्द्रहरू</u>

स्वचालित मौसम अनुगमन केन्द्र घुमथाङ

स्वचालित मौसम अनुगमन केन्द्र, बाह्रबिसे

भोटेकोशीको जलसतह मापन (स्वचालित) केन्द्र, जम्बु र बाह्रबिसे

<u>सुरक्षित आवास तथा खुला स्थल</u>ः-

यस नगरपालिकामा बाढीपहिरोबाट बच्न सुरक्षित आश्रय आवश्यक पर्ने जोखिममा रहेका समुदायको संख्या निम्न अनुसार रहेको छ ।

*तालिका ३६ जोखिममा रहेका समुदायको विवरण, २०७९*

| वडा नं. | जोखिममा रहेका समुदाय* | जोखिममा रहेका परिवार संख्या | सुरक्षित आश्रय चाहिने परिवार* | अपाङ्गता भएका | बालबालिका (०-९ वर्ष) | वृद्धवृद्धा (७०+ वर्ष) |
|---|---|---|---|---|---|---|
| १ | ३ | | ७२ | ३५ | १५ | ४२ |
| २ | ४ | २५७ | ९८ | ११० | १९ | ८५ |
| ३ | ११ | १६१ | ९१ | १७० | २५ | ७१ |
| ४ | - | - | ४४ | - | - | १३६ |
| ५ | १२ | ४६३ | २८३ | २१० | १८ | ४७ |
| ६ | ५ | १९६ | १०३ | १५ | ३५ | २२ |
| ७ | ८ | ४७८ | १५८ | ६५ | ४३ | ८९ |
| ८ | ४ | १६१ | ४८ | ७८ | २७ | ४६ |
| ९ | ३ | ४३ | ४९ | ५१ | २३ | ४४ |
| जम्मा | **५०** | **१७५९** | **९४६** | **७३४** | **२०५** | **५८२** |

स्रोतः बाह्रबिसे नगरपालिकाको डाटाबेस, २०८०। *प्रतिवद्ध॥ परियोजनाको घरधुरी सर्वेक्षण, २०८०

नोटः जोखिममा रहेका केही परिवारले आफै अन्यत्र सुरक्षित ठाउँमा अस्थायी बसोबासको व्यवस्था गर्न सक्ने देखिन्छ । त्यसैगरी उच्च जोखिममा रहेका ५७ घरधुरी स्थायीरूपमा सुरक्षित स्थानमा सरेका वा सर्ने प्रक्रियामा रहेका छन् । अस्थायी आश्रय चाहिने परिवार संख्या ९४६ रहेको छ ।

बाढीपहिरोको जोखिमबाट बच्न समुदायले आपत्कालीन आश्रय लिन पहिचान गरिएका सुरक्षित स्थलहरूको संक्षिप्त विवरण तालिकामा छ । हरेक सुरक्षित स्थलको विस्तृत विवरण नगरपालिकाको डाटाबेसमा सूचीकृत र सम्बन्धित वडा कार्यालयमा सूचीकृत गरी राखिएको छ । साथै, सम्बन्धित समुदायको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न रहेको छ ।

*तालिका ३७ नगरपालिकामा मानिसको लागि पहिचान गरिएका सुरक्षित आश्रयस्थलको विवरण, २०७९*

| **वडा नं.** | **सुरक्षित स्थल संख्या** | **अनुमानित क्षेत्रफल (वर्ग मीटर)** | **अनुमानित अट्ने क्षमता जनसंख्या** | **सुरक्षित आश्रय चाहिने (जनसंख्या = परिवार*४.५)** | | **बाढी पहिरोको जोखिममा रहेका कुल परिवार** |
|---|---|---|---|---|---|---|
| | | | | **परिवार** | **जनसंख्या** | |
| १ | ३ | ५२०० | ११६४ | ७२ | ३२४ | - |
| २ | ३ | ६८५० | १५३० | ९८ | ४४१ | **२५६** |
| ३ | ५ | ४८३० | १०७० | ९१ | ४१० | **१४४** |
| ४ | २ | - | - | ४४ | १९८ | - |
| ५ | ६ | ७२०० | १६१० | २८३ | १२७४ | **४७०** |
| ६ | ५ | ९४७८ | २०९० | १०३ | ४६४ | **१९६** |
| ७ | ४ | ५३५८ | ११९० | १५८ | ७११ | **४७७** |
| ८ | ४ | ८३०० | १८५० | ४८ | २१६ | **१६१** |
| ९ | २ | १७०० | ३८० | ४९ | २२१ | **४३** |

| वडा नं. | सुरक्षित स्थल संख्या | अनुमानित क्षेत्रफल (वर्ग मीटर) | अनुमानित अट्ने क्षमता जनसंख्या | सुरक्षित आश्रय चाहिने (जनसंख्या = परिवार*४.५) | | बाढी पहिरोको जोखिममा रहेका कुल परिवार |
|---|---|---|---|---|---|---|
| | | | | परिवार | जनसंख्या | |
| जम्मा | | | ९७२० | ९४६ | ४२५९ | १७४७ |

स्रोतः नगरपालिकाको डाटाबेस र प्रतिवद्ध॥ परियोजनाको अध्ययन प्रतिवेदन, २०८०

नोट : अट्ने क्षमताको अनुमान UNHCR (https://emergency.unhcr.org/emergency-assistance/shelter-camp-and-settlement/shelter/emergency-shelter-standard) को मापदण्ड अनुसार ४.५ वर्ग मिटर प्रति व्यक्तिको हिसाबले गणना गरिएको छ ।साथै सुरक्षित स्थलको क्षेत्रफल (अट्ने क्षमता) **अनुसूची ११** मा संलग्न पहुँचमार्गको नक्शाबाट साभार गरिएको हो । थप जोखिम युक्त वस्तिको भौगर्बिक अध्ययन भईरहेको छ र सुरक्षित स्थल सो प्रक्रिया पूरा भएपछि मात्र अध्ययन हुने भएकोले यस योजनामा सो वडाहरूको सुरक्षित स्थान समवेस गरिएको छैन।

हरेक वडामा गाउँ, टोल अनुसारको सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन सहितको विवरण अनुसूची ११ मा राखिएको छ । यी स्थलहरू नगरपालिकामा सूचीकृत गरी राखिएको छ । साथै, सम्बन्धित वडाको रेकर्डमा र समुदायको विपद् व्यवस्थापन योजनामा समावेश गरिएको छ ।

## ४.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका ३८ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क्र. सं | आवश्यक साधन/उपकरण | थप सङ्ख्या वा परिमाण (न्यूनतम) | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | ट्रिपर | २ | लिष्टमा उपलब्ध नभएका सामान तथा साधन भाडामा लिने र नभएका सामग्रीको खरिद गर्न आवश्यक रकम नगरपालिका सँग नभएको स्थितिमा तत्काल नभई नहुने सामग्री खरिद गर्ने र सोको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने । |
| २ | स्काईभेटर-१ र ब्याकहोईलोडर-१ | २ | |
| ३ | लाईफ ज्याकेट | १० पिस | |
| ४ | डोरी | ५०० मिटर | |
| ५ | शव वाहन | १ | |
| ७ | एम्बुलेन्स | २ | |
| ८ | पानी बोट | २ वटा | |
| ९ | रबर बुट | १०० जोर | |
| १० | हेल्मेट | १५० वटा | |
| ११ | रबर पन्जा | १०० जोर | |

*स्रोतः बाहविसे नगरपालिका*

*तालिका ३९ खाद्य तथा कृषि क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| **क. सं** | **आवश्यक सामग्री/उपकरण** | **थप सङ्ख्या वा परिमाण** (न्यूनतम) | **अनुमानित रकम (रु हजारमा)** |
|---|---|---|---|
| १ | चामल | २०० क्विन्टल | तत्काल नभई नहुने उपरोक्त सामग्री खरिद गर्नको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने। आवश्यक्ता अनुसार कोषमा भएको रकमबाट समन्वय गरेका संग तत्काल खरिद गरि व्यवस्थापन गर्ने |
| २ | दाल | १०० क्विन्टल | |
| ३ | तेल | ३००० लिटर | |
| ४ | नुन | ५०० प्याकेट | |
| ५ | चिउरा, दालमोठ | ५० क्विन्टल, २५ क्विन्टल | |
| ६ | बच्चा, बृद्ध-बृद्धा, गर्भवती महिलाको लागि पोषण युक्त खानाको व्यवस्था | ५० जना | |

*स्रोतः बाहविसे नगरपालिका*

*तालिका ४० खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता (न्यूनतम) | अनुमानित लागत |
|---|---|---|---|
| १ | खानेपानी टयाङ्की | ५/५००० लि. | तत्काल नभई नहुने सामग्री खरिद गर्नको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने। |
| २ | ईन्धनबाट चल्ने आरा/ह्याक्स | १ वटा | |
| ३ | गैंति | २० वटा | |
| ४ | हाइजिन किट | ५० सेट | |
| ५ | खानेपानी शुद्धिकरणको औषधि | ५०० ट्याब | |

*स्रोतः बाहविसे नगरपालिका*

*तालिका ४१ संरक्षण तथा सुरक्षा क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता (न्यूनतम) | अनुमानित लागत |
|---|---|---|---|
| १ | डिग्निटी किट | ५० सेट | तत्काल नभई नहुने सामग्री खरिद गर्नको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने । |
| २ | ‌ह्विल चियर | ५ वटा | |
| ३ | स्ट्रेचर | २० वटा | |
| ४ | महिला, बालबालिका, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकको संरक्षण गर्ने उपाय सहितको पुस्तिका तयार गर्ने | ५० प्रति | |

*स्रोतः बाहविसे नगरपालिका*

*तालिका ४२ आपत्कालीन आश्रय र गैर- खाद्य क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता (न्यूनतम) | अनुमानित लागत |
|---|---|---|---|
| १ | त्रिपाल | ५० थान | तत्काल नभई नहुने सामग्री खरिद गर्नको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने । |
| २ | न्यानो कपडा कम्बल | ५० थान | |
| ३ | म्याट्रेस | ५० थान | |
| ४ | गैर खाध्य सामाग्री ( भाडाँ, कपडा) सेट | ५० सेट | |

*स्रोतः बाहविसे नगरपालिका*

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ ।*

# परिच्छेद-५

# विविध

## ५.१ स्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि स्रोत जुटाउन नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । विपद् पूर्व तयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्न उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषय क्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ । कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट विपद्को अवस्थाको आधारमा रकम उपलब्ध गराइनेछ । स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालय मार्फत हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराइनेछ ।

नगरपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत सङ्घीय सरकारसँग अनुरोध गरिनेछ । साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ । यस व्यवस्थापन सम्बन्धी थप विस्तृत विवरण निम्न अनुसार छन् :

१. यस बाह्रबीसे नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली २०७६, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९, स्थानीय विपद् व्यवस्थापन कार्यविधि २०७५, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७८ मा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना र नीतिगत प्रवन्ध गरिनेछ ।

२. विपद् व्यवस्थापनका लागि यस नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष, Covid 19 कोष, मर्मत सम्भार कोष, दलित सहायता कोष र अपाङ्गता पुर्नस्थापना कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेटबाट परिचालन गरिनेछ ।

३. नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बार्षिक बजेट विपद् व्यवस्थापन शिर्षकको बजेटबाट रकम उपलब्ध गराई प्राथमिकताका आधारमा पूर्वतयारीका गतिविधिहरूको कार्यान्वयनको शुरूवात गरिनेछ । क्रमश: आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

४. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई जोखिम तह दृष्टिकोण ( ) को अवधारणालाई प्रयोग गरी कम हानी गर्ने तथा बर्षेनि दोहोरिरहने जोखिम आफै बहन गर्ने, मध्यम हानी गर्ने मध्यम खालका जोखिमको लागि बित्तिय व्यवस्था गर्ने र उच्च हानी गर्ने जोखिमहरुको बिमा गर्ने र जोखिम हस्तान्तरण गरिनेछ । साथसाथै यी गतिविधिहरूलाई नगरपालिकाले सञ्चालन गर्ने आवधिक योजना, विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ ।

५. नगरपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयनमा अपुग हुने तथा प्रदेश र संघीय सरकारको समेत प्राथमिकतामा पर्ने क्रियाकलापहरूको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरी स्रोत जुटाइनेछ ।

६. विकास साझेदार संस्थाहरू (दुईपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

७. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व, र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारी र प्रतिकार्यका लागि परिचालन गरिनेछ ।

८. नगरपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकिकृत रूपमा परिचालन गरिनेछ ।

९. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन नगरपालिकाका उप प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ । उक्त अनुगमन समितिले अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

१०. विपद् पोर्टल तयार गरी विपदबाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका नगरपालिकाको वेवसाइटमा गतिविधिहरू नियमित रूपमा अद्यावधिक गरिनेछ ।

११. स्थानीय विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर नगर विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रूपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ ।

यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी गाउँ, भोटेकोशी गाउँपालिका, जुगल गाउँपालिका, त्रिपुरा सुन्दरी गाउँपालिका, चौतारा साँगाचोकगढी नगरपालिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाख, जिल्ला प्रशासन कार्यालय, मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग र सहकार्य गरिनेछ । विपद्को समयमा खोज तथा उद्धार कार्यको निम्ति दमकल, एम्बुलेन्स शव बाहन, तथा जनशक्ति परिचालनमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल रेडक्रस सोसाइटी सँग आपत्कालीन समन्वय उद्धार गरिनेछ । त्यसै गरी खाद्यान्न तथा राहत सामग्रीको व्यवस्थापन र त्यसको भण्डारणका निम्ति पनि उद्योग वाणिज्य सङ्घ, खाद्य संस्थान डिपो सँग समन्वय गरिनेछ । त्रिपाल लगायत अन्य लत्ता कपडाको व्यवस्थापन नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा तथा उपशाखाहरू सँगको समन्वयमा गरिनेछ । दमकल तथा एम्बुलेन्सको तत्काल व्यवस्थापनको लागि छिमेकी गाउँ/नगरपालिका सँग समन्वय गरिने र हाल रहेका एम्बुलेन्सलाई तयारी अवस्थामा राखिनेछ । यस्तो सहयोग विशेष गरी बाढी, पहिरो र आगलागीको समयमा तत्काल प्रतिकार्यका लागि तथा अत्यावश्यक मानवीय सहायता तथा उपयोगमा केन्द्रित हुनेछ । अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न र विपद्का व्यवस्थापनलाई प्रभावकारी र किफायती बनाउन अन्य स्थानीय तह तथा सँघसंस्था सँग लागत साझेदारी वा सम्झौता गर्न सक्नेछ ।

नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा नगरपालिका भित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ । नगरपालिकाभित्र पनि नगरपालिका मातहतका निकाय वा समितिबीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सुरक्षा निकाय तथा सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय गर्नु पर्दछ । जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैह्र सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालिन कार्यसंचालन केन्द्रसँग विपद् सम्बन्धी सूचना र प्रतिवेदनहरू आदानप्रदान गर्न स्थानय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आवश्यक समन्वय गर्नेछ ।


विपद् प्रतिकार्यको दौरानमा निम्न थप कार्यहरू गरिने छ :

१. विषयगत क्षेत्रको अवधारणा अनुसार नगरपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू सम्बन्धित विषयगत क्षेत्रको सदस्य रहन्छन र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजक तथा सम्बन्धित शाखाको हुनेछ ।

२. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय, सुरक्षा निकायहरूसँगको समन्वय तथा नगरपालिका बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र सहयोगी निकायहरूसँगको समन्वयको जिम्मेवारी नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

३. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरूप नगरपालिकाको प्राथमिकता अनुसार एकद्धार नीति बमोजिम हुनेछ । संस्थागत समन्वय र सहकार्यको ढाँचा निम्न बमोजिम हुनेछ ।

चित्र ५ सरोकारवाला निकाय सँगको समन्वय सञ्जाल



## ५.३ अनुगमन र मूल्याङ्कन

यस योजनामा नगरपालिकामा विपद्‌बाट प्रभावित हुन सक्ने परिवार, मृत्यु हुन सक्ने तथा घाइते हुन सक्नेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ ।

योजना कार्यान्वयनको बार्षिक अनुगमन र मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ । योजना कार्यान्वयनको नियमित अनुगमन (त्रैमासिक रुपमा बैशाख, श्रावण, कार्तिक, माघ) स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ ।

**वार्षिक अनुगमन र मूल्याङ्कन**

यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरू निर्धारण गरिएको छः

*तालिका ४३ अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि लक्ष्य सूचक*

| क्र.सं. | सूचक | आधार वर्ष (२०७८/७९) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | (२०७९/८०) | (२०८०/८१) | (२०८१/८२) |
| १. | नगर क्षेत्रमा विपद्‌बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ । | | | | |
| १.१ | विपद्‌बाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या (सडक दुर्घटना बाहेक) | ३-७ | ५०% | ७०% | ८०% |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | ३-७ | ५०% | ७५% | ८२% |
| २. | विपद्‌बाट प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य मात्रामा कम भएको हुनेछ । | | | | |
| २.१ | विपद्‌बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत सङ्ख्या | २००-५०० | ५०% | ७५% | ८५% |
| २.२ | विपद्‌बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | ३००-९०० | ५०% | ७०% | ८०% |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | २०-१०० | ५०% | ७५% | ८२% |
| २.४ | विपद्‌बाट क्षति हुने घरहरूको वार्षिक औसत सङ्ख्या | ५०-१५० | २५% | ५०% | ७०% |
| ३. | विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षतिमा कमी आएको हुनेछ । | | | | |

| क्र.सं. | सूचक | आधार वर्ष (२०७८/७९) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | (२०७९/८०) | (२०८०/८१) | (२०८१/८२) |
| ३.१ | विपद् बाट क्षतिहुने खेतीयोग्य जमिनको वार्षिक औषत संख्या (रोपनी) | | ७०% | ८०% | ९०% |
| ३.२ | विपद् बाट क्षति हुने कुल पशु चौपायाको वार्षिक औषत संख्या | | २५% | ५०% | ७५% |
| ४. | नगरपालिका र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्ने संयन्त्र सङ्ख्या | | | | |
| ४.१ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय र सहकार्य बिस्तार गर्ने | २५% | २५% | ३५% | ५०% |
| ४.२ | नगरपालिका र सरोकारवालाहरु बीच विपद् सम्बन्धी (पूर्व तयारी, विपद्को समय र विपद्पश्चात) नियमित बैठक बस्ने (हरेक महिना) | १ पटक आवश्यकतानुसार | १ पटक आवश्यकतानुसार | १ पटक आवश्यकतानुसार | १ पटक आवश्यकतानुसार |
| ५. | बहु–प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आंकलन, उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि भएको हुनेछ । | | | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहु–प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | ०.३% | १% | ५% | १०% |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसङ्ख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत | २% | १०% | २०% | ४०% |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू | ० | १ | ३ | ९ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०७८/७९) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | (२०७९/८०) | (२०८०/८१) | (२०८१/८२) |
| | भएका वडाहरूको सङ्ख्या | | | | |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी जनसमुदायलाई उपलब्ध गराउन सक्ने समुदाय | ० | १० | १० | १४ |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या | ६६ | १००% | १००% | १००% |

*स्रोत:बाह्रबिसे नगरपा लका/DPRP कार्यशाला गोष्ठी*

### ५.३.२ योजनाको परिमार्जन

नमूना अभ्यास तथा कार्यान्वयनको सिकाइका आधारमा हरेक वर्ष यो योजनालाई परिमार्जन गरिनेछ । यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ । उक्त समितिले माथि उल्लिखित सूचकहरूको आधारमा नियमित रूपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेस गर्नेछ । यस्तो प्रतिवेदनमा औंल्याइएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषय क्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । नमूना अभ्यासका र कार्यान्वयनको सिकाइका आधारमा हरेक वर्ष यस योजनाको पुनरावलोकन गरिनेछ । पुनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछः

*तालिका ४४ योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन*

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समिक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा समिक्षा बैठक गर्ने | कार्तिक महिना |
| | | | माघमहिना |
| | | | बैशाख महिना |
| | | | श्रावण महिना (आगामी आ.व. को) |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कार्तिक मसान्त |

## ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ:

*तालिका ४५ क्षमता विकास रणनीति र योजना*

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | स्थानीय आपत्कालीन सञ्चालन केन्द्र (Local Emergency Operation Center) को सुदृढिकरण। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| २ | स्थानीय आपत्कालिन सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि तर्जुमा गरि कार्यान्वयन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ३ | विपद्को सामना गर्न नगरपालिकाको स्रोत र क्षमताबाट संभव नभएमा जिल्ला, प्रदेश, केन्द्र र साझेदार संस्थाहरुबाट सहयोग माग गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि पूर्वतयारी |
| ४ | नगरपालिका क्षेत्रभित्रको विपद्का घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कको विपद् व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी अद्यावधिक गर्ने र नगरपालिका तथा सरोकारवाला निकायलाई उपलब्ध गराउने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद्को घटनाको हुनु अघि, विपद्को समयमा र विपद् पश्चात |
| ५ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखिकरण, तालिम र अभ्यासको व्यवस्था गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ६ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, तालिम प्रदान गर्ने। | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ७ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ८ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |
| ९ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि | स्थानीय विपद् | मनसुन अगावै तथा |

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| | विषयक्षेत्रहरूको क्षमता विकास गर्ने। सबै क्षमता विकास तालिमहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संवेदनशील र समावेशी हुने कुरा सुनिश्चित गरिने। | व्यवस्थापन समिति | विपद्को घटना हुनु अघि |

## अनुसूची-१
## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक जिल्ला, बागमती प्रदेश
स्थानः बाह्रबिसे नगरपालिका कार्यालय

**छलफलका विषयहरूः**

१. गत वर्षका विपद्का घटनाहरू र व्यवस्थापन सम्बन्धी समीक्षा,
२. यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो सम्बन्धि पूर्वानुमानहरू जल तथा मौसम विज्ञान बिभागबाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ),
३. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (भौगोलिक कार्यक्षेत्रः बाह्रविसे नगरपालिका),
४. विषयक्षेत्रहरू (नगरपालिकामा रहने क्लष्टरहरू) र तिनको योजना,
५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा) अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने,
७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य नगरपालिका, नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकायहरु),
८. अन्य (जस्तैः समितिको आगामी बैठक सम्बन्धमा)।

**प्राविधिक कार्य समूह**

श्री चुरामणी पन्थी, प्रमुख प्रशासकिय अधिकृत र निम्न प्रतिनिधि रहेको प्राविधिक कार्य समूहले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७८ लाई समिक्षा गरि संशोधित मस्यौदा तयार गर्न कार्य गरेको थियो।

१. प्रतिनिधि नेपाल प्रहरी
२. प्रतिनिधि सशस्त्र प्रहरी बल नेपाल
३. प्रतिनिधि नेपाल प्रहरी
४. विपद् शाखा प्रमुख
५. प्रतिनिधि, प्रतिबद्ध परियोजना

## अनुसूची-२

## स्थानीय विपद् व्यवस्थापन समितिबाट कार्यदिश प्रदान

१. उपलब्ध तथ्याङ्क, दस्तावेज, प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,

२. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, कम्तिमा विगत ५ वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,

३. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू,

४. आधारभूत अध्ययन लगायतका कार्य गर्ने,

५. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाई सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,

६. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरूको अध्ययन र समीक्षा गर्ने,

७. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सूरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,

८. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,

९. कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,

१०. सबै विषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्ने,

११. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने।

## अनुसूची-३

## सरोकारवाला निकायको पहिचान तालिका

| क्र.सं. | नामथर | प्रतिनिधित्व संध सस्था | सम्पर्क नं. |
|---|---|---|---|
| १ | राजाराम पण्डित | नेपाली सेना ईन्द्रध्वज ख गुल्म जलेटार | राजाराम पण्डित ९८६७०६८६०४, ०११६२००९४ |
| २ | जगत दुवाल | प्रतिनिधि सशस्त्र प्रहरी बल नेपाल बेसक्याम्प लामोसाधु | ९८५१२७१३१८ |
| ३ | सुमेश पाण्ढे | प्रतिनिधि नेपाल प्रहरी | ९८४१२९१७४४ |
| ४ | सीता भुजेल | प्रतिनिधि, प्रतिबद्ध परियोजना | ९८६१९२५१६० |
| ५ | बुद्दराज बस्नेत | उद्योग वाणिज्य संध | ९८५१०९१००१ |
| ६ | हेमन्त श्रेष्ठ | नेपाल रेडक्रस स्वसाईटी शाखा कार्यालय बाहविसे | ९८४१९०१९२३ |
| ७ | आङदोर्जे शेर्पा | वन वातावरण तथा विपद् ब्यवस्थापन समिति संयोजक | ९८५१०८२६१५ |
| ८ | दुर्गा प्रसाद भणडारी | विपद् शाखा प्रमुख | ९८४९९४७३२० |
| ९ | जनप्रतिनिधि र राजनैतिक प्रमुखहरु नगरिक समाज अगुवा वर्गहरु | नगरपालिका सवै | |

## अनुसूची-४

## विषयक्षेत्रको बैठकको कार्यसूची

नगरपालिका: वाह्रबिसे, जिल्ला: सिन्धुपाल्चोक, प्रदेश: बागमती,

विषयक्षेत्र ............

स्थानः मिति/समयः

**छलफलका विषयहरूः**

१. विषयक्षेत्रको परिचय,

२. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली,

३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,

४. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,

५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,

६. विद्यमान कमीकमजोरीहरूको पहिचान,

७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,

८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,

९. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,

१०. बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,

११. पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),

१२. अन्य (जस्तैः आगामी बैठक सम्बन्धमा)।

**नोटः**

प्रत्येक विषयक्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुन्छ।

## अनुसूची-५

## विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ। विषयक्षेत्र सदस्य संस्थाको काम कर्तव्य देहाय अनुसार हुनेछन्:-

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्र संघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकि आवश्यकता अनुसार सहयोग गर्ने,

२. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय, स्थानीय तह, नागरीक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

३. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),

४. आपत्कालीन अवस्थाका लागि प्रर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने,

५. विषयक्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

६. विषयक्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना पत्राहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

७. सूचना सङ्कलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,

८. विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने  साथै, विषयक्षेत्रका सहभागीहरूलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने,

९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने,

१०. पूर्वनिर्धारीत प्राथमिकता प्राप्त विषयगत संस्थाहरूलाईअन्तिम सेवा प्रदायककारुपमा जिम्मेवार बनाउने,

११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने।

## अनुसूची-६

## अगुवा सहयोगी संस्थाको कार्यशर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप तय गर्नका लागि सबै निकायहरुबीच छलफल गर्न साझा मञ्च प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो। यसको अन्य भूमिका देहाय बमोजिम हुनेछः-

१. सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
२. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरू सञ्चालन गर्ने,
३. विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने,
४. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने,
५. विगतका अनुभवको आधारमा सफलता, सिकाई, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सवै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने,
७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने,

## अनुसूची-७
## छलफल तथा गोष्ठीको कार्यसूची

**छलफलका विषयबस्तु देहाय अनुसार रहेका छन्ः**

1. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड,
2. निकायगत श्रोत, साधन तथा क्षमताहरू,
3. सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
4. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
5. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
6. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति,
7. अन्तर सम्बन्धित सवालहरुको सम्बोधन,
8. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू,
9. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना,

**माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार छः-**

१. **सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोडः** विषयक्षेत्रका सम्बन्धित सदस्यले सम्भावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन्। सहभागीहरूले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन्। यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ । नगरपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषणको निचोडमा छलफल गरीन्छ।

२. **निकायगत उपलब्ध स्रोत साधन तथा क्षमताहरूः** पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निक्यौंल गर्नु पर्दछ । यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ । हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफुसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्दछ ।

३. **सम्भावित प्रकोप र सोको प्रभाव क्षेत्रः** आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसक्ने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नुपर्दछ । यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नुपर्दछ । जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछः

क) प्रकोपको घटना घट्न सक्ने सम्भावना,

ख) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ। प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा र सम्भावित आपत्कालीन अवस्थालाई आधार मान्न सकिन्छ। कहिलेकाँही मात्र हुने भएता पनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ ।

४. **विषयक्षेत्र केन्द्रीत योजना र समूहगत छलफलः** सहभागीहरूलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ । यदि एउटै संस्था एकभन्दा वढी विषयक्षेत्रसँग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा वढी योगदान गर्न सकिने विषयक्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ।

५. **तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरणः** पूर्वतयारीका कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपतकालीन अवस्थाका कार्यहरू हुन सक्नेछन्। उदाहरणका लागि केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन्:

क) सम्बन्धित तहका प्रत्येक विषयक्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने,

ख) विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

ग) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सूरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,

घ) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने,

ङ) तथ्याङ्क सङ्कलनका लागि आवश्यक फाराम तयार गर्ने,

च) पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि सञ्चारको माध्यमहरूको विस्तृत अभिलेख राख्ने,

छ) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरूका लागि आवश्यक मानवीय, भौतिक तथा वित्तीय स्रोतहरू पहिचान गर्ने,

ज) जनसंख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सूरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुल्ला ठाउँहरू, यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने,

झ) सुरक्षित मार्गहरू, खोज तथा उद्धार मार्गहरू, सङ्कटासन्न समुदायमा हेलिप्याड, अवतरण र ड्रप जोन पहिचान गर्ने,

ञ) सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली गठन गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने,

ट) अस्थायी आपत्कालीन आश्रय स्थल, खाद्य तथा गैर-खाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामाग्रीको आंकलन र नपुग सामाग्रीको जोहो गर्ने,

ठ) आपत्कालीन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य बस्तुहरूको बजार सर्वेक्षण गर्ने,

ड) स्वास्थ्य सूरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने,

ढ) विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सूरक्षा योजना तयार गर्ने, आकस्मिक योजना बनाउने,

ण) जीविकोपार्जनका उपायहरु (गाईपालन, बाख्रापालन, सुँगुर र कखुरा फर्महरू, माछा पोखरी, तरकारी खेती लगायत अन्य पेशा तथा व्यवसाय) र सूरक्षाका अन्य उपायहरू बारे योजना बनाउने,

त) बाढी निकास र नहरहरू सफा रहेका सुनिश्चित गर्ने, संवेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने,

थ) सूरक्षा निकाय र स्वयम् स्वकलाई खोज तथा उद्धार तालिम प्रदान गर्ने,

द) पूर्वतयारी वारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने,

ध) कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने

**केही प्रतिकार्यका कार्यहरू निम्न हुन सक्नेछन्ः**

क) विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक गर्ने,

ख) खोज तथा उद्धार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने,

ग) घाइते तथा विरामीलाई घुम्ती क्लिनिकहरू मार्फत प्राथमिक उपचार गर्ने,

घ) मानिसहरू र घरपालुवा जनावरहरू स्थानान्तरण गर्ने,

ङ) सूचना सङ्कलन गर्न, व्याख्या गर्न र पुष्टि गर्न आपत्कालीन सूचना प्रणाली (तथ्याङ्क–सूचना इकाई) स्थापना र सञ्चालन गर्ने,

च) आपत्कालीन प्रतिकार्यका लागि स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाउने,

छ) आपत्कालीन आश्रयस्थल तथा राहत सामग्रीको व्यवस्था गर्ने,

ज) बाढीको खतरा क्षेत्रमा नदीको सतह सतर्कता तहभन्दा तल नझरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी राख्ने,

झ) सम्बद्ध आपत्कालीन प्रतिकार्य योजनाहरूलाई सक्रिय बनाउने,

ञ) विषयगतक्षेत्र (Cluster) र कार्यदल समुहले आफ्ना सम्बधित आपत्कालीन योजनाहरू सक्रिय बनाउन नेतृत्व गर्ने ।

**नोटः**

(१) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरू सम्बन्धी थप जानकारी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ बाट पनि लिन सकिनेछ ।

(२) प्रकोप पूर्वसूचना प्रणाली सम्बन्धी जानकारी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत लिन सकिनेछ ।

६. **योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिकाः** बिभिन्न निकायहरूको जिम्मेवारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा सम्बन्धित निकायको कार्यक्षेत्र, कार्यशर्तहरूमा उल्लेख

भए अनुसार हुन्छन्। कार्यशालामा सम्बन्धित विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्यहरू, मानवीय कार्यमा संलग्न संस्थाहरूको भूमिकाको वारेमा छलफल गर्नुपर्छ। यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरूलाई स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्नेछ ।

७. **आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीतिः** योजना तर्जुमा गर्दा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक श्रोत र योजना कार्यान्वयनमा संलग्न संस्थाहरूको क्षमता विश्लेषण गरी नपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु पर्छ। विश्लेषणमा विपद् घटना पश्चात् प्रभावितहरूको मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै आश्रय स्थलमा आवश्यक पर्ने खाद्यान्न, स्वास्थ्य तथा सरसफाई सामग्री आदि), जनसङ्ख्याको विशेषता (जस्तैः लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवम् सम्बन्धित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था (पहूँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नुपर्दछ ।

८. **अन्तर सम्बन्धित विषय, सवालहरूको सम्बोधनः** विपद्बाट महिला/पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरूमा फरक–फरक प्रभाव पर्दछ । विपद् हुनु अगावैको अवस्थामा समेत समाजका केही समूह तथा व्यक्तिहरु आर्थिक तथा सामाजिक हिसावले सीमान्तकृत भएका हुन्छन्। यसैले सङ्कटासन्नता लेखाजोखा, क्षमता विकास र स्रोत परिचालन गर्दा महिला, पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राखुपर्दछ । यी मुद्दालाई विशेष ध्यान पुऱ्याई उनीहरूको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्वोधन गर्नुपर्दछ । विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायको पहूँच, प्रतिनीधित्व र सक्रिय सहभागीताको सुनिश्चितता गर्नु पर्दछ ।

९. **सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरूः** योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी योजनामा समावेश गरिन्छ। अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरु निर्धारण गरिनु पर्दछ । अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ट गरी समयमै जानकारी गराएमा उनीहरूले आफ्ना योजनामा राख्न सक्छन्।

१०. **अनुगमन, मूल्याङ्कन तथा सिकाई योजनाः** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुई पटक गर्नु उपयुक्त हुन्छ (जस्तैः बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात, शीतलहर पूर्व र पश्चात, अन्य प्रकोपको हकमा विपद् पश्चात्)। योजना कार्यान्वयनको अवस्था र प्रभावकारिताको अनुगमन

आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धबार्षिक गर्न सकिन्छ। योजनाको कार्यान्वयनको बार्षिक मूल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ। प्रत्येक विषयक्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्याङ्कनको लागि आ–आफ्नो योजना बनाउनु पर्दछ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी तथा सिकाईहरू मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नु पर्नेछ । यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयमा कार्य गर्नेछ ।

## अनुसूची-८

## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र.सं. | नामथर | पद/ आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री बालकृष्ण बस्नेत | नगरपालिका प्रमुख/ नगर विपद् व्यवस्थापन समिति संयोजक | ९८५१०८८६७९ |
| २ | श्री मन्जु तामाङ | नगरपालिका उपप्रमुख | ९८६०२१९९१२ |
| ३ | श्री ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | ९८५१०४८७९२ |
| ४ | श्री आङदोर्जे शेर्पा | वडा अध्यक्ष वडा नं. १ | ९८५१०८२६१५ |
| ५ | श्री रेशम बहादुर तामाङ | वडा अध्यक्ष वडा नं. २ | ९८४३७५२७२७ |
| ६ | श्री जिवन कुमार भण्डारी | वडा अध्यक्ष वडा नं. ३ | ९८५१२१०१०८ |
| ७ | श्री शेखर भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | ९८४३५५५५९९ |
| ८ | श्री श्याम बहादुर तामाङ | वडा अध्यक्ष वडा नं. ५ | ९८५१०४६११० |
| ९ | श्री कुल बहादुर श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ६ | ९८४९७९८०६५ |
| १० | श्री ङिमा शेर्पा | वडा अध्यक्ष वडा नं. ७ | ९८६७०६२६१४ |
| ११ | श्री बिमल पौडेल | वडा अध्यक्ष वडा नं. ८ | ९८५१३३६४०८ |
| १२ | श्री कृष्ण बहादुर राय | वडा अध्यक्ष वडा नं. ९ | ९८४३०९२३१४ |
| १३ | श्री राजाराम पण्डित | नेपाली सेना ईन्द्रध्वज ख गुल्म जलेटार | ९८६७०६८६०४, |
| १४ | श्री जगत दुवाल | प्रतिनिधि सशस्त्र प्रहरी बल नेपाल बेसक्याम्प लामोसाधु | ९८५१२७१३१८ |
| १५ | श्री सुमेश पाण्डे | नेपाल प्रहरी | ९८४१२९१७४४ |
| १६ | श्री भलाकाजी राई | शाखा प्रमुख/प्रतिनिधि | ९८४१५४४२५६ |
| १७ | श्री विकाश पौडेल | योजना शाखा प्रमुख | ९८४१९४७८५१ |
| १८ | श्री बुद्दराज बस्नेत | उद्योग वाणिज्य संघ प्रतिनिधि | ९८५१०९१००१ |
| १९ | श्री हेमन्त श्रेष्ठ | रेडक्रस सोसाइटी प्रमुख/प्रतिनिधि | ९८४१९०१९२३ |

| क्र.सं. | नामथर | पद/ आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|
| २० | श्री सीता दहाल | स्वास्थ्य शाखा जनस्वास्थ्य अधिकृत | ९८५११२२२४१ |
| २१ | श्री रोहित भट्ट | शिक्षा शाखा प्रमुख | ९८४८४९७३५६ |
| २२ | श्री दुर्गा प्रसाद भण्डारी | विपद् जोखिम न्यूनीकरण सम्पर्कव्यक्ति | ९८४९९४७३२० |

## अनुसूची-९

## विषयक्षेत्र समूह (Cluster) र पदाधिकारीहरूको विवरण

| क्र.सं | विषयक्षेत्र | नामथर | पद | आवद्ध निकाय/कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | समग्र व्यवस्थापन, खोज तथा उद्धार | श्री बालकृष्ण बस्नेत | प्रमुख | बाह्रविसे नगरपालिका | ९८५१०८८६७९ |
| | | श्री मन्जु तामाङ | उप प्रमुख | बाह्रविसे नगरपालिका | ९८६०२१९९१२ |
| | | श्री ईश्वरीप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | बाह्रविसे नगरपालिका | ९८५१०४८७९२ |
| | | श्री राजाराम पण्डित | क्याप्टेन | नेपाली सेना | ९८६७०६८६०४ |
| | | श्री जगत दुवाल | सशस्त्र प्रहरी निरीक्षक | APF | ९८५१२७१३१८ |
| | | श्री सुमेश पाण्ढे | प्रहरी निरिक्षक | नेपाल प्रहरी | ९८४१२९१७४४ |
| | | श्री हेमन्त श्रेष्ठ | सभापति | नेपाल रेडक्रस सोसाईटी | ९८४१९०१९२३ |
| २ | जोखिम पूर्वानुमान तथा सूचना समूह | श्याम बहादुर तामाङ | वडा अध्यक्ष | वडा नं. ५ | ९८५१०४६११० |
| | | ज्ञानेन्द्र महत | सूचना अधिकृत | बाह्रबीसे नपा | ९८४१९६४९७८ |
| | | दुर्गा प्रसाद भण्डारी | विपद् सम्पर्क अधिकारी | बाह्रबीसे नगरपालिका | ९८४९९४७३२० |
| | | विकास चालिसे | फिल्ड सहायक (पञ्जिकरण) | बाह्रबीसे नगरपालिका | ९८५११८८६७७ |
| | | विकास पौडेल | सूचना प्रविधि अधिकृत | बाह्रबीसे नगरपालिका | ९८४१९४७८५१ |
| | | रोहित भट्ट | शिक्षा अधिकृत | बाह्रबीसे नगरपालिका | ९८४११५७९८३ |
| | | राजकुमार पौडेल | स्वास्थ्य शाखा प्रमुख | बाह्रबीसे नगरपालिका | ९८५११४३५३८ |
| | | हेमन्त श्रेष्ठ | नेपाल रेडक्रस सोसाइटि | सदस्य | ९८४१९०१९२३ |

| क.सं | विषयक्षेत्र | नामथर | पद | आवद्ध निकाय/कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| | | सीता भुजेल | संघसंस्था प्रतिनिधि (प्रतिवद्ध परियोजना) | सदस्य | ९८६५९९१८४८ |
| ३ | खाद्य तथा पोषण | श्री बिमल प्रसाद पौडेल | वडा अध्यक्ष | नगर प्रवक्ता | ९८५१३३६४०८ |
| | | श्री बुद्दराज बस्नेत | अध्यक्ष | उद्योग वाणिज्य संघ | ९८५१०९१००१ |
| | | श्री पिताम्बर घिमिरे | पशु विकास अधिकृत | पशु शाखा | ९८४१९१८८७३ |
| | | गजेन्द्र कुमार सार्की | ना.प.से.प्रा. | कृषि शाखा | ९८६८५४८७०१ |
| | | श्री हेमन्त श्रेष्ठ | सभापति | नेपाल रेडक्रस सोसाईटी | ९८४१९०१९२३ |
| | | | | | |
| ४ | स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | श्री कृष्ण बहादुर राय | वडा अध्यक्ष | वडा नं. ९ | ९८४३०९२३१४ |
| | | शेखर बहादुर भण्डारी | वडा अध्यक्ष | वडा नं. ४ | ९८४३५५५५९९ |
| | | श्री राज कुमार पौडेल | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | ९८५११४३५३८ |
| | | श्री सुरेन्द्र नेपाल | ईन्जिनियर | पूर्वाधार विकाश शाखा | ९८६१३४५०५२ |
| | | | | | |
| ५ | आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन, गैर खाद्य सामागी र संरक्षण | श्री श्याम बहादुर तामाङ | वडा अध्यक्ष | ५ नं वडा कार्यालय | ९८५१०४६११० |
| | | कुल बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ६ नं वडा कार्यालय | ९८४९७९८०६५ |
| | | श्री गेद कुमारी कार्की | का.पा.सदस्य | वडा नं. ५ | ९८४६९५६१७६ |
| | | श्री सुमेश पाण्डे | प्रहरी प्रमुख | ईलाका प्रहरी बाहविसे | ९८५१२२३४९८३ |
| | | श्री ज्ञानेन्द्र महत | प्रशासन अधिकृत | बाहविसे नगरपालिका | ९८४१९६४९७८ |

| क.सं | विषयक्षेत्र | नामथर | पद | आवद्ध निकाय/कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| | | | | प्रतिनिधि | |
| | | श्री सुमित्रा भट्टराई | शाखा प्रमुख | महिला बिकास | ९८४९३४०९९३ |
| | | श्री दुर्गा प्रसाद भणडारी | शाखा प्रमुख | सामाजिक बिकास /विपद् सम्पर्क व्यक्ति | ९८४९९४७३२० |
| | | श्री राजाराम पण्डित | नेपाली सेना | ईन्द्रध्वज ख गुल्म जलेटार | ९८६७०६८६०४, |
| | | श्री जगत दुवाल | प्रमुख शस्त्र प्रहरी बल | | ९८५१२७१३१८ |
| | | श्री सुमेश पाण्डे | नेपाल प्रहरी | नेपाल प्रहरी | ९८४१२९१७४४ |
| | | श्री हेमन्त श्रेष्ठ | सभापती | नेपाल रेडक्रस सोसाइटी शाखा | ९८४१९०१९२३ |
| | | श्री ईश्वरी श्रेष्ठ | कार्यालय | उद्योग वाणिज्य संघ | ९८५११५९७७० |
| ६ | शीघ्र पुनर्लाभ | श्री रेशम बहादुर तामाङ | वडा अध्यक्ष | १ नं.वडाकार्यालय | ९८४३७५२७२७ |
| | | श्री जिवन कुमार भण्डारी | वडा अध्यक्ष | ३ नं.वडाकार्यालय | ९८५१२१०१०८ |
| | | श्री ङिमा शेर्पा | वडा अध्यक्ष | ७ नं.वडाकार्यालय | ९८६७०६२६१४ |
| | | श्री सुरेन्द्र नेपाल | बाह्रविसेनगरपालिका | प्राविधिक शाखा प्रमुख | ९८६१३४५०५२ |

## अनुसूची-१०

### जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूहको कार्यसूची

१। जल तथा मौसम विज्ञान विभागबाट प्राप्त नियमित मौसम पूर्वानुमान, समय-समयमा जारि हुने विषम मौसम तथा यसको प्रभाव सम्बन्धी पूर्वानुमान र चटयाङ, आँधीहुरी, असिना, बाढी, पहिरो, खडेरी लगायतका प्रकोपको बारेमा पूर्वानुमान र अन्य उपयुक्त सूचना प्राप्त गर्ने । अन्य विभागबाट प्राप्त हुने भूकम्प, आगलागी, रोगब्याधी, विभिन्न प्रकोपसम्बन्धी जानकारी प्राप्त गर्ने ।

२। समुदाय तथा नगरपालिकाको विभिन्न भौगोलिक क्षेत्रमा बाढी, पहिरो, रोगव्याधी, सडक दुर्घटना, आगलागी लगायतका प्रकोपको समय-समयमा अनुगमन, नियमित निगरानी र सो को आधारमा जोखिम पूर्वानुमान तथा सूचना संप्रेषणको समन्वय र सहयोग गर्ने ।

३। जल तथा मौसम विज्ञान विभाग, अन्य विभाग तथा निकाय, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र नगरपालिकाको विभिन्न समुदाय तथा भौगोलिक क्षेत्रमा अनुगमन गरी प्राप्त हुने सूचनाको विश्लेषण गरी नगरपालिका, समुदाय तथा विभिन्न विषयक्षेत्रमा पर्न सक्ने असर/प्रभावको आँकलन गर्ने । संभावित असर/प्रभाव कम गर्न तथा बचावटका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा सुझाव, निर्देशन तयार गर्ने ।

४। सम्बन्धित निकाय, समुदाय र सरोकारवालाहरूले अपनाउनु पर्ने सावधानी तथा अन्य पूर्वतयारी सम्बन्धी सुझाव र निर्देशन सहितको जानकारी, सूचना नगरपालिकाको शाखा, वडा, समुदाय स्तरका कार्यदल, सरकारी, निजी तथा गैसस लगायतका संघसंस्था, निकायलाई समयमै संप्रेषण गर्ने ।


५। नगरपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना संप्रेषण संयन्त्र तयार गर्न र परिचालन गर्न आवश्यक नेतृत्व र सहयोग गर्ने ।


६। नगरपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना संप्रेषण सम्बन्धी अध्ययन, तालिम, घटना अभ्यास गर्ने, गराउने ।


७। नगरपालिका/स्थानीय विपद् व्यवस्थापन समिति र नगरपालिकाले अनुरोध गरेका यस विषयक्षेत्र सम्बन्धी अन्य कार्यहरू गर्ने ।


## अनुसूची-११

## सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन





N
कर्थली र रातोभीर
भेला स्थल
अस्थायी भेला स्थल
बस्ती
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
पुरानो गाउँ भेला स्थल (अस्थायी)
रातोभिर
कर्थली
गैरा बारी भेला स्थल
देवीथान भेला स्थल
प्रतिबद्ध
0 100 200 m



नेपाली टोल र भीरकुना
भेला स्थल
पहिरो
बस्ती
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
भेला स्थल
भीरकुना
नेपाली टोल
भेला स्थल
0
100
200 m




नाँगे डाँडा, कांगसिङ्ग, गुम्बेडाँडा, सिरूपखा-मैसांग र निगाले
बस्ती
भेला स्थल
पहिरो
मंदिर
मान्छे हिंड्ने बाटो
गाडी चल्ने बाटो
भेला स्थलको क्षेत्र
गुम्बे डाँडा
मैसिङ्ग
पहिरो
निगाले
कांगसिङ्ग
नाँगे डाँडा
पहिरो
पहिरो
मंदिर
भेला स्थल
0
200
400 m
प्रतिबद्ध




सानो बालुवा, सीस्ने गैरै
र शमशेर डाँडा
बस्ती
भेला स्थल
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
सानो बालुवा
सीस्ने गैरै
शमशेर डाँडा
भेला स्थल
0
200
400 m
प्रीतिबद्ध



N
बुगाम र खानीगाउँ
भेला स्थल
बस्ती
गाडी चल्ने बाटो
भेला स्थलको क्षेत्र
मान्छे हिंड्ने बाटो
भेदिखोर (बुगाम)
भेला स्थल
भेला स्थल
खानी गाउँ
प्रतिबद्ध
0 100 200 m





N
डाँडाकटेरी र सोताङ
बस्ती
भेला स्थल
विद्यालय
मान्छे हिंड्ने बाटो
गाडी चल्ने बाटो
भेला स्थलको क्षेत्र
डाँडा कटेरी
श्री सेती देवी विद्यालय
भेला स्थल
श्री बाल हित विद्यालय
भेला स्थल
सोताङ
प्रतिबद्ध
0
100
200 m



N
भेला स्थल मन्द्रा
M
मानेडाँडा र मन्द्रा
बस्ती
भेला स्थल
गाडी चल्ने बाटो
भेला स्थलको क्षेत्र
भेला स्थल
माने डाँडा (दलित टोल)
प्रतिबद्ध
0
200
400 m


N
सिरिसे
Araniko Highway
भेला स्थल
कुखुरे
श्री सात कन्या सेती देवी मंदिर
Koshi River
भेला स्थल
टार
Koshi River
प्रतिबद्ध
सिरिसे र कुखुरे
बस्ती
भेला स्थल
मंदिर
टार
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
0
80
160 m



कल्लेरी, कसेरी र किसनडोर्जे
बस्ती
भेला स्थल
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
किसानडोर्जे
कसेरी
भेला स्थल
कल्लेरी , मोत्कान टोल
भेला स्थल
सात कन्या सेती देवी मंदिर
0
100
200 m



N
आरुचे र हुनडूँग
बस्ती
भेला स्थल
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
आरुचे
भेला स्थल
हुनडूँग
Shree Basuki Devi Basic School
0
100
200 m


सखुवा, नागपूजे, भीरथप्लो र भीरखर्क
पहिरो
भेला स्थल
बस्ती
स्वास्थ्य चौकी
गाडी चल्ने बाटो
भेला स्थलको क्षेत्र
एकीकृत बस्ती
एकीकृत वस्ती
भेला स्थल
सखवा
भेला स्थल
नागपूजे
स्वास्थ्य चौकी
भीरखर्क
भीरथप्लो
0
200
400 m
प्रतिबद्ध
Kauley Khola
Koshi River
Araniko Highway
Borderlands Resort




कोलबारी घट्टेखोला, डाँडा गाउँ र खनियाबास
विद्यालय
बस्ती
भेला स्थल
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
तङ्गसार
कोलबारी घट्टेखोला
भेला स्थल
डाँडा गाउँ
विद्यालय
भेला स्थल
खनियाबास
प्रतिबद्ध
0
100
200 m


मथिल्लो मानेस्वरा र सिलामबारी
बस्ती
बग्ने क्षेत्र
भेला स्थल
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
पहिरो
पहिरो जोखिम स्थान
माथिल्लो मानेस्वरा
भेला स्थल
सिलाम बारी
पहिरो बग्ने स्थान
भेला स्थल
प्रतिबद्ध
0
100
200 m



धिमिरे छाप र पौडेल गाउँ
भेला स्थल
घुमाउ
बस्ती
पहिरो
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
पहिरो
धिमिरे छाप
भेला स्थल
पौडेल गाउँ
घुमाउ
भेला स्थल
0
60
120 m
प्रतिबद्ध



ओखरबोटे, कुकुरगाडे र तल्लो भट्टे
पहिरो
भेला स्थल
खोल्सी
बस्ती
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
कुकुरगाडे
भेला स्थल
तल्लो भट्टे
खोल्सी
ओखरबोटे
भेला स्थल
0
100
200 m
प्रतिबद्ध

विपद् न्यूनिकरणको लागि थप उपायहरुः-

## विपद् न्यूनिकरणका उपायहरू

| क्र. सं. | कार्य गर्न उपयुक्त महिना | सन्देशहरू | उपायहरु |
|---|---|---|---|
| १ | बैशाख | जहा पहिरोः दुःखको ओईरो | सडक छेउ घर तथा बस्ती माथिका नाली सफा गर्ने |
| | | | भाक्सीहरुमा सुरक्षित पुर्ने पानी पस्न नदिने |
| | | | टोल बस्ती वडा र पालिकामा जोखिम न्यूनिकरणको योजना तर्जुमा अध्यावधिक गर्ने गराउने |
| २ | जेष्ठ | भए र पहिरो बारे जानकारः बन्नेछ सुरक्षित वासस्थानको आधार | सुरक्षित स्थापनाको पहिचान तथा ब्यवस्पन गर्ने। |
| | | | सामुदायिक स्वयंसेवकको विवरणको सूची अद्यावधिक गर्ने |
| | | | खोज उद्दार लागि आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउने |
| | | | जोखिम स्थानको निगरानी गर्ने |
| | | | कुलो खोला खोल्सी सफा गर्ने। |
| | | | बस्ती माथिबाट भलकुलाहरु तर्काउने। |
| ३ | असार | विपद् पूर्वतयारीः व्यक्ति र परिवारको जिम्मेवारी | घर वरपर पहिरो जानसक्ने स्थानमा निगरानी गर्ने |
| | | | खोज तथा उद्दारकर्मीहरुसंग समन्वय गरि तयारी अवस्थामा रहने। |
| | | | खोलामा पानीको बहावबारे चनाखो हुने |
| | | | मौसम पूर्वानुमान बारे चनाखो हुने |
| | | | असुरक्षित वस्तिलाई सुरक्षित स्थानमा सर्ने र सार्ने। |
| | | | सामाजिक सुरक्षा भत्ता वर्षा हुनु अधिनै सुरक्षित किस्ता लिन सचेत गर्ने गराउने। |
| ४ | श्रावण | समयमै विपद् पूर्वतयारीका कार्य गरौः सम्भावित जीउधनको क्षति घाटाऔं | आवश्यकता अनुसार खोज तथा उद्दार कार्यमा सहयोग गर्ने |
| | | | जोखिम क्षत्रहरुमा नियमित निगरानी गर्ने। |
| | | | सरोकारवालाहरुसंग नियमित सम्पर्कमा रहन सहयोग गर्ने |
| | | | सामाजिक सुरक्षा अद्यावधिक साथै नविकरण गराउने |
| ५ | भाद्र | पहिरो बुझौं जोखिम घाटाऔं | पहिरो प्रभावितलाई स्थायी वसोवासको लागि पहल गर्ने |
| | | | जोखिम वरपरका स्थानहरुमा पहिरो तथा अन्य जोखिम बारे जानकारी राख्ने |
| | | | अस्थायी आश्रय तथा शिविर भएको स्थानमा आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्ने |
| | | | विपद्का तथ्यांक एकीन गरी संकलन गर्ने। |
| | | | विपद्द्वारा मानशिक सन्तुलन गुमाएकाहरुलाई मनोसामाजिक परामर्श गराउने |
| | | | सामाजिक सुरक्षा अद्यावधिक साथै नविकरण गराउने |
| ६ | असोज | विपद् पछिको प्रतिकार्य | अस्थायी स्थानान्तरण भै आएकाहरुलाई पुनर्निर्माण तथा पुनर्स्थापना गर्न पहल गर्ने |
| | | | पहिरोले क्षेती पारेका संरचनाहरुलाई सम्भार गर्ने |
| | | | जोखिम न्यूनिकरणको काम गर्ने |
| ७ | कार्तिक | पहिरो बुझौ जोखिम घाटाऔं | मनसुनले गर्दा जोखिममा परेहेका स्थानहरुमा जोखिम न्यूनिकरणको काम गर्ने |
| | | | पहिरो प्रभावितको पुनर्थापनाका काम थाल्ने |
| | | | विकास निर्माणको कार्य गर्दा प्राविधिकको सहयोग लिई कार्यान्वयन गर्ने |
| ८ | मंसिर | भीर पाखाको रक्षा, जीवनको सुरक्षा | पहिरोले पारेको क्षति अद्यावधिक गर्ने र प्राथमिकिकरण गर्ने। |
| | | | पहिरो र पारेको असर बारे गरेका कार्यको समिक्षा गर्ने। |
| | | | विकास निर्माणको कार्य गर्दा प्राविधिकको सहयोग लिई कार्यान्वयन गर्ने। |
| ९ | पुष | मापदण्ड बमोजिमका सडक पूर्वाधार दिगो र सुरक्षित सडक सेवाको आधार | वडा स्तर विपद् जोखिम व्यवस्थापनको लागि योजना तर्जुमा गर्ने। |
| | | | विकास निर्माणको कार्य गर्दा प्राविधिकको सहयोग लिई कार्यान्वयन गर्ने। |
| | | | पहिरो जोखिम न्यूनिकरणको लागि टेवा पर्खाल नाली जस्ता संरचना निर्माण गर्ने |
| | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी तालिम ब्यवस्था गर्ने |
| १० | माघ | पहिरो जोखिम घटाउः जीवन बचाऔं | पहिरो जोखिम न्यूनिकरणको लागि टेवा पर्खाल नाली जस्ता संरचना निर्माण गर्ने |
| | | | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी तालिम ब्यवस्था गर्ने |
| ११ | फाल्गुण | बस्ती आसपास बग्ने पानीः व्यवस्थित नगरे गर्छ हानी | विपद् जोखिम बस्ती संरक्षणको लागि पैरवि गर्ने र सचेत गराउने |
| | | | जोखिम न्यूनिकरणको लागि संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गर्ने गराउने |
| | | | DPRP अद्यावधिक गर्ने गराउने |
| | | | जैविक प्रविधीबाट जोखिम घटाउन पहल गर्ने। |
| १२ | चैत्र | भीर पाखाको रक्षाः जीवनको सुरक्षा | पहिरो जोखिम सम्बन्धी पूर्व तयारी गर्ने |
| | | | सुरक्षित स्थापनको पहिचान गरिराख्ने। |
| | | | खोज उद्दार लागि तालिमको ब्यवस्था गर्ने |
| | | | खोज तथा उद्दार सामाग्रीहरुको जोहो गर्ने |

विपद् घटना घट्दा र जोखिम क्षेत्रमा बसोवास गर्ने निम्न बमोजिम बस्तिका परिवार लाई निम्न बमोजिमको सुरक्षित स्थान छनौटको विवरणर

| क्र.सं. | जो खममा रहेका बस्तीको नाम | पा लका | वडा | जो खम हुने घरधुरी | वर्गीकरण | खुल्ला क्षेत्र |
|---|---|---|---|---|---|---|
| 1 | सिमखर्क-उतिसे | बार्हबिसे | 1 | १० | III | आमादिङ स्वास्थ्यचौकी प्राङ्गण |
| 2 | खहरे गुरुङटोल | बार्हबिसे | २ | 1 | III | बसेरीको सुरक्षित क्षेत्र |
| 3 | सिस्ने-दुरुम्थली | बार्हबिसे | 2 | ६ | III | दुरुमथली गुम्बा प्राङ्गण |
| 4 | रुम्टा | बार्हबिसे | ५ | 8 | III | खाग्दल माथिको टार |
| 5 | खाग्दल | बार्हबिसे | ५ | 22 | III | पुनर्वास गराएको |
| 6 | ताङ्सार | बार्हबिसे | ७ | 14 | III | पुनर्वास गराएको |
| 1 | आमादिङ्ग | बार्हबिसे | 1 | ५ | II | आमादिङ स्वास्थ्यचौकी प्राङ्गण |
| 2 | आमखर्क | बार्हबिसे | 1 | ४ | II | आमादिङ स्वास्थ्यचौकी प्राङ्गण |
| 3 | चालिसे(घट्टेखोला पहिरो) | बार्हबिसे | २ | 32 | II | बुदेपा फाँट क्षेत्र |
| 4 | थामी टोल (बुडेपा) | बार्हबिसे | २ | 10 | II | ईश्वरीमाला आ.वि. प्रांगण |
| 5 | कर्थली | बार्हबिसे | २ | 200 | II | ने.रा.मावि प्रांगण कर्थली र मन्दिर क्षेत्र |
| 6 | रातो भीर | बार्हबिसे | २ | 13 | II | देविस्थान मन्दिर क्षेत्र |
| 7 | रिपार | बार्हबिसे | २ | 12 | II | लेख खर्क |
| 8 | श्याङसिङ | बार्हबिसे | २ | 15 | II | लेख खर्क |
| 9 | बेथु नेवार टोल थामी टोल | बार्हबिसे | २ | 20 | II | बुदेपा फाँट क्षेत्र |
| 10 | डाडाटोल गोले टोल | बार्हबिसे | २ | 45 | II | यार्साको सुर क्षत क्षेत्र |
| 11 | पात्ले वस्ती | बार्हबिसे | २ | 17 | II | वडा कार्यालय |
| 12 | बगर | बार्हबिसे | 2 | २५ | II | बुदेपा फाँट क्षत्र |
| 13 | स्याङ्गसिङ् | बार्हबिसे | 2 | १७ | II | स्याङसिङको उत्तरी भेगमा वनेको भवन |
| 14 | जिरेलटोल | बार्हबिसे | 2 | १३ | II | सामुदायिक भवन |
| 15 | सिम्ले | बार्हबिसे | 2 | ८० | II | सिम्लेको सुरक्षित क्षत्र |
| 16 | कार्थली पुछार (भण्डारी टोल ) | बार्हबिसे | 2 | ६ | II | राष्ट्रिय मावि प्राङ्गण |
| 17 | गोम्बे डाँडा | बार्हबिसे | ३ | 8 | II | भुगदेउ नारायण स्थान मन्दिर प्राङ्ण |
| 18 | सिरुपाखा मैसीङ | बार्हबिसे | ३ | 6 | II | भुगदेउ नारायण स्थान मन्दिर प्राङ्ण |
| 19 | खानी गाउँ (नेवा टोल, थिङ टोल, लामा टोल) | बार्हबिसे | ३ | 43 | II | ठुलो बालुवा |
| 20 | निगाले | बार्हबिसे | ३ | 17 | II | ठुलो बालुवा |

| क्र.सं. | जो खममा रहेका बस्तीको नाम | पा लका | वडा | जो खम हुने घरधुरी | वर्गीकरण | खुल्ला क्षेत्र |
|---|---|---|---|---|---|---|
| 21 | सानो बालुवा | बार्हबिसे | ३ | 25 | II | ठुलो बालुवा |
| 22 | सिस्ने गैरो | बार्हबिसे | ३ | 2 | II | कुवापानी पिङहाल्नेडाडाको सुरक्षित क्षेत्र |
| 23 | सम्शेर डाँडा | बार्हबिसे | ३ | 4 | II | कुवापानी पिङहाल्नेडाडाको सुरक्षित क्षेत्र |
| 24 | नेपाली टोल | बार्हबिसे | ३ | 11 | II | कुवापानी पिङहाल्नेडाडाको सुरक्षित क्षेत्र |
| 25 | भीरकुना | बार्हबिसे | ३ | 9 | II | कुवापानी पिङहाल्नेडाडाको सुरक्षित क्षेत्र |
| 26 | नाङ्गे डाँडा | बार्हबिसे | ३ | 14 | II | चिलाउने घारी |
| 27 | काङस्योङ् (काङसिङ्) | बार्हबिसे | ३ | 5 | II | भुगदेउ नारायण स्थान मन्दिर प्राङ्ण |
| 28 | खोर्सानी डाँडा (भण्डारी टोल) | बार्हबिसे | 3 | ९ | II | नारायण आवि प्राङ्गण |
| 29 | सानोपलाती सुनकोशी सिम्भुवन पहिरो | बार्हबिसे | 4 | १३ | II | नमुना सिमसार आवि प्राङ्गण |
| 30 | सानी पलाती बाहुनगाउँ | बाह्रविसे | ४ | 15 | II | सल्ले फाँट, स्वमिङपुल क्षेत्र |
| 31 | साधिखोल्चा नयाँ खानी वस्ती | बाह्रविसे | ४ | 11 | II | सल्ले फाँट, स्वमिङपुल क्षेत्र |
| 32 | पुरानो बजार क्षेत्र | बाह्रविसे | ४ | 25 | II | पाखा टोलको सुरक्षित क्षेत्र |
| 33 | बुगाम (भेडीगोठ) | बार्हबिसे | ५ | 14 | II | सिमसार आविको प्राङ्गण |
| 34 | कसेरी | बार्हबिसे | ५ | 120 | II | मन्दिर आसपासको क्षेत्र |
| 35 | कुखुरे | बार्हबिसे | ५ | 20 | II | ढाडको मन्दिर आसपास क्षेत्र |
| 36 | कल्लेरी (मोक्तान टोल) | बार्हबिसे | ५ | 9 | II | ढाडको मन्दिर आसपास क्षेत्र |
| 37 | माथिल्लो सिगार्चे | बार्हबिसे | ५ | 63 | II | काभ्रे फाँटको सुरक्षित क्षेत्र |
| 38 | किसनदोर्जे | बार्हबिसे | ५ | 13 | II | किसनदोर्जेको मानेडाडा क्षेत्र |
| 39 | गुन्सा | बार्हबिसे | ५ | 22 | II | गणेशडाडा क्षेत्र |
| 40 | काभ्रे | बार्हबिसे | ५ | 25 | II | सिगार्चे मन्दिर सेल्टर भवन |
| 41 | खोराङ | बार्हबिसे | ५ | 65 | II | पिपलवोट आसपासको सुरक्षित क्षेत्र |
| 42 | तल्लो सिगार्चे | बार्हबिसे | ५ | 18 | II | सिगार्चे मन्दिर सेल्टर भवन |
| 43 | जम्बु | बार्हबिसे | ५ | 52 | II | बा.न.पा.८ को जम्बु फाँट |
| 44 | सिरिसे | बार्हबिसे | ५ | 19 | II | खाग्दल माथिको टार |
| 45 | सोताङ | बार्हबिसे | ६ | 58 | II | बालहित आ.वि.को प्राङ्गण |
| 46 | मान्द्रा | बार्हबिसे | ६ | 20 | II | सामुदायिक भवन मान्द्र प्राङ्गण |
| 47 | साख्वा | बार्हबिसे | ६ | 42 | II | सखुवा सामुदायिक भवन प्राङ्गण |

| क्र.सं. | जो खममा रहेका बस्तीको नाम | पा लका | वडा | जो खम हुने घरधुरी | वर्गीकरण | खुल्ला क्षेत्र |
|---|---|---|---|---|---|---|
| 48 | मानेडाँडा (दलित टोल) | बार्हबिसे | ६ | 11 | II | बंगुर फर्म आसपासको सुरक्षित क्षेत्र |
| 49 | डाँडा कटेरी | बार्हबिसे | ६ | 65 | II | स्वास्थ्य चौकी र सेतिदेवी आ.वि.को प्राङ्गण |
| 50 | नागपुजे | बार्हबिसे | ७ | 120 | II | स्वास्थ्यचौकी पुर्व पट्टीको क्षेत्र |
| 51 | आरुचे | बार्हबिसे | ७ | 13 | II | हुन्नुङको सुरक्षित क्षेत्र |
| 52 | हुन्डुङ | बार्हबिसे | ७ | 32 | II | हुन्नुङको सुरक्षित क्षेत्र |
| 53 | भीरखर्क | बार्हबिसे | ७ | 57 | II | स्वास्थ्यचौकी पुर्व पट्टीको क्षेत्र |
| 54 | भीरथाप्लो | बार्हबिसे | ७ | 20 | II | स्वास्थ्यचौकी पुर्व पट्टीको क्षेत्र |
| 55 | डाँडागाउँ | बार्हबिसे | ७ | 150 | II | पंचकन्या आवि प्राङ्गण डाडागाउँ |
| 56 | खनियाबास | बार्हबिसे | ७ | 65 | II | पंचकन्या आवि प्राङ्गण डाडागाउँ |
| 57 | कोलबारी (घट्टेखोला) | बार्हबिसे | ७ | 6 | II | केम्पेगैरो बस्ती क्षेत्र |
| 58 | अमलडाँडा | बार्हबिसे | 7 | ५ | II | स्यामसाधु |
| 59 | देउराली/घलंसा | बार्हबिसे | 7 | ७५ | II | विद्यालय प्राङ्गण |
| 60 | थगम तामांग बस्ति | बार्हबिसे | 7 | २५ | II | थगाम गुम्बा प्राङ्गण |
| 61 | थगम दलित बस्ति | बार्हबिसे | 7 | ११ | II | थगामको सुरक्षित क्षत्र |
| 62 | घिमिरेछाप | बार्हबिसे | ८ | 50 | II | घुमाङकोट क्षेत्र / घिमिरेछाप सुरक्षित क्षेत्र |
| 63 | पौडेल टोले | बार्हबिसे | ८ | 6 | II | घुमाङकोट क्षेत्र |
| 64 | सिलामबारी | बार्हबिसे | ८ | 5 | II | सेतिदेवी आवि प्राङ्गण |
| 65 | मानेस्वारा (माथिल्लो गाउँ) | बार्हबिसे | ८ | 100 | II | गुम्बा आसपास |
| 66 | झाँक्रीटोल | बार्हबिसे | ८ | २५ | II | महाकाली निमावि प्राङ्गण |
| 67 | तल्लो भट्टे | बार्हबिसे | ९ | 15 | II | चम्पाखर्क |
| 68 | ओखरबोटे | बार्हबिसे | ९ | 12 | II | चम्पाखर्क , सेराफाँटको खुल्लाक्षेत्र |
| 69 | कुकुरगाडे (तामाखानी) | बार्हबिसे | ९ | 16 | II | चम्पाखर्क |
| 70 | कुवापानी मानेडाँडा बस्ति | बार्हबिसे | ९ | ५ | II | सरस्वती मावि प्राङ्गण |

विपद् जन्य घटना घट्नासाथ ईलाका प्रहरी स्थानिय जनप्रतिनिधिहरुको टोलिले भरिने

प्रारम्भिक द्रुत लेखाजोखा गर्ने फर्मः

**सन्दर्भ सामग्री**

- नेपालको संविधान २०७२
- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- विगत पाँच वर्षको *(समूह छलफलको माध्यमबाट विगत तिस वर्ष वा सो भन्दा बढी अवधिका विपदका घटनाको अध्ययन तथा विश्लेषण)* विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु,
- मनसुनन्य विपद् पूर्वतयारी र प्रतिकार्य योजना २०७८,
- जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- नगरपालिका पार्श्वचित्र २०७५, नगरपालिको वार्षिक नीति, बजेट तथा कार्यक्रम २०८२/८३
- दिगो बिकास लक्ष्य २०३०